मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

घोषणापत्रका
५५ वर्ष

पूर्णाङ्क ४९, पुस २०६०
(December 2003)

संचेतना द्वैमासिक

जोखिममा मानवअधिकार रक्षक

रगत उस्तै, चाहना उस्तै
मेहनत छ समान

Equality on Power, Property and Dignity

समान काम, समान दाम, समान होस् सम्मान

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी स्युचाटार
पोष्ट बक्स नं. २७२६, काठमाण्डौ, फोन ४२७८७७०, फ्याक्स ४२७०५५१
e-mail : insec@insec.org.np, Web-site : www.insec.org.np

सहयोग
USAID
The Asia Foundation

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

प्राची

संचेतना दैमासिक

वर्ष १२, पूर्णाङ्क ४९, पुस २०६०

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
प्रकाश श्रावाली

आवरण/ले-आउट
गोविन्द त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा, इन्सेक

व्यवस्थापन
शैलेश शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेबसाइट : www.insec.org.np

मुद्रक
सुनकोशी छापाखाना प्रा. लि.
मैतिदेवी, काठमाडौं

चेतप्रकाशप्रति हार्दिक श्रद्धाञ्जलि

१



११ विश्वव्यापी घोषणापत्रका ५५ वर्ष

- मानवअधिकारको विश्वव्यापी घोषणापत्र कति सान्दर्भिक छ वर्तमान परिप्रेक्ष्यमा : १४
- नेपालमा घातक द्वन्द्व र शान्तिका प्रयासहरु २०
- द्वन्द्व र बालबालिका २५
- प्रत्याभूत मानवअधिकारको कार्यान्वयन पक्ष... २७
- द्वन्द्वका सामाजिक उपलब्धीहरु ३१
- महिला विरुद्धको हिंसा र सोह्र दिने अभियान ४१
- बेपत्ता : नागरिक अधिकारको हनन ४५
- बिग्रँदै गएको मानवअधिकार स्थिति र अन्तर्राष्ट्रिय चासो ४९

नियमित स्तम्भहरु

- लेन्सबाट २
- कार्टून र मानवअधिकार २
- आफ्नै इतिहास ४
- क्रिया-प्रतिक्रिया ४
- अध्यक्षको कलम ५
- महासचिवको पातो ७
- समय सन्दर्भ १८
- अधिकार अनुगमन ३७
- विविध ५३
- कविता ५४
- कथा ५४
- प्राची वार्ता ५५

लेन्सघाट/ विमलचन्द्र शर्मा

नेपालका विकट जिल्लाहरूमध्ये एक, बाजुरा जिल्लामा सरकार र माओवादीबीचको सशस्त्र द्वन्द्वका कारण दशैंअघिदेखि धेरै विद्यालयहरू बन्द भएका छन्। त्यसमध्ये कोटिला गाविसस्थित वागेश्वरी प्राविका प्रधानाध्यापक बृजेनबहादुर शाही विद्यालयमा आएका विद्यार्थीहरूलाई, अन्य शिक्षकहरू अनुपस्थित हुनुभएका कारण पढाई नहुने जानकारी गराउनुहुँदै।

कार्टून ट मानवअधिकार



निर्दोष मानिसहरु मारिने क्रम जारी छ।

१-१५ पुस २०६० को हिमाल खबरपत्रिकामा छापिएको कार्टून



धेरै, धेरै र धेरैचोटी भनिएको छ- 'मानवअधिकार र प्रजातन्त्र एकै सिक्काका दुई पाटा हुन्।' आज पनि भनिँदैन- 'मानवअधिकार र प्रजातन्त्र एउटै रथका दुई पांग्रा हुन्।' यस्तो कुरा पछि-पछिसम्म भनिनेछ। र, सधैं-सधैं भनिनेछ। प्रतिनिधिसभाको विघटन प्रजातन्त्रमाथिको खेलाँची थियो। र, त्यसैले आज नेपालमा मानवअधिकारमाथि पनि ठूलो प्रहार भएको छ।

प्रतिनिधिसभाको विघटनसँगै प्रजातन्त्रको स्थायित्वमाथि समेत प्रश्न उठ्यो। जनताको सार्वभौमिकतामाथिको आक्रमण थियो, प्रतिनिधिसभाको विघटन। सरकार जनताको सार्वभौमिकताको केन्द्रमाथिको प्रहारलाई उपयुक्त ठहऱ्याउन खोज्दैछ। तर, केवल व्याख्याले सत्यता लुकाउन सकिँदैन। तथ्यहरू आफैं बोलिरहेछन्- एउटा जननिर्वाचित प्रधानमन्त्रीद्वारा जनताउपर भएको कति ठूलो घात थियो प्रतिनिधि सभाको विघटन।

..... सम्पूर्ण तथ्यलाई नियाल्दा प्रष्ट हुन्छ- प्रतिनिधि सभाको विघटनद्वारा जनअधिकारमाथि ठूलो खेलाँची भयो, प्रजातन्त्रको उपहास भयो। विवेक प्रयोग गर्ने नाममा राजाबाट पनि पुनः जनताको उपहास भयो। हाम्रा जननिर्वाचित प्रधानमन्त्रीद्वारा राजालाई शक्तिशाली बनाउने काम समेत भयो। छयालीसले संवैधानिक घेराभित्र पुऱ्याइदिएको राजालाई प्रधानमन्त्रीद्वारा सक्रिय बनाउने भयंकर प्रयास हुँदैछ। र, आज जननिर्वाचित प्रधानमन्त्री घातको शिकार भएको छ नेपाली प्रजातन्त्र, नेपाली मानवअधिकार। नेपाली प्रजातन्त्र अप्ठ्यारोमा पुगेको छ, त्यसैले नेपालको मानवअधिकार पनि संकटग्रस्त हुन पुगेको छ।

- प्राची, साउन-भदौ, ०५१ बाट

क्रिया-प्रतिक्रिया

प्राची संचेतना द्वैमासिकको ०६० साउन अंकको पृष्ठ २ मा प्रकाशित कार्टून झलक र बिमलचन्द्र शर्माले खिच्नुभएको कमैया बालकको सहजै पीडा झल्कने तस्वीरले नेपालमा बालबालिकाको स्थिति छुर्लंग पारेको छ। मनै छुने सम्पादकीय एवम् अध्यक्षको कलम, महासचिवको पातोमा प्रस्तुत विचारमा घोत्लिँदा सम्पादक, अध्यक्ष र महासचिवज्यू राम्ररी जम्नुभएको देखिन्छ। अनुभूति स्तम्भमा सुशील प्याकुरेलले मानवअधिकारका अथक योद्धा प्रकाश काफ्लेलाई स्मरण गर्दै लेख्नुभएको लेखले नेपालको वर्तमान परिस्थितिमा प्रकाश काफ्लेको वास्तविक अपरिहार्यता महसुस भयो। बालबालिका बेचबिखनजस्तो गम्भीर अमानवीय व्यवहारको बारेमा लेख्नुहुने लेखनाथ भण्डारीको लेखबाट यससम्बन्धी विभिन्न जानकारी पाइयो। गौरी प्रधानको लेखबाट बालश्रमको समस्या र समाधानका उपायहरु पनि थाहा पाइयो। गरिबी र बालश्रम लेखमा गरिबीको दर्दनाक कथा, विवशता र त्यसबाट उत्पन्न बालश्रमको समस्याले राज्यलाई कति नालायक बनाइदिन्छ भन्ने भाव प्रस्तुत गर्नुहुने डा. निरञ्जनप्रसाद उपाध्यायको अनुवादित विषयवस्तुका लागि धन्यवाद।

घरेलु बालश्रमिकले भोग्नुपरेको अत्यन्त नमिठो कथालाई वास्तविकरुपमा उतार्न सफल भएका छन्, सिविसका महासचिव मिलन धरेल। सो लेखले झल्काएको नेपालमा घरेलु बालश्रमिकको अवस्था कहिले अन्त्य होला? अन्य लेखहरु पनि पठनीय छन्। सुधीर यादवको लघुकथा "इस्कूल" तराईका बालबालिकाको कथा उतार्न सफल छ। बिग्रँदै गएको बाल मनोविज्ञान वा हिंसात्मक द्वन्द्वबाट बालकमा परेको मनोवैज्ञानिक छाप उतार्न मञ्जु खनाल सफल हुनुभएको छ। पुस्तक परिचय, इन्टरनेटमा मानवअधिकार ठिक छ भने "छिस्स" स्तम्भ यो अंकमा नदेख्दा मन कुँडिएर आयो। यो स्तम्भ नहराओस् भन्ने चाहन्छु। प्राचीको पूर्ण सफलताको कामना।

- नानिबाबु घिमिरे

अध्यक्ष, मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब, सिर्थौली-४, सिन्धुली

प्राचीको यो अंक कस्तो लाग्यो ?

हामीलाई सल्लाह, सुझाव र प्रतिक्रिया लेख्न नबिर्सनुहोस् ।

पत्राचारका लागि हाम्रो ठेगाना

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

पो.ब.नं. २७२६, काठमाण्डौं, नेपाल

फोन : ४२७८७७०

फ्याक्स : ४२७०५५१

email : insec@insec.org.np

०६० पुस ९ गते मानवअधिकारकर्मी चेतप्रकाश खत्रीलाई बाँके जिल्लाको फत्तेपुर गाविस-८ मा हत्या गरियो। उहाँ इन्सेकको शान्ति अभियानका एक असल कार्यकर्ता हुनुहुन्थ्यो।

'शान्ति' शब्दमात्र होइन सम्पूर्ण व्यवहार हो। यसर्थ, शान्ति सबै सिद्धान्तहरूको आधार पनि हो। शान्तिको कुरा गर्दा त्यसभित्र सामाजिक न्याय, नागरिक स्वतन्त्रता, नागरिक हकका कुराहरू गाँसिएर आउँछन्। हाम्रो शान्ति अभियानले जनताको नेतृत्व र स्वामित्वलाई पथप्रदर्शक सिद्धान्तको रूपमा अंगिकार गरेको छ। यसर्थ, हामीले कानुनको शासन, सुशासन, मानवीय कानुन, जनताका न्युनतम् आवश्यकताको परिपूर्ति र उनीहरूको स्वतन्त्र जीवनयापनमा अहस्तक्षेपको आवश्यकतालाई यस्तै अभियानमा लाग्ने क्रममा बुझ्ने मौका पायौँ।

बाँके जिल्लाको राप्तीपारिका गाउँहरू हिंसात्मक द्वन्द्वका परिणामहरूबाट पीडित इलाका हो। जनता आफै शान्तिको मर्म बुझ्दछन् र शान्तिका लागि पहल गर्न सक्षम पनि हुन्छन् भन्ने कुराको प्रमाण खोज्न स्वर्गीय चेतप्रकाशको त्यही कर्मथलोमा गए थाहा पाइन्छ। त्यहाँको शान्ति अभियानमा सरकार र माओवादी दुवै बाधक थिएनन्। चेतप्रकाशको हत्याको घटनाको निन्दा गर्दै माओवादीद्वारा प्रेषित पुस १३ गतेको वक्तव्यले पनि यो कुराको पुष्टि गर्छ।

कसलाई शान्ति अभियानले बाधा हाल्यो त ? स्पष्ट छ, जो जनतालाई कमजोर, लाचार पारेर आफ्नो दुनो सोझ्याउन अनेकन अपराधिक क्रियाकलाप गर्छन्, तिनलाई यो अभियानले बाधा हाल्यो। तिनले यो अभियानका सहजकर्तालाई आफ्नो कारोबारको दुश्मन ठाने र उहाँलाई निर्दयतापूर्वक मारे। ती हत्याराहरूले के बुझेनन् भने, जनताको शान्ति अभियान व्यक्ति हत्याबाट आतंकित भएर रोकिन्न बरु झन् संगठित भएर अगाडि बढ्छ। एउटा निर्दोष, निष्पाप, निष्कलंक तन्नेरीको हत्याको पाप तिनीहरूको धुरीबाट कराउनेछ।

सरकारले यो बेलामा आफ्नो जिम्मेवारी कसरी निर्वाह गर्छ भन्ने कुरा अर्को ज्वलन्त प्रश्न हो। संसारभरिका मानवअधिकारकर्मी व्यक्ति र संस्थाहरूले चासो देखाइरहेको बेलामा पनि सरकारले आफ्नो जिम्मेवारी निर्वाह गरेन र अपराधीहरूलाई कानुनको कठघरामा उभ्याउन सकेन भने हामीले विश्वको स्तरमा चिच्याउनुपर्ने हुन्छ कि यो सरकार वास्तवमै असक्षम छ, नालायक छ, यसर्थ यसलाई राज्यको नेतृत्व गर्ने कुनै पनि नैतिक अधिकार छैन। र, शंका अरू पनि उब्जन सक्छ।

जनताको हक अधिकारको सम्मानका बारेमा धेरै शब्द खर्चिसकेका माओवादीहरूसँग हाम्रो आग्रह छ, हामी अपराधीलाई कानुनको कठघराभित्र देख्न चाहन्छौं। यो 'पुरानो सत्ता' र 'नयाँ सत्ता' बीचको द्वन्द्वमा जनतालाई पिस्ने बेला होइन। कृपया, यो काममा राज्यलाई मद्दत गरिदिनुहोस्। तपाईहरूबीचको द्वन्द्वलाई बहाना बनाएर दण्डहीनताको संस्कृतिलाई बढावा दिने दुष्कर्म हुन नपाओस्।

चेतप्रकाशको बलिदानलाई साक्षी राखेर इन्सेक परिवार प्रण गर्दछ- इन्सेक अभियान जनताको अभियान हो र यसको गति जस्तोसुकै अप्ठ्यारो परिस्थितिमा पनि अविरल जारी रहनेछ।

श्रद्धेय मित्र चेतप्रकाशप्रति हाम्रो यही बचनबद्ध श्रद्धाञ्जलि अर्पण गर्दछौं।

हाम्रो शोकलाई शक्तिमा बदल्न प्रेरणा र ढाडस दिनुहुने सबै-सबैलाई धन्यवाद ज्ञापन गर्दछौं।

शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

जनताको जय होस्।

सुबोधराज प्याकुरेल

अध्यक्ष

राजनीतिक निकासको लागि पार्टीहरूको भूमिका

सुबोधराज प्याकुरेल

"बहुमतको शक्ति वा अरु कुनै बलको भरमा गरिने थिचोमिचो, भेदभाव, घमण्ड र निरंकुशता हामीलाई विल्कुल मान्य छैन। हामी पनि राजनीति गर्छौं तर खुल्ला आकाशजस्तै व्यापक राजनीति हाम्रो कार्यक्षेत्र हो। बोलचालमा यसलाई मानवअधिकार-राजनीति भनिन्छ। हाम्रो राजनीतिको सार जनतालाई बलियो बनाउने कुरासँग नङ्ग-मासु जस्तैगरी गाँसिएको छ।"

लोकतन्त्रमा जनताका प्रतिनिधि भनेको राजनीतिक दलहरु नै हुन्छन्। यो उनीहरुको राजनीतिक, संवैधानिक एवम् नैतिक अधिकार र दायित्व दुवै हो। जनताको आलोचनाको घेराभित्र रहेका राजनीतिक दलहरुबाहेक अरु कसैले कुनै पनि बहानामा राज्यसत्ता, राजकीयसत्ता वा सार्वभौमसत्ताको दावा गर्ने कुरा हामीलाई मान्य छैन।

हामी हिंसा र दण्डहिनता दुवै कुरासँग कहिल्यै सम्झौता गर्दैनौं। बहुमतको शक्ति वा अरु कुनै बलको भरमा गरिने थिचोमिचो, भेदभाव, घमण्ड र निरंकुशता हामीलाई विल्कुल मान्य छैन। हामी पनि राजनीति गर्छौं तर खुल्ला आकाशजस्तै व्यापक राजनीति हाम्रो कार्यक्षेत्र हो। बोलचालमा यसलाई मानवअधिकार-राजनीति भनिन्छ। हाम्रो राजनीतिको सार जनतालाई बलियो बनाउने कुरासँग नङ-मासु जस्तैगरी गाँसिएको छ। मानवअधिकार र मानवीय कानुनका तमाम मान्यताहरुलाई जस्तोसुकै परिस्थितिमा पनि लागू गरिएकै हुनुपर्दछ। हामी जो-कोहीसँग बाझौं या जहाँकहीं झगडीया बनौं तर मान्छेहरु बाझेको, वौद्धिक तर्कहरु भिडेको जस्तो देखिनु पर्छ। जनता सबै द्वन्द्वका रेफ्री हुन्। फैसला सुनाउने अधिकार उनीहरुलाई मात्र छ।

नेपालको लोकतान्त्रिक आन्दोलन बाल्यावस्थामा छैन। आजको द्रुत गतिको इलेक्ट्रोनिक युगमा लोकतन्त्रलाई नेता वा पार्टीको निर्णयमात्रको पिंजरामा थुन्न पाइँदैन। पार्टीका नाम र नीति फेरिए। नेताहरु र उनीहरुका हैसियत फेरिए। तर, समग्र लोकतान्त्रिक आन्दोलन अविरल एवम् गतिशील छ।

पार्टी नेताहरु

जनतासँग सिकेर जनतामै पुऱ्याउने काममा तपाईंहरु लाग्नु भएको छ। संगठनमात्र होइन, संगठनहरुको पनि संगठन माउ-संगठनको तपाईंहरु अगुवा हुनुहुन्छ। दर्शन, सिद्धान्त एवम् आफ्ना कार्यनीतिलाई व्यवहार र कार्यशैलीमार्फत् पस्किने, आकर्षित गर्ने तथा जनताबाट निरन्तर शिक्षित हुने काममा तपाईंहरु खप्पीस हुनैपर्छ। जो जनताको असल गोरु बन्न तयार छैन, त्यसले राजनीतिबाट तुरुन्तै विदा लिनुपर्छ भन्ने हामीलाई लाग्छ।

अपहेलित, उपेक्षित तमाम जातजाति, लिंग, वर्ग, पेशाका बारेमा मानवअधिकारका सिद्धान्तहरु सुस्पष्ट छन्। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी), अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) र संयुक्त राष्ट्रसंघद्वारा पारित एवम् अभिलेखित दस्तावेजहरु यसका प्रमाण हुन्।

सबै पार्टीले मानवअधिकारका मान्यतालाई स्वीकार गरेका छन्। तर पनि चुक कहाँ हुनपुग्यो? हाम्रो अनुभवले छर्लंगसँग भन्छ, चुक व्यवहारमा भयो। जनताभन्दा सत्ता र नैतिकताभन्दा संख्यात्मक बलप्रतिको लालसाका कारण बारम्बार चुक हुन पुग्यो। सरल र स्पष्ट भाषामा जे गर्ने हो त्यही बोल्ने कुरामा चुक भयो। कानुन समाएर व्यवहार बिर्सने र व्यवहारका नाममा कानुन लत्याउनाले चुक भयो। संविधान भनौं या कानुन, त्यसलाई व्यवहारद्वारा संपुष्ट पार्ने कुरामा चुक भयो। हामीसमक्ष ज्वलन्त उदाहरण छ, निरीह बनाइएको निर्देशक सिद्धान्तको। संविधानलाई जड शिलालेखको रुपमा

> “ नेपालको नागरिक समाज लोकतन्त्रलाई बलियो पार्न वैकल्पिक, सहयोगी र अनौपचारिक संसद दिन तयार छ। राज्य संरचनामा फेरबदल गर्न युग सुहाउँदो कार्ययोजनाको तयारीमा भरपर्दो सहजकर्ता बन्न तयार छ, सक्षम छ। यसका लागि देशका कुनाकाप्चासम्म राष्ट्रिय बहस चलाउन र विश्वस्तरीय ऐक्यबद्धता सृजना गर्न पनि तत्पर छ। तर, जे गरेपनि हामी सहजकर्ता मात्र हौं। नेतृत्व र राज्यसत्ता तपाईहरूको जिम्मेवारी हो। ”

व्याख्या गरिएको तीतो अनुभव हामीसँग छ। नागरिकता, विभेद, महिलाको समानता, विकासको अधिकार एवम् जनताका न्यूनतम आवश्यकता परिपूर्तिको अधिकारको क्षेत्रमा हाम्रो ध्यान पुगेन। जनताको आत्मनिर्णयको अधिकार र उत्पादनका साधनउपरको अधिकारलाई बेवास्ता गरियो। आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारलाई “गरिबी बाँड्ने र समाज टुक्र्याउने” सिद्धान्त हो भनेर गलत सन्देह गरियो।

अर्को भयंकर भूल पनि देखा परेको छ- विकल्पको तयारी नहुनु। विरोधको साथमा विकल्पको उपस्थिति अनिवार्य छ। त्यसो नहुँदा अन्यौलले खान्छ। सुस्पष्ट विकल्प आजको राष्ट्रिय आवश्यकता हो। वैकल्पिक राष्ट्रिय विकल्प नखोजी वर्तमान संकटको समाधान सम्भव छैन।

यदि यो लोकतन्त्रले विकल्प दिन सकेन भने आजको संविधानको अपहरण हुनेछ। लोकतन्त्रले सुझाएको विकल्प जनताका अपेक्षासँग मेल खाने प्रकारको भएन भने विकल्पको आन्दोलन सेलाएर जानेछ। अहिलेको तपाईंहरुको आन्दोलन तपाईंहरुका लागि सुवर्ण अवसर हो। यो अभियानमा जनतासँग एकाकार हुनुहोस्। गाउँघरमा जानुहोस्। जनताबाट पाठ सिक्नुहोंस्। उनीहरुको आलोचनाको रापले खारिनुहोस् र राजनेता बन्नुहोस्, हाम्रो शुभकामना र ऐक्यबद्धता छ। यो अभियानमा हामी तपाईंहरुका लागि असल सहजकर्ता बन्न सक्छौं। यति कुरा हुनु जरुरी छ। लोकतन्त्रको सुदृढीकरणका लागि हामीसँग थोरै विकल्प र अन्तिम अवसर मात्र बाँकी छ। लोकतन्त्रवेगर मानवअधिकारको अस्तित्व नै रहन्न। यसकारण पनि नेपालको आजको कठीन राजनीतिक यात्रामा हामी मानवअधिकारकर्मीहरु तपाईंहरुको सहयात्री बनेका छौं। लोकतान्त्रिक अर्थात् कानुनी विकल्पको खोजी गरौं। यस्तो राष्ट्रिय विकल्पको निर्माण गरौं, जसलाई कुशलतापूर्वक लागू गर्नका लागि पार्टीहरु एक आपसमा प्रतिस्पर्धा गरुन्। त्यस्तो विकल्पको विश्वव्यापी प्रचार र पहुँचमा हाम्रो उल्लेख्य भूमिका रहनेछ।

अनुभवले सत्य ठहऱ्याएको जनपक्षीय विकल्प लागू गर्न सार्वभौम जनताका सम्पूर्ण अधिकारको प्रयोग गर्नुपर्छ भन्ने कुरामा अब द्विविधा नराखौं। बहुदलपश्चात् हामीले भोग्नुपरेको तीनवटा उल्लेख्य घटनामा तपाईंहरुले दर्शाउनु भएको द्विविधाको पीडा हामीले भोग्यौं। ऋतिक रोशनले नेपाली मन पर्दैन भन्यो रे भन्ने उडन्ते खबरका भरमा नेपाल अशान्त, त्रस्त भयो। नेपाली मरे। काठमाण्डूका सडक बले। पार्टी कार्यालयहरुमा नेता हराए। राजाको वंश विनाश भयो। जनतालाई ढाडस दिनुपर्ने, यकिन प्रतिबद्धताका साथ नेतृत्व दिनुपर्ने पार्टीहरुकै भालेसातो गयो। निर्वाचित प्रधानमन्त्रीलाई खोसुवा गरियो। लोकतन्त्रमा जननिर्वाचित प्रधानमन्त्रीको हैसियतउपरको अतिक्रमणको दृष्टिकोणले समस्यालाई हेरिएन। जति ठूलो संकट, त्यति ठूलो असामञ्जस्य व्यहोर्नुपर्ने अनि आन्दोलन त गर्ने तर त्यसको परिणतिसँगै आवश्यक पर्ने विकल्पचाहीँ नहुने, यो द्विविधाको रोग अब हटाउनै पर्छ। राष्ट्र सैनिकीकरणमा जाकिइसक्यो। राज्य शहरमा मात्र छ। दैनिक सोह्र जनाका दरले नेपाली मारिँदैछन् र मृत्युको यो रफ्तार बढ्दो छ। दैत्यले सुनसान पारेको वस्तीको जस्तो अवस्थामा मुलुक पुगिसक्यो। अझै पनि द्विविधा देखाइयो भने कुरीकुरी मात्र हुनेछ।

हामी नागरिक समाजले संयुक्त राष्ट्रसंघमा वैकल्पिक प्रतिवेदन पेश गर्न थालेको धेरै भयो। नेपालको नागरिक समाज लोकतन्त्रलाई बलियो पार्न वैकल्पिक, सहयोगी र अनौपचारिक संसद दिन तयार छ। राज्य संरचनामा फेरबदल गर्न युग सुहाउँदो कार्ययोजनाको तयारीमा भरपर्दो सहजकर्ता बन्न तयार छ, सक्षम छ। यसका लागि देशका कुनाकाप्चासम्म राष्ट्रिय बहस चलाउन र विश्वस्तरीय ऐक्यबद्धता सृजना गर्न पनि तत्पर छ। तर, जे गरेपनि हामी सहजकर्ता मात्र हौं। नेतृत्व र राज्यसत्ता तपाईंहरुको जिम्मेवारी हो। हरेक सवालमा जनताका आवाज र भावनाका साथ जनपक्षीय हस्तक्षेप गर्न हामी तयार छौं। विश्व मानवअधिकार समुदाय पनि यही चाहन्छ।

●

जाग्दैछन् गाउँ-गाउँमा सञ्चारिका

कुन्दन अर्याल

बझाङको एउटा गाउँको स्कूलकी शिक्षिका सुशीलाकुमारी थापा रेडियो पत्रकार हुन तयारीमा छिन्। उनलाई रेडियोमा काम गर्दा महिला भएकै कारण ठूला-ठूला चुनौतिहरुको सामना गर्नुपर्छ होला जस्तो भने लागेको छैन। "त्यस्तो अप्ठ्यारो हुँदैन होला। पत्रकार भएपछि रातदिन हिंड्नुपर्छ भन्ने सुनेकी छु। तर, आफ्नै जिल्ला त हो, जहाँ जान पनि सकिन्छ। मलाई त एउटै पीर छ, मैले छोटो समयको तालिम मात्र पाएकी छु। आफूमा सीपको कमी छ भनेर डराएकी छु।"

आईकम पढ्दै गरेकी घोराही, दाङकी एक्काइस वर्षीया सुनराखी बुढा मगर रेडियो स्वर्गद्वारी एफएम १०२.८ मा सुनिताको नामले साप्ताहिक कार्यक्रम सञ्चालन गर्छिन्। उनलाई रेडियो पत्रकार बन्न किन मन लाग्यो, उनी भन्न सक्दिनन्। उनी सोखले यस काममा संलग्न भइन्। उनकै भनाईअनुसार, खासै बुझेर यसतर्फ लागेकी होइनन्। स्वर्गद्वारी सञ्चार केन्द्रका निम्ति काम गरिरहेकी सुनिताले भविष्यका बारेमा सोचेकी पनि छैनन्। अहिले उनलाई काम गर्दा महिला भएकै कारण खासै समस्या भएजस्तो लाग्दैन्। तैपनि, उनी ठोकुवा गरेर भन्न सक्दिनन्- पछिसम्म यही काममा संलग्न भइन्छ कि भइँदैन होला।

धनगढी, कैलालीकी पैंतीस वर्षीया पुष्पा चौधरीले भने अठोट गरिसकेकी छन्, बाँचुञ्जेल यही पेशामा डटिरहने। एसएलसी उत्तीर्ण पुष्पा चौधरी यतिखेर निकट भविष्यमा सञ्चालन हुने घोडाघोडी एफएम, कैलालीका निम्ति कार्यक्रम उत्पादनको तयारीमा जुटेकीछिन्। उनीसँग रेडियो कार्यक्रम उत्पादनको दुई वर्षको अनुभव छ। ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस) का निम्ति उनीसहितको टोलीले रेडियो नेपालको क्षेत्रीय प्रशारण केन्द्र, सुर्खेतबाट उत्पादन गर्दैआएको रेडियो कार्यक्रम अँख्वा खासगरी चौधरी समुदायमा लोकप्रिय छ। उनी भित्तेपत्रिका, आधारभूत रेडियो कार्यक्रमलगायत् एडभान्स रेडियो उत्पादन र रेडियो कार्यक्रम उत्पादन तालिमहरुमा सहभागी भइसकेकी छिन्। तर, अविवाहित भएको हुनाले मात्र उनमा यस्तो उत्साह देखिएको हो कि !

त्यस्तो होइन। उनी भन्छिन्- "मलाई बिहे भएपछि पनि गाह्रो हुने छैन।" पुष्पालाई पछिसम्म यही पेशामा टिक्न सकिन्छ भन्ने विश्वास कार्यक्रमको सफलताले पनि दिलाएको छ। यही कामबाट म सबैलाई फाइदा दिलाउन सक्छुजस्तो लागेको छ। जुम्लाकी सविना शाही पनि त्यस्तै धारणा राख्दछिन्। उनी अहिले अविवाहित छिन्। तर, पछि पनि यही पेशामा टिकिरहने उनको इच्छा छ। उनको भनाई छ- "महिला भएकै कारणले पनि चुनौतिहरु आइलाग्छन् होला। तर, एउटा पुस्ताले त यस्ता समस्याहरुलाई पार लगाउनैपर्छ। म चुनौति स्वीकार गर्छु। गाह्रो, अप्ठ्यारो त्यस्तै हो।"

बझाङको हेमन्तबाडा गाविसकी चौबीस वर्षीया सुशीलाले घरको काम हेर्नुपर्छ। चार वर्षीय एक छोराको स्याहार पनि गर्नुपर्छ। उनी आईएडमा अध्ययनरत छिन्। तर, विवाहित सुशीलालाई पत्रकारितामा महिलाले पुरुषसरह काम गर्न सक्दैनन् भन्ने लाग्दैन। रेडियो पत्रकारको काम नेपाली महिलाहरुका निम्ति अव्यवहारिक हुने कुरै छैन भन्ने उनको धारणा छ। यद्यपि, नेपालगञ्जकी अविवाहित विद्यार्थी एवम् सामाजिक कार्यकर्ता कल्पना नेपाली यही विषयमा भन्छिन्- "यो कुरा त परिवारमा भर पर्छ।" उनको विचारमा

> "उनलाई डर छ- बिहे भएपछि पत्रकारिता गर्न नपाइने पो हो कि ? रेडियोमा काम गर्दा कस्ता-कस्ता चुनौतिहरुको सामना गर्नुपर्छ होला भन्ने विषयमा पनि उनले केही सोचेकी छिन्- 'रातदिन हिँडनुपर्छ होला। समाजमा गलत दृष्टिकोणले हेरिनसक्छ।' तर, उनलाई स्थानीयस्तरमा भएका विविध घटनाक्रमबारे जनतालाई सचेत तुल्याउन यही पेशामा संलग्न भइरहन मन छ।"

> “ यी गाउँ–गाउँका सञ्चारिकाहरू समाचारको स्थानीय सन्दर्भ अनुसारको अवधारणा र त्यसैअनुसारको विषयवस्तु तय गर्न चुनौतिहरूलाई परास्त गरेर सबैभन्दा पोख्त हुनेछन्।
>
> समुदायको समस्यालाई यिनीहरूले निकटबाट चिनेका मात्र छैनन्, दिनदिनै भोग्ने गरेका पनि छन्। त्यसैले काठमाडौंबाट टाढा-टाढाका यी सञ्चारिकाहरूको सक्रियताले स्थानीय तहमा सन्तुलित विकासका निम्ति वास्तवमै नयाँ बहसको थालनी गर्ने विश्वास गर्न सकिन्छ। ”

महिलाहरुलाई बिहे भएपछि गाह्रो हुन्छ। तर, अर्की अविवाहित विद्यार्थी सविनाको विचार अलि फरक छ- “गाह्रो भए पनि हामीले त आँट गर्नैपर्‍यो नि ! व्यवहारिक नहोला भनेर चुपचाप बस्न सकिँदैन।” पुष्पाको विचारमा गाउँ-समाजको संस्कृतिले गर्दा अहिले अप्ठ्यारो होला तर रेडियो पत्रकारिता महिलाहरुका लागि व्यवहारिक छैन भन्ने लाग्दैन। सुनिताको विचारमा यस दिशामा परिवर्तन हुनैपर्छ- “अहिले नै नहोला। तर हामीले पहल गर्दा परिवर्तन नहुने कुरै छैन।”

सामाजिक विकास समूह, चैनपुर, बझाङले सञ्चालन गर्ने भएको साइपाल एफएमका निम्ति नेपाल प्रेस इन्स्टिच्युटको तालिम लिन गएको मंसिरको दोश्रो सातादेखि सुशीला दश दिनसम्म नेपालगञ्जमा बसिन्। साइपालले आफ्नो सन्दर्भमा उक्त तालिम उपयोगी हुने ठानेर उनलाई नेपालगञ्ज पठाएको थियो। सुशीलाकुमारी थापा खड्का, अब साइपाल एफएम बझाङको शुरुका कार्यक्रम उत्पादकहरुमध्येकी एक हुने भएकी छिन्।

कल्पना नेपालीसँग मानवतावाद अनुसन्धान केन्द्रले भेरी आवाज एफएम, बाँकेका निम्ति एक वर्षको सम्झौता गरिसकेको छ। कुनै बेला शिक्षाको लागि सामाजिक जागरण–सेफद्वारा संरक्षित विद्यार्थी कल्पना अहिले त्यही संस्थाकी स्वास्थ्यसेविका पनि हुन्। उनी आईएमा अध्ययनरत् छिन् र संस्थाका निम्ति समाचारहरु तयार गर्ने पनि गर्दछिन्। एक्काइस वर्षीया नेपालीले नेपालगञ्ज टुडे र नेपालगञ्ज एक्सप्रेस दैनिकलगायत् उज्यालो साप्ताहिकमा पनि समाचारहरु तयार गरेकी छिन्। उनले काठमाण्डौमा एक हप्ते भित्तेपत्रिकाको तालिम लिएकी छिन्। त्यसका अतिरिक्त उनले पत्रकारितासम्बन्धी एक र तीन महिने प्रशिक्षण पनि लिएकी छिन्। उनलाई डर छ- बिहे भएपछि पत्रकारिता गर्न नपाइने पो हो कि ? रेडियोमा काम गर्दा कस्ता-कस्ता चुनौतिहरुको सामना गर्नुपर्छ होला भन्ने विषयमा पनि उनले केही सोचेकी छिन्- “रातदिन हिँडनुपर्छ होला। समाजमा गलत दृष्टिकोणले हेरिनसक्छ।” तर, उनलाई स्थानीयस्तरमा भएका विविध घटनाक्रमबारे जनतालाई सचेत तुल्याउन यही पेशामा संलग्न भइरहन मन छ।

कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र, विजयनगर, जुम्लाका निम्ति सविनाले रेडियो पत्रकारितासम्बन्धी तीन–तीन वटा तालिम लिइसकेकी छन्। त्यस केन्द्रबाट निकट भविष्यमा सञ्चालन हुने रेडियो कर्णाली एफएम १०५.२ मेगाहर्जका निम्ति छब्बीस वर्षीया शाहीले जुम्लामै आधारभूत रेडियो उत्पादनसम्बन्धी पहिलो तालिम लिएकी थिइन्। बीएडमा अध्ययनरत् सविना पिछडिएका जनतालाई सचेत तुल्याउन सक्रिय रेडियो पत्रकार बन्न चाहन्छिन्।

सुशीलाकुमारी पिछडिएको गाँउघरलाई अगाडि बढाउन रेडियो पत्रकार बन्न चाहन्छिन्। पत्रपत्रिका पढ्न नसक्ने निरक्षर समुदायलाई तत्कालै उपयोगी कुराहरु बताउनकै निम्ति पुष्पालाई रेडियो पत्रकार मन लाग्यो। महिला भएकै कारण रेडियोमा काम गर्दा उनले खासै समस्या भोग्नु परेको छैन। उनी भन्छिन्- “बरु सीपको कमीका कारण शुरु–शुरुमा गाह्रो भयो। एक वर्षसम्म त एउटा सानो समाचार सामग्री तयार पार्न पनि दुई दिन लाग्थ्यो।” दाङकी सुनिताको अनुभव पनि त्यस्तै छ- “महिला भएकै कारण त्यस्तो समस्या त मैले भोगकी छैन। साप्ताहिक कार्यक्रम भएर पनि हो कि?”

रेडियो पत्रकारका निम्ति चाहिने सीप हासिल गरेर क्षमताको प्रदर्शन गर्ने मौकाको प्रतिक्षामा रहेका गाउँ–गाउँका यी सञ्चारिकाहरुले संभावित चुनौतिहरुको अनुमान गरेका छन्। उनीहरुमा चुनौति स्वीकार गर्ने तत्परता पनि उत्तिकै छ। मध्यपश्चिममा महिलाहरुलाई रेडियो पत्रकारिताको तालिमका निम्ति नेपाल प्रेस इन्स्टिच्युटले विशेष ग्राह्यता प्रदान गर्दैआएको छ। इन्स्टिच्युटको क्षेत्रीय सञ्चार स्रोत केन्द्र, नेपालगञ्जका प्रमुख हस्त गुरुङ त्यस सन्दर्भमा भन्दछन्- “यी गाउँ–गाउँका सञ्चारिकाहरु समाचारको स्थानीय सन्दर्भ अनुसारको अवधारणा र त्यसैअनुसारको विषयवस्तु तय गर्न चुनौतिहरुलाई परास्त गरेर सबैभन्दा पोख्त हुनेछन्।”

समुदायको समस्यालाई यिनीहरुले निकटबाट चिनेका मात्र छैनन्, दिनदिनै भोग्ने गरेका पनि छन्। त्यसैले काठमाडौंबाट टाढा-टाढाका यी सञ्चारिकाहरुको सक्रियताले स्थानीय तहमा सन्तुलित विकासका निम्ति वास्तवमै नयाँ बहसको थालनी गर्ने विश्वास गर्न सकिन्छ।

जोखिममा मानवअधिकार रक्षक

मानवअधिकार रक्षक चेतप्रकाश खत्रीको हत्याका सम्बन्धमा इन्सेकको अपील

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सँग आबद्ध मानवअधिकार रक्षक चेतप्रकाश खत्रीको अज्ञात समूहद्वारा ०६० पुस ९ गते दिउँसो फत्तेपुर गाविस-७ स्थित सर्रा गाउँमा हत्या गरिएको छ। बिनौना गाविस-९ गोधुई निवासी २३ वर्षीय खत्रीको शव कोल्टो परेर लडेको अवस्थामा रहेको थियो। घाँटीमा डोरीले कसेको कालो दाग रहेको, बायाँ आँखा, दायाँ बायाँ चिउडो मुनी निलडाम र कालो दाग भएको, मुख अर्धखुला, दाँत र जिब्रो आधा देखिएको, घाँटी जता मर्कायो त्यतै मर्किने अवस्थामा थियो। उहाँले लगाएको टोपी अन्दाजी दश मिटर टाढा रहेको थियो। उहाँले चढेको साइकल बाटोको नजिक मुसुरो बारीमा लडेको अवस्थामा भेटिएको थियो। उहाँ कामको सिलसिलामा गंगापुर गाविसको भोजभगवानपुरबाट फर्किंदै हुनुहुन्थ्यो। ०६० पुस १० गते इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय र नेपालगञ्जस्थित विभिन्न मानवअधिकार संस्थाहरु तथा सञ्जारकर्मीहरुले गरेको स्थलगत अध्ययनबाट घटनामा दुई/तीन जनाको संलग्नता रहेको हुनसक्ने अनुमान गरिएको छ।



चेतप्रकाश खत्री : संक्षिप्त चिनारी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा संचालित शान्ति अभियान अन्तर्गत बाँके जिल्लाको बिनौना गाविसमा मानवअधिकार सहजकर्ताको रुपमा सक्रिय चेतप्रकाश खत्री आम जनसमुदायमा मानवअधिकारको चेतना जगाउने, उपलब्धीहरुको रक्षा गर्ने र संगठितरुपमा मानवअधिकार उल्लंघनको विरोध र संघर्षमा सक्रिय भूमिका निर्वाह गर्ने एक मानवअधिकार रक्षक एवम् सामाजिक कार्यकर्ता हुनुहुन्थ्यो।

बाँके जिल्लाको बिनौना गाविस-९ का चेतप्रकाश खत्रीको जन्म वि.सं. ०३६ माघ २० गते भएको थियो। ०६० कार्तिक १५ गतेदेखि बिनौना गाविसमा इन्सेक मानवअधिकार सहजकर्ताका रुपमा क्रियाशील खत्री, मानवअधिकार सम्बन्धी सूचना र जानकारीप्रति जागरुक हुनुहुन्थ्यो। नेपालगञ्जस्थित महेन्द्र बहुमुखी क्याम्पसमा समाजशास्त्र र अर्थशास्त्र स्नातक तहमा अध्ययनरत खत्री भेरी वातावरणीय विशिष्टता समूह (बी-ग्रुप) नामक गैरसरकारी संस्थासँग आबद्ध भई बिगत दुई वर्ष बालअधिकारका क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो। उहाँले बिनौनास्थित नवज्योति बोर्डिङ्ग स्कूलमा एक वर्ष अध्यापनसमेत गर्नुभएको थियो।

विनम्र स्वभावका खत्रीले आफूलाई सानै उमेरदेखि सामाजिक जागरणको क्षेत्रमा सामेल गराउनु भएको थियो। सामूहिक हित र मानवअधिकारका लागि कठीन परिस्थितिमा पनि मानवअधिकारको रक्षा एवम् सम्बर्द्धनका लागि उहाँ अनवरत सक्रिय, अनुशासित र प्रतिबद्ध हुनुहुन्थ्यो।

इन्सेकको आव्हान

इन्सेक मानवअधिकार रक्षक चेतप्रकाश खत्रीको हत्याको घटनाको अविलम्ब विस्तृत जाँच गरी सत्यतथ्य

स्व. चेतप्रकाशका बुबा र आमा १३ औं पुण्यतिथिमा श्रद्धाञ्जलि अर्पण गर्नुहुँदै

जनसमक्ष ल्याउन सरकारसँग जोडदार माग गर्दछ। हामी हत्यामा संलग्न अपराधीउपर कानून बमोजिम कार्वाही गरी सरकारले आरुनो दायित्व पूरा गरोस् भन्ने माग गर्दछौं। हामी पीडित पक्षलाई उचित क्षतिपूर्तिको व्यवस्था गरियोस् भन्ने कुरामा समेत जोड दिन चाहन्छौं।

सरकारले मानवअधिकार रक्षकमाथिको यो क्रूर आक्रमणको घटनाको सत्यतथ्य सार्वजनिक गरेन भने देशमा भइरहेको शान्तिको जनस्तरीय प्रयासउपर गम्भीर आघात पर्न जाने कुरा निर्विवाद छ। छानविन नै नगरी घटनाका सम्बन्धमा प्रशासन स्वयं अमूक निष्कर्षमा पुग्नु अपराधीलाई उम्किन मौका दिनु सरह हुनेछ। त्यसो गरिनु शान्ति स्थापनाको अभियानका निम्ति मात्र घातक हुने छैन, त्यसले दण्ड हीनतालाई समेत प्रोत्साहित गर्नेछ।

इन्सेक यस घटनाका सन्दर्भमा संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएको मानवअधिकार रक्षकहरुको अधिकार सम्बन्धी घोषणापत्र, १९९८ को धारा १२ (२) को उल्लेख गर्न चाहन्छ- "राज्यले आफ्ना संयन्त्र मार्फत् सक्षम निकायद्वारा हिंसा, धम्की, प्रतिशोध, कानुनी वा अन्य विभेद, दवाव तथा अरु गैरकानुनी कामबाट यो घोषणा अनुरुप मानवअधिकार रक्षकहरुको अधिकारको प्रयोग सुनिश्चित गर्न सबै आवश्यक उपाय अपनाउनु पर्दछ ।"

१३ औं पुण्यतिथिमा श्रद्धाञ्जलि व्यक्त गर्नुहुँदै इन्सेक म.प. क्षेत्रीय संयोजक भोला महत

आफ्ना एक अभिन्न र प्रखर मानवअधिकार रक्षक सहयात्रीको हत्या गरिएको यस क्षणमा हामी इन्सेक अभियानमा संलग्न देशभरका साथीहरु लगायत सम्पूर्ण मानवअधिकारकर्मीहरुसमक्ष मानवअधिकार तथा शान्ति आन्दोलनमा सदा झैं अडिग र क्रियाशील रही हत्यामा संलग्न अपराधीलाई सजाय दिलाउन अग्रसर हुन आव्हान गर्दछौं।

विश्वभरका मानवअधिकार रक्षकहरुसमक्ष हामी नेपालका मानवअधिकार रक्षकहरुले भोगिरहनु परेको आजको विषम परिस्थितिप्रति ऐक्यबद्धता प्रर्दशन गर्न आव्हान गर्दछौं। मानवअधिकार रक्षक खत्रीको हत्याको घटनाको छानविन गराई अपराधीलाई सजाय दिलाउन तपाईले इन्सेकको ठेगानामा लेखी पठाउनु हुनेछ भन्ने विश्वास लिएका छौं।

यस घटनाप्रति केही सञ्चार माध्यमले नेकपा (माओवादी) लाई जिम्मेवार भनी समाचार प्रकाशित गरेकोमा सो समाचार भ्रामक भएको ०६० पुस १३ गते नेकपा (माओवादी) एरिया नं. ८ का सेक्रेटरी पवनद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। सो विज्ञप्तिमा मृतकको परिवारजनप्रति संवेदना प्रकट गर्नुका साथै, मानवअधिकारको संरक्षणको निम्ति प्रतिबद्ध इन्सेकप्रति सम्मान प्रकट गरिएको छ।

मानवअधिकार रक्षक खत्रीको हत्याप्रति सरकार पन्छन खोजेकोमा आलोचना गर्दै बाँकेका जिल्लास्तरीय पाँच राजनीतिक दल नेपाली काँग्रेस, नेकपा (एमाले), जनमोर्चा नेपाल, नेपाल मजदूर किसान पार्ट र सद्भावना पार्टी (आनन्दी देवी) ले ०६० पुस १३ गते एक संयुक्त प्रेस वक्तव्य प्रकाशित गर्दै छानविन प्रक्रिया तीव्र पार्न र मृतकको परिवारलाई उचित क्षतिपूर्ति दिन माग गरेका छन्। ●

श्रद्धाञ्जलि अर्पण गर्नुहुँदै चेतप्रकाशकी बहिनी

सन्दर्भः ५५ औं मानवअधिकार दिवस

नेपालको खस्कँदो मानवअधिकार स्थिति

पद्म खतिवडा

यस वर्षको मानवअधिकार दिवस पनि निरस रह्यो। हुन त गत वर्षको दिवसले ढिलोगरी माघ १५ मा युद्ध स्थगन गर्न प्रेरित गरेको आभाश मिल्यो। युद्धरत पक्षहरु कम्तिमा सात महिनासम्म मानवअधिकारको पक्षमा रहेर वकालत गरे, प्रतिबद्धता जनाए। अहिलेको वर्ष त त्यो पनि उपलब्धी नहोला जस्तो छ। प्रतिबद्धता त जाहेर भए, ऱ्याली, प्रवचन भए, प्राय: सबैले मानवअधिकारको पक्षमा वकालत गरे तर युद्धरत पक्षले भन्न सकेनन्। यस वर्षको डिसेम्बर १० देखि मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेखित विभिन्न ३० धाराहरुमध्ये कुन-कुन धाराको क-कसले कसरी-कसरी उल्लंघन गरेका छन् र कसरी-कसरी उल्लंघित धाराहरुप्रति सचेत रही नेपाल एक पक्षराष्ट्र रहेको हैसियतले घोषणापत्रमा उल्लेखित धाराहरुप्रति वफादार रहने भन्ने कुराको निक्यौल आउन सकेन, जो मानवअधिकारका दृष्टिकोणले अति संवेदनशील छ।

के हो अहिलेको अवस्था ?

नेपालको अवस्था अझै पनि युद्धको अवस्थाचाहिँ होइन, यदि हो भने पनि युद्धका नियमहरु हुन्छन्। वर्तमान अवस्था द्वन्द्वको अवस्था हो। द्वन्द्व समस्या चर्काउन मात्र होइन, समस्या समाधान गर्न चर्काइन्छ र चर्काउनु पर्छ पनि। यदि नेपालमा राजनीतिक समस्या चर्किएको छैन भनियो भने कसैले विश्वास गर्न सक्दैन। द्वन्द्वका नाममा करिब नौ हजारको हाराहारीमा मानिसहरु मारिसकिएको, हजारौं विस्थापित भइसकेको र सयौंको संख्यामा गिरफ्तारी र अपहरणका घटनामा परेको अवस्थामा नेपालमा समस्या चर्केको छैन भन्नु मुर्खता हो।

के छन् त समस्या ?

यति विघ्न समस्याहरुका पछि विभिन्न आन्तरिक सवालहरु रहेका छन्। जस्तै: जातीय, भाषिक, राजनीतिक आदि। समष्टिमा भन्दा यिनै सवालहरुलाई आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र नागरिक सवाल भनेर चिनिन्छ। विगत ८-१० वर्षयता नेपालका सन्दर्भमा यी सम्पूर्ण सवालहरुमा यथेष्ट चर्चा-परिचर्चा भइसकेको छ। प्राय: सबै तह र तप्काका मानिसहरुले यी सवालहरुलाई अहिलेको द्वन्द्वको जरो मानेका छन्। तर पनि समस्या समाधानप्रति यथेष्ट ध्यान जान सकेन। सामाजिक नियम, मूल्य र मान्यताहरु सुचारु रुपले चल्ने, चलाउने प्रक्रियाहरुलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ।

तल उल्लेखित समस्याको चक्रलाई हेर्ने हो भने पनि, कुनै पनि समस्याको स्थायी समाधान छैन। समस्याले विद्रोह चर्काउछ, यो स्वभाविक हो। विद्रोह भएपछि छलफल-बहस हुन्छ। विद्रोही पक्षले जति बढी आफ्नो अडान कायम राखिरहन्छ, त्यति नै समस्याको नकारात्मक असर पर्दै जान्छ। परिणामस्वरुप, मानवअधिकारको उल्लंघन हुन्छ, मानिसहरु मर्छन्, मारिन्छन्, विस्थापित हुन्छन्, यातनाका शिकार बन्छन्, पक्राउ, अपहरणमा पर्छन्, दण्डहीनता बढ्दछ। यस्ता सवालहरु हदसम्म पुगेपछि वार्ताको प्रसंग चल्छ, अनि मात्र समस्याको पहिचान हुन्छ। त्यसले समाधानको उपायको खोजी गर्छ। व्यापक छलफल र बहसपछि मात्र सुझावसहित निक्यौंलमा पुग्न सकिन्छ। तर, यो स्थायी समाधान होइन। ००७ सालमा प्रजातन्त्रको उदयमात्र भएको हो। ०१७ सालमा समस्या चर्किएको हो। पटक-पटक, जस्तै: ०२८, ०३६, ०४२ सालमा चर्किएको समस्या समाधान गर्ने प्रयास गरियो, चुनौति पनि थपियो। बल्ल-बल्ल ०४६ सालमा सहमति भयो। यो आमसहमति थिएन। यो केवल अस्थायी सहमति थियो। त्यसैले यसपछि पनि अर्थात् बहुदलीय व्यवस्थाको पुनर्स्थापना र नयाँ संविधानको निर्माण भएपछि पनि समस्या चर्कनु स्वभाविक हो। अहिलेको समस्या माओवादीले चर्काएको हो। तर, यो समस्याको उपलब्धीलाई हेर्ने हो भने माओवादीले सोचेभन्दा बढी भएको छ। महिला क्षेत्रमा भएका उपलब्धी र हाल उठाइएका सवालहरु, विभिन्न जातजातिका सवालहरु माओवादीले ४० बुँदे मागमा उल्लेख गरेभन्दा बढी देखिन्छन्।

अर्कोतर्फ, हेर्दा माओवादीहरु आफूले पेश गरेका ४० बुँदे मागहरुप्रति आफू नै सचेत नभएको प्रष्ट हुन्छ, वा उनीहरु आफ्ना मागहरु आफैं लत्याइरहेका छन्। उनीहरुकै ४० बुँदे मागअन्तर्गत बुँदा ३ मा "नेपाल र

भारत बीचको खुल्ला सीमाना नियन्त्रण हुनुपर्ने र भारतीय प्लेट नम्बर भएका गाडीहरुलाई नेपालमा रोक लगाउनुपर्ने" माग अहिलेको स्थितिमा कति हास्यास्पद होला जबकि भारत उनीहरुको हातहतियार, शरण र युद्धको योजनास्थल बनेको छ। त्यस्तै, उनीहरु बुँदा नं. ३७ मा "खानेपानी, बाटोघाटो र बत्ती गाउँ-गाउँमा पुऱ्याउने" माग राख्दछन् भने उनीहरु नै जनताका खानेपानीका मुहान भत्काउछन्, बिजुली बत्तीका हाइड्रोपावर स्टेशन भत्काउछन्, बनेका सडक भत्काउछन्, टेलिफोन टावर क्षतिग्रस्त बनाउँछन्। हालै, दैलेख जिल्ला सदरमुकाममा पानीको पाइप भत्काइएको घटना त केवल उदाहरण मात्र हो।

"माओवादी जनयुद्ध" शुरु भएयता जो-जो सरकारमा आएका भए पनि मानवअधिकारको प्रबर्द्धन र संरक्षणको कुरा कसैले बिर्सेनन् र सबैले "जनयुद्ध" दबाउने नाममा हत्या, हिंसाको श्रृङ्खला पनि कम गरेनन्। यसकै परिवर्तित रुप आज "युनिफाइड कमाण्ड" सम्म आइपुगेको छ। मानवअधिकारको नारा पनि दिनु अनि "युनिफाइड कमाण्ड" सञ्चालन पनि गर्नु अति असान्दर्भिक पक्ष हुन्। त्यसमाथि मानव अधिकार प्रबर्द्धन केन्द्रको स्थापना संविधानको भावना विपरीत र मानव अधिकार आयोग कानुन विपरीत छ।

यस लेखमा ५५ वर्षअघि घोषणा भएको, मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेखित विभिन्न ३० धाराहरुको संपेक्षीकरण वर्तमान द्वन्द्वसँग तुलना गर्दै व्याख्या गर्ने जमर्को गरिएको छ।

हाम्रो देशको वर्तमान अवस्थालाई मानवअधिकारको घोषणापत्रको प्रस्तावनामा उल्लेखित पहिलो अनुच्छेद मात्रका आधारमा पनि कति खस्कँदो अवस्थामा पुगिसकिएको छ भनी आँकलन गर्न सकिन्छ। पहिलो अनुच्छेदमा भनिएको छ, स्वतन्त्रता, न्याय र शान्तिको आधार भनेका मानव समुदायका सास्वत मानव गरिमा तथा समान र अहरणीय अधिकार हुन्। कहाँ छ अहिले मानव गरिमा? कहाँ छ समानता? हजारौं-हजार मानिसहरु आतंककारीका आरोपमा मारिएका छन्। हजारौं "सुराकी" का आरोपमा मारिएका छन्। हामी कसले बनायौं "आतंककारी" को परिभाषा? हामी कसले व्याख्या गऱ्यौं "सुराकी" भनेको के हो? हामीले द्वन्द्व चर्काउन सिक्यौं, सीमा कोर्न सिकेनौं किनभने हामीले मानवअधिकारको घोषणापत्रमा उल्लेखित मानवीय गरिमालाई बुझ्न सकेनौं।

धारा ३: एकादेशको कथा

मानवअधिकारको चर्को दुहाई दिने राज्य र माओवादी दुवैले मानवअधिकारको घोषणापत्रमा उल्लेखित धारा ३ लाई एकादेशको कथा बनाए। समाजमा जब बाँच्न पाउने अधिकार र मान्छेको सुरक्षा नै नभएपछि फेरि पनि हामी जनताको लागि आन्दोलन गर्छौं, हामी समाजमा शान्ति सुरक्षा कायम गर्न "युनिफाइड कमाण्ड" बनाउछौं भन्नु बेकार हो।

धारा ५ र ९ को ठीक उल्टो प्रयोग हुनथाल्यो

मानवअधिकार घोषणापत्रको धारा पाँचको अहिले ठीक उल्टो प्रयोग भएको छ। यातना र अमानवीय व्यवहार सामान्यप्रायः भएको छ। द्वन्द्वरत दुवै पक्ष अमानवीय व्यवहारको पराकाष्ठामा पुगेका छन्। दुवै पक्ष कसो गर्दा मानिसले बढी भन्दा बढी दुःख पाउँछन्, कसरी चरम यातना दिने भन्ने योजना बनाइ-बनाइ अमानवीय

> "मानवअधिकारको नारा पनि दिनु अनि 'युनिफाइड कमाण्ड' सञ्चालन पनि गर्नु अति असान्दर्भिक पक्ष हुन्। त्यसमाथि मानव अधिकार प्रबर्द्धन केन्द्रको स्थापना संविधानको भावना विपरीत मानव अधिकार आयोग कानुन विपरीत छ।"



क्रियाकलापहरु गरिरहेका छन्। पक्राउ, कुटपिट त सामान्य बनेको छ। कति मानिसहरु विदेशिनु परेको छ, कति लखेटिएका छन्, कति भोक-भोकै मर्दैछन्, लेखाजोखा छैन। भेटिएका, पाइएका र प्रशारण गरिएका घटनाहरु सुन्दा नै कहाली लाग्दा छन् भने कति त्यस्ता घटनाहरु होलान्, जसलाई द्वन्द्वरत पक्षहरु जबरजस्ती दबाउँछन्।

धारा १२ मा उल्लेखित गोपनियताको उपहास

घोषणापत्रको धारा १२ मा उल्लेखित घर, परिवार तथा पत्राचारको गोपनियतामाथि हस्तक्षेप गर्न नहुने कुरा वर्तमान सन्दर्भमा उपहास भएको छ। कसैको सम्मान र ख्यातिमा आक्रमण गर्न नहुने कुरा घोषणापत्रमा उल्लेख भएको भएता पनि द्वन्द्वरत पक्षहरुले त्यसको खुलेआम उल्लंघन गरिरहेका छन्। घर खानतलासी, घरमा ताल्चा लगाएर विस्थापित हुन वाध्य पार्ने जस्ता व्यवहारहरु द्वन्द्वरत पक्षका लागि सामान्य बनेका छन्।

धारा १८, १९ र २० को पूर्णरुपमा हनन

घोषणापत्रको धारा १८ मा प्रत्येक व्यक्तिलाई विचारको स्वतन्त्रता, विवेक र धर्मको अधिकार हुने कुरा उल्लेख छ। त्यस्तै, धारा १९ ले अभिव्यक्तिको स्वतन्त्रता र धारा २० ले प्रत्येक व्यक्तिलाई शान्तिपूर्ण भेला हुने अधिकार प्रदान गरेका छन्। यी विभिन्न अधिकारहरु कुनै न कुनै बहानामा हनन भइरहेका छन्। सरकारले बारम्बार यी अधिकारहरुको कुनै न कुनै सवाल उठाई हनन गरिरहेको छ। गत भदौ १८ गते राजनीतिक पार्टीहरुले गर्ने भनिएको बृहत् शान्तिपूर्ण र्‍याली पनि यस्तै बहानामा तुहाइएको थियो। यी अधिकारहरुबाट जनतालाई वञ्चित गरिन्छ अनि यसको कारणमा चाहिँ "प्रजातन्त्र र मानवअधिकारको संरक्षण र प्रबर्द्धन" गर्ने भन्ने दर्शाइन्छ।

यसैगरी, घोषणापत्रमा उल्लेखित धारा २२ को सामाजिक सुरक्षा, धारा २३ को कामको अधिकार, धारा २५ को पर्याप्त जीवनस्तरको अधिकार, धारा २६ को शिक्षाको अधिकार, धारा २७ को समुदायमा सांस्कृतिक जीवनयापन गर्न पाउने अधिकारजस्ता महत्वपूर्ण अधिकारहरु द्वन्द्वका निहुँमा हनन भइरहेका छन्। यदि मानवअधिकार घोषणापत्रलाई सम्मान गर्ने हो भने माथि उल्लेखित प्रावधानहरुलाई व्यवहारमा प्रयोग गर्नु वा प्रयोग गर्ने वातावरण सृजना गर्न द्वन्द्वरत पक्षले ठूलो चुनौतिको सामना गर्न सक्नुपर्छ।

हामी मानवअधिकार घोषणापत्रका पक्षराष्ट्रका जनता हौं। हामीले डिसेम्बर १० धुमधामका साथ मनायौं। पक्षराष्ट्रका हैसियतले सरकारले पनि आफ्नो दायित्व पूरा गरेको देखियो। विभिन्न भाषण, जुलुस र समारोहमा सहभागी भएको, मन्तव्य दिएको आदि-आदि, सञ्चार माध्यमले प्रशारण पनि गरे। भाषणका क्रममा सबैका मोटामोटी कुरा आए, सबैले मानवअधिकार घोषणापत्रलाई सम्मान गर्ने, यसको मर्मलाई बुझेर अघि बढ्न सके प्रजातन्त्र र मानवअधिकार फस्टाउने कुरा गरे। तर, कसैले पनि विशेषगरी राज्य र माओवादीले माथि उल्लेखित महत्वपूर्ण प्रावधानहरुको यति विघ्न उपहास हुँदा पनि तिनको हनन हुन नदिन अबदेखि यस्ता-यस्ता कार्यहरुमा यसरी-यसरी सुधार गर्छौं भनेर प्रष्ट गर्न सकेनन्।

द्वन्द्वरत पक्षहरुका अभिव्यक्तिमा आजभोलि यसरी विभिन्न विरोधाभाषपूर्ण अभिव्यक्तिहरु आउने गरेका छन्। जुनसुकै दिवस, समारोह र अवसर आए पनि उनीहरु मानवअधिकारको दुहाई दिन छोड्दैनन्। प्रजातन्त्र, "असल शासन", "मानवअधिकार" जस्ता मोटा-मोटा शब्द द्वन्द्वरत पक्षका जिब्रोमा झुण्डिएका छन्। जनता भने आफ्ना आधारभूत अधिकारहरुबाट समेत दिन-प्रतिदिन वञ्चित हुनु परिरहेको छ।

अन्त्यमा,

नेपालीहरु सबै नागरिक हुन्। मानवअधिकारको व्यापकतालाई अनुशरण गर्दै निष्कर्ष निकाल्ने हो भने "आतंककारी", "प्रतिक्रियावादी", "राजावादी", "संसदवादी", "सुराकी", "जडसूत्रवादी" आदि बुझ्न सकिने र नसकिने विभिन्न "पगरी"का मालिक सम्पूर्ण नेपालीहरु प्रथमत: नेपाली नागरिक हुन्। नागरिकलाई मार्न पाइन्न, मार्न हुँदैन, त्यसैले मार्दैनौं भन्ने संकल्प द्वन्द्वरत पक्षले गर्न सक्छन् भने त्यो मानवअधिकार घोषणापत्रको सबैभन्दा ठूलो सम्मान हुनसक्छ। हामी सम्पूर्ण नागरिक समाज द्वन्द्वरत पक्षबाट विश्वव्यापी मानवअधिकार घोषणापत्रको व्यवहारिक प्रयोग एवम् सम्मान भएको हेर्न चाहन्छौं। ●

"कुनै पनि समस्याको स्थायी समाधान छैन। समस्याले विद्रोह चर्काउँछ, यो स्वभाविक हो। विद्रोह भएपछि छलफल-बहस हुन्छ। विद्रोही पक्षले जति बढी आफ्नो अडान कायम राखिरहन्छ, त्यति नै समस्याको नकारात्मक असर पर्दै जान्छ। परिणामस्वरूप, मानव अधिकारको उल्लंघन हुन्छ, मानिसहरू मर्छन्, मारिन्छन्, विस्थापित हुन्छन्, यातनाका शिकार बन्छन्, पक्राउ, अपहरणमा पर्छन्, दण्डहीनता बढ्दछ। यस्ता सवालहरू हदसम्म पुगेपछि वार्ताको प्रसंग चल्छ, अनि मात्र समस्याको पहिचान हुन्छ। त्यसले समाधानको उपायको खोजी गर्छ। व्यापक छलफल र बहसपछि मात्र सुझावसहित निर्क्यौलमा पुग्न सकिन्छ। तर, यो स्थायी समाधान होइन।"

मानवअधिकारको विश्वव्यापी घोषणापत्र

कति सान्दर्भिक छ वर्तमान परिप्रेक्ष्यमा ?

– प्रेक्षा ओझा



समय परिवर्तनशील छ। विगतमा बनाइएका विभिन्न दस्तावेज, नियम-कानुनहरु आज सान्दर्भिक नहुन पनि सक्छन्। विगतमा सान्दर्भिक र ठीक ठहऱ्याइएका कतिपय दस्तावेजहरु वर्तमान परिप्रेक्ष्यमा असान्दर्भिक देखिएका पनि छन्।

दोस्रो विश्वयुद्धका क्रममा विश्वमै ठूलो धनजनको नाश भयो। हत्या-हिंसाग्रस्त विश्वका मानव समुदायले युद्धको मारबाट बच्न र मानिसका अधिकारहरुलाई सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघको स्थापना गरे। त्यसपछि पहिलोपटक विश्वभरका मानिसका हक अधिकारहरुलाई लिपिबद्ध गरेर मानवअधिकारहरुको विश्वव्यापी घोषणापत्र १९४८ जारी गरियो।

जारी गर्दाको समयमा घोषणापत्र अति नै सान्दर्भिक थियो। युद्धबाट आक्रान्त विश्वका जनताको मनमा लागेको घाउमा घोषणापत्रले कुनै न कुनैरुपमा मल्हम लगाउने कार्य गरेको थियो। घोषणापत्रको प्रस्तावनामा उल्लेख भएअनुसार, घोषणापत्रको उद्देश्य मानवमात्रमा अन्तर्निहित मान र सम्मान तथा अविच्छिन्न अधिकारहरुको मान्यताको आधार स्वतन्त्रता न्याय र शान्तिको स्थापना हो। मानवअधिकारको उल्लंघनबाट नै बर्बर काम भई मानवका अन्तस्करणमा चोट पुगेकोले धर्म र अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति हुनुपर्छ। भय र अभावबाट प्रत्येक व्यक्तिलाई मुक्ति दिलाउनुपर्छ भन्ने धारणा घोषणापत्रमा अघि सारिएको छ। मानिसलाई अत्याचार, दमनविरुद्ध विद्रोह गर्नुबाहेक अर्को विकल्प छैन भन्ने निष्कर्षमा पुग्न नदिन कानुनी शासनको प्रत्याभूति गरिनुपर्ने मान्यता घोषणापत्रको प्रस्तावनामा अघि सारिएको छ। त्यसैगरी, स्वतन्त्रता, समानता, भातृत्व जनताको आत्मनिर्णयको अधिकार र राष्ट्रहरुबीचको आपसी सम्बन्ध आदि मान्यताहरु अघि सारिएको छ। घोषणापत्रले राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक सांस्कृतिक आदि अधिकारको परिभाषा प्रस्तुत गरेको छ।

घोषणापत्र जारी भएपछि यसमा सहमति जनाउने विभिन्न राष्ट्रहरुले आफ्ना जनताका हक-अधिकारको सुनिश्चितताका लागि यसलाई आत्मसात गरेका थिए। यसको मर्मलाई आ-आफ्नो परिप्रेक्ष्यमा विभिन्न किसिमका कानुनहरु निर्माण गरी विगत आधा शताब्दीभन्दा लामो समयमा विभिन्न देशहरुमा संरक्षण गर्ने प्रयास नगरिएको होइन।

तर, १९४८ ताका समयसापेक्ष र सान्दर्भिक ठानिएको घोषणापत्र वर्तमान परिप्रेक्ष्यमा कति सान्दर्भिक छ? घोषणापत्रमा

उल्लेखित कतिपय कुराहरुमा परिवर्तन आवश्यक रहेको धारणा मननयोग्य छ। यस्ता सवालहरु बेला-बेलामा उठ्ने गरेका पनि छन्।

घोषणापत्र वर्तमान परिप्रेक्ष्यको लैंगिक संबेदनशिलताको दृष्टिकोणबाट लेखिएको छैन र पुरुषवादी चिन्तनलाई प्रस्तुत गरिएको छ। यसमा प्राय "उसले", "उ" आदि शब्दहरुलाई प्राथमिकता दिइएको छ। घोषणापत्रलाई सुक्ष्मरुपले अध्ययन गर्दा, महिलाहरुको प्रतिनिधित्व हुने शब्द प्रयोग गरिएका छैनन्। महिलाहरुको समान सहभागिताको वर्तमान परिस्थिति र माग यसमा प्रतिबिम्वित हुन सकेको छैन। यसबाट [illegible] बुझ्न सकिन्छ भने, घोषणापत्रले समानताको सिद्धान्त औंल्याएपनि पुरुषवादी चिन्तनकै बढी बोलवाला हुन गएको हुनसक्छ अथवा निर्माणको क्रममा महिलाको कम सहभागिता भएको हुनसक्छ। हुनत, यसको मस्यौदा महिला इलीनोर रुजवेल्टकै अगुवाईमा गरिएको थियो तर, त्यसबेला सबै क्षेत्रलाई समविकासको दृष्टिकोणले नहेरिएको बुझिन्छ। यसका लागि या तत्कालीन समयमा समविकासको अवधारणाको विकास नभइसकेकोले या त महिलाको भूमिका कमजोर पारिएको हो। तर, अहिले त्यस्तो सोचमा परिवर्तन आइसकेको छ। यही कुरालाई समेत मध्यनजर गरेर होला, भर्खरै पचपन्नौं विश्व मानवअधिकार दिवसका अवसरमा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले स्पष्ट शब्दमा महिला र पुरुष मानवअधिकार रक्षकहरुलाई समान रुपमा सम्बोधन गर्नुभएको छ।

घोषणापत्रको धारा १६ ले मात्रै स्त्री र पुरुषलाई समानरुपमा सहभागी गराएको छ। उक्त धारामा उमेर पुगेका महिला र पुरुषले जाति, राष्ट्रियता वा धर्मको भेदभावविना राजी-खुशीले बिहे गर्ने र परिवार स्थापना गर्ने अधिकार छ। बिहेको विषय, वैवाहिक जीवन तथा छोडपत्र गर्ने काममा समेत महिला, पुरुषको समान अधिकार हुनुपर्छ भनेको छ भने बिहेको इच्छा गर्ने स्त्री र पुरुषबीच उनीहरुको पूर्णसहमतिबाट मात्र बिहे हुनुपर्छ। उनीहरुको ठहरउपर कसैको हस्तक्षेप हुनु हुँदैन भनेर व्याख्या गरेको छ।

बिहे भन्ने कुरासँगसँगै स्त्री, पुरुष आउने हुनाले यस धारामा स्त्री र पुरुषलाई

अन्तर्राष्ट्रिय मानवअधिकार दिवस, १० डिसेम्बर २००३ को अवसरमा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले दिनुभएको सन्देश

मानवअधिकारको विश्वव्यापी घोषणापत्रले पचपन्न वर्षदेखि विश्वमा आशाको ज्योति फिजाइरहेको छ। यसक्रममा मानवअधिकारको रक्षार्थ खटिएका प्रत्येक देशका वीर, वीरांगनाहरुको योगदान रहिआएको छ। आज म ती मानवअधिकार रक्षकहरुको प्रतिबद्धता र साहसको कदर गर्दछु।

त्यसैगरी, संयुक्त राष्ट्रसंघले चार महिनाभन्दा कम समयभित्र गुमाउनुपरेका मानवअधिकार रक्षक, मानवअधिकार आयोगका उच्चायुक्त सर्जियो भियरा डि मेल्लो तथा उहाँसँगै इराकको बगदादस्थित राष्ट्रसंघीय भवनमा आक्रमणको शिकार बनाइनुभएका शान्ति र मानवअधिकारमा कटिबद्ध एक्काइसजना अधिकारीहरुप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छु। उहाँहरुको मृत्यु मानवअधिकारको विरुद्ध नमीठो र तीतो प्रहार हो।

मानवअधिकार रक्षकहरु सधैं तानाशाह र दुर्व्यवहारको अन्धकारविरुद्ध मानवअधिकारको किरण फैलाई यसको सुरक्षाको लागि अग्रपंक्तिमा उभिएका हुन्छन्। उनीहरु कानुनको शासन, हिंसाको न्यूनीकरण, गरिबी र भेदभावको विरुद्ध कार्य गर्दै स्वतन्त्र, समतामूलक र प्रजातान्त्रिक समाजको संरचना निर्माण गर्दछन्। उक्त कार्यमा सघाउ पुऱ्याउनका लागि मानवअधिकार उल्लंघनका शिकार भएका पीडितहरु उपयुक्त समयमा तयार हुन्छन्।

मानवअधिकार रक्षकहरुमध्ये धेरैले मात्र मान्यता प्राप्त गर्दछन्। जस्तोकि, मानवअधिकार संरक्षण र सम्वर्द्धनका लागि पुऱ्याउनु भएको साहसिक योगदानको कदर गर्दै आज विश्व नोबेल शान्ति पुरस्कार सिरीन इबादीलाई प्रदान गरिदैछ। अझै, धेरै मानवअधिकार रक्षकहरुले मान्यता र कदर पाउन बाँकी छ। र, धेरै जनासाथि आफ्नो महान कार्य गर्ने सिलसिलामा आक्रमण, हतोत्साही बनाईदैछ।

मानवअधिकारको रक्षा केवल ती बहादुर व्यक्तिहरुको मात्र जिम्मेवारी होइन। यो हामी सबैको जिम्मेवारी हो। हामी सबै मानवअधिकार रक्षक हुनु आवश्यक छ। र, महान कामको धालनीको राम्रो शुरुवात मानवअधिकार रक्षा गर्ने कार्यबाट शुरु हुन्छ।

तसर्थ, म यहीबाट विश्वभरका सम्पूर्ण मानवअधिकार रक्षकहरुलाई सलाम गर्दछु। यहाँहरुले विश्वव्यापी घोषणापत्रले परिकल्पना गरेको विश्व, जहाँ प्रत्येक मानव, परिवार र सदस्यको आत्मसम्मान, समानता र अहरणीय अधिकारको सम्मान हुन्छ, को निर्माण गर्नको लागि खेल्नु भएको भूमिका अत्यन्त महत्वपूर्ण छ।

यहाँहरुको कार्य हामी सबैका लागि प्रेरणादायी छ र एकलौ हुनुहुन्न।

"गरिबी, द्वन्द्व, आतंकवाद, हिंसा, भेदभाव र कुशासनले मानवअधिकारको व्यापक उल्लंघन गर्दछ"

मानवअधिकार दिवसको उपलक्ष्यमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगका कार्यवाहक उच्चायुक्त बर्ट्रान्ड रामचरणले दिनुभएको सन्देश

मानवअधिकारसम्बन्धी भियना विश्व सम्मेलन (१९९३) लाई प्रतिबद्धता जाहेर गरेको १० वर्ष भइसक्दा पनि आज हामी सहिरोलपमा दुःखित र चिन्तित हुनुपरेको छ। विश्वभरि नै मानवअधिकारको व्यापक उल्लंघन हुनुका कारण गरिबी, द्वन्द्व, आतंकवाद, हिंसा, भेदभाव र कुशासन नै प्रमुख हुन।

भियना घोषणापत्र र यसको कार्यान्वयन तथा हालसालैको मानवअधिकारको मूल्य र मर्यादा सहस्राब्दी घोषणापत्र (२००२) मा अझ बढी प्रतिबद्धता देखाइएको भएता पनि मानवअधिकारको विश्वव्यापीकरण समकालीन विश्वमा यथार्थ नभई केवल औपचारिकरुपमा मात्र रहेको स्पष्ट हुन आउँछ। महिला र बालबालिकाविरुद्ध हुने असमानता र अन्याय सामान्य भइसकेको छ। र, जातीय भेदभाव उन्मूलनको सवाल अरै टाढाको विषय बनको छ।

गरिबी घटेको छैन। मानवअधिकार घोषणापत्रमा व्यवस्था गरिएको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको स्थिति प्रतिकूल भएको छ,जसले गर्दा मानवअधिकार घोषणापत्र जारी भएको ५५ औं वार्षिकोत्सव मनाउनु केवल प्रसंगमात्र हुनेछ। स्वतन्त्रता, कानुनी राज्य र नागरिक तथा राजनीतिक अधिकारप्रतिको सम्मान जस्ता कुरा ज्यादै दुःखी पृथ्वीबाट धेरै टाढा छन्। मानवअधिकारले गति लिने क्रममा गरिबीविरुद्धको संघर्ष नै सर्वोच्च पहिलो हुनु पर्दछ।

आजको विश्वमा नागरिकहरुलाई नियोजितरुपमा द्वन्द्वको भागीदार बनाइएका छ र दण्डहिनताको कारणले अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुन जेकम्माजस्ते भएका छन्। समकालीन द्वन्द्वको कारणबाट करोडौं व्यक्तिहरुको मानवअधिकार हरण भएको छ। त्यसैकारण, द्वन्द्वलाई राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सर्वोच्चबाट रोकथाम गर्नु आजको आवश्यकता भएको छ। द्वन्द्वको रोकथाम गर्नु भनेको मानवअधिकारको व्यापक उल्लंघन हुनबाट रोक्नु हो।

आतंकवादले विश्व समुदायमा भय र्यपेको छ। सचिवालय, महासभा र मानवअधिकार उच्चायोगले आतंकवादको जोरदार निन्दा गर्दछन्। आतंकवादले बिना शर्त्ती मार्ने, काट्ने, तर्साउने र धम्काउने गर्दछ। आतंकवादको विरुद्धमा अन्तर्राष्ट्रिय मानवअधिकार आन्दोलनले आफ्नो सम्पूर्ण शक्ति लगाएर धावा बोल्नुपर्दछ।

हिंसाले पूर्णरुपमा विश्वका करोडौं मानिसलाई असर पारेको छ। यातना, स्वेच्छाचारी गिरफ्तारी, जबर्जस्ती बेपत्ता, स्वेच्छाचारी थुना, अल्पसंख्यकप्रतिको अनुचित व्यवहार, आदिवासी र बसाइसराई गरी आएका मानिस आदिविरुद्धको यातना व्यापकरुपमा देखा परेका छन्। युवतीहरुलाई वेश्यावृत्ति र दासको रुपमा ओसारपसार गरिएको छ। बालबालिकाहरुको यौन शोषण हामी समाजको अभिशाप भएको छ। हामी मानव मूल्यमा देखा परेको खतरालाई लगातार महसुस गरिरहेका छौं। अन्तर्राष्ट्रिय मानवअधिकार आन्दोलनले मानवअधिकारको उल्लंघन जहाँसुकै भएतापनि निन्दा र भर्त्सना गर्नुपर्दछ। यो सबैले नागरिकहरुको कर्तव्य हो।

जातीय भेदभाव, विदेशीप्रति विद्वेष, मुस्लिमविरोधी, अमेरिकाधी, नीति र अन्य प्रकारका ग्राह्य नहुने हामी समाजमा प्रायः देखा परेको पाइन्छ, जसले राष्ट्रसंघीय बडापत्र र मानवअधिकारको विश्वव्यापी घोषणापत्रको आदर्शलाई पुष्ठपोषण गरेको भान पर्दछ। राज्यका जनताले त्यस्ता विविध स्वभाव वा संस्कृतिलाई घृणा गर्न थाल्दछन्। असमानता र भेदभावविरुद्धको संघर्ष नै मानवअधिकार आन्दोलनको प्रमुख मुद्दा हुनु पर्दछ।

हामीले कुशासन समकालीन विश्वमा मानवअधिकारको व्यापक उल्लंघन गर्ने जडतत्वको रुपमा रहेको सच्चाईलाई इमान्दारीतापूर्वक स्वीकार्नु पर्दछ। समन्वय र मानवअधिकारको दहो सुरक्षाले असल शासनको माग गर्दछ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रको शब्दमा भन्ने हो भने जनताको इच्छा नै सरकारको शक्तिको आधार हुनुपर्दछ। यो इच्छा सामयिक र स्वभाविक चुनावद्वारा विश्वव्यापी र समान भोट दिने अधिकारद्वारा व्यक्त भएको हुनु पर्दछ।

यस मानवअधिकार दिवसको दिनमा संसारभरिका मानवअधिकार उल्लंघनका शिकार भएकाहरुप्रति मेरो हृदय समर्पित छ। यस प्रवृत्तिको मानवअधिकारको उल्लंघन रोक्न तथा मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई विश्वका मानिसका लागि वास्तविकता उतार्न म प्रार्थना गर्दछु। त्यसैगरी स्वतन्त्रता, कानुनी राज्य, न्याय, दैनिक राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सुरक्षाको लागि पनि म प्रार्थना गर्दछु। प्रत्येक राष्ट्र-सरकारलाई मान्य सुरक्षा प्रणालीको पुनरावलोकन गर्न तथा उपक्षेत्रीय र क्षेत्रीय संगठनहरुलाई उनीहरुले मानवअधिकारको सुरक्षाका लागि गर्नसक्ने पहलकाका लागि आग्रह गर्दछु। सुरक्षा परिषद, साधारण सभा, आर्थिक तथा सामाजिक परिषद, मानवअधिकार उच्चायोग र सन्धिजनित निकायलाई मानवअधिकारको सुरक्षार्थ आफ्नो तर्फबाट व्यापक कोशिस गर्न म आग्रह गर्दछु।

हामी अहिलेसम्म विश्वव्यापी घोषणापत्रले परिकल्पना गरेका विश्वमा पुग्न सकेका छैनौं। तर, म विश्वस्त छु कि एक दिन हामी अवश्य पुग्नेछौं। विश्वव्यापी घोषणापत्रप्रति गरिएको प्रतिबद्धताले अवश्य पनि सुन्दर विश्वको संकेत गर्दछ। आज म मानवअधिकारको सुरक्षाको प्रार्थना गर्दछु।

●

समानरुपमा उभ्याइएको छ। घोषणापत्र जारी भएको ३१ वर्षपछि अर्थात् सन् १९७९ मा महिलाहरुको अधिकारका लागि संयुक्त राष्ट्रसंघले महिलामाथि हुने सबै प्रकारका भेदभावविरुद्धको महासन्धि जारी गरेको हो। यो महासन्धिले अन्य महासन्धिहरुले जस्तो लिंगको आधारमा हुने असमान व्यवहारलाई मात्र भेदभावको रुपमा परिभाषित नगरी भेदभावको विस्तृत परिभाषा गरेको छ।

मानवअधिकारको घोषणापत्रले विकासको अधिकारका सम्बन्धमा पनि चर्चा गरेको छैन। अहिले यी अधिकारहरु समयसापेक्ष र अपरिहार्य बनेका छन्। देशको स्थितिको सूचकांक त्यस देशको शिक्षा, स्वास्थ्य, निर्माण कार्यहरु आदिको आधारमा तय गरिन्छ। स्वच्छ वातावरणमा सास फेर्न पाउने अधिकारलाई विश्वव्यापीरुपमा नै उठाउन थालिएको छ। यी सवाललाई नयाँ पुस्ताको अधिकारका रुपमा विश्वस्तरमा अघि सारिएको छ।

घोषणापत्र जारी भएताका युद्धको मारबाट त्रसित सम्पूर्ण मानव समुदायको अधिकारको रक्षा कसरी गर्ने भन्ने प्रमुख चिन्ता थियो। तर, अहिले तिनै समुदायहरुको स्थिति पनि कुन अवस्थामा छ भनेर समीक्षा गर्न थालिएको छ। आज विश्वभरि नै मानवअधिकारको रक्षाका लागि लागिपर्ने रक्षकहरुको अधिकारसमेत खतरामा पर्न थालेको छ। घोषणापत्र जारी भएको ५० वर्षपछि सन् १९९८ मा विश्वभरका मानवअधिकार रक्षकहरु एकै ठाउँमा भेला भएर सरकारद्वारा आफ्नो अधिकारको सुनिश्चितता गरिनुपर्ने कुरा उठाए। यसरी, सन् १९४८ ताका नसोचिएका सवालहरु अहिले ज्वलन्त रुपमा उठाउन थालिएको छ। संयुक्त राष्ट्रसंघको महासभाले ९ डिसेम्बर १९९८ का दिन रक्षकहरुको अधिकारका सम्बन्धमा घोषणापत्र जारी गरेको छ।

तर, वर्तमान परिप्रेक्ष्यमा तिनै राष्ट्रहरुले घोषणापत्रको अवहेलना गरेको वा पालना नगरेको पाइन्छ। आज विश्व नै हत्या र हिंसाको चपेटामा रुमल्लिएको छ। विश्वका जनताले फेरि १९४५ र १९४८ को समयलाई फर्केर हेर्नुपर्ने अवस्था सृजना भएको छ। सन् १९४८ बाट शुरु भएको मानवअधिकारहरुको प्रारम्भिकरुपको व्यवस्थित प्रयास २००४ मा आएर समीक्षा गर्नु अति नै जरुरी भएको छ। मानवअधिकारको ऐतिहासिक विकासक्रम हेर्ने हो भने, मानिसको प्रकृतिक गुणका कारण मानवअधिकारको अवधारणा विकास भएको हो। तर, वर्तमान सन्दर्भमा त्यही प्राकृतिक गुणका रुपमा देखिनुपर्ने मानवता कमजोर भएको छ। घोषणापत्रले युद्ध र हिंसाको क्रममा मानवता हराएको आजकोजस्तो अवस्थालाई पनि सम्बोधन गर्न सक्नुपर्थ्यो। जेनेभा महासन्धिहरुमा मात्र यो कुरा समेटेको भनेर पुग्दैन। मानिसले मानिसको सम्मान नगर्दा आजको विश्व परिवेश हाम्रा सामू खडा भएको छ। घोषणापत्रको कानुनी शासनको अवधारणालाई राज्यले पछ्याउन नसक्दाको परिणाम नै वर्तमान अवस्था सृजना भएको हो।

मानिसका नैसर्गिक अधिकारलाई पहिलोपल्ट अन्तिम दुई प्राविधिक धाराहरु बाहेकका अठ्ठाईसवटा धाराहरुमा समेटिएका अधिकारहरु अहिलेको सन्दर्भमा मानवीय गरिमाको सम्मान गर्न कति सक्षम छन् ? विश्वमा शान्ति कायम गर्न र मानवको अन्तस्करणमा चोट नपुऱ्याउन ती धाराहरुमा उल्लेख गरिएका अधिकारहरु सक्षम छन् ? घोषणापत्र जारी हुँदा यसको पक्षमा ४८ देशहरुले मतदान गरेका थिए भने विपक्षमा कोही थिएन। तर, ८ वटा देश तटस्थ रहेका थिए। अहिले संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुको संख्या १ सय ९१ पुगिसकेको छ। बदलिएको परिवेशमा घोषणापत्रउपर व्यापक छलफल संचालन गर्नु आवश्यक छ।

घोषणापत्रका सिद्धान्तहरुमध्ये विश्वव्यापीकरणको सिद्धान्तले आजसम्म चुनौतिको सामना गरिरहनु परेको छ। सबै राष्ट्रका लागि सबै अधिकारको प्रावधान समान नहुने र स्थान एवम् स्थितिअनुसार मानिसका अधिकार फरक-फरक हुने कुरा एकथरिले उठाइरहेका छन्। तर, हामी मानवअधिकार रक्षकहरुको लागि स्थान र स्थिति फरक भएपनि मानिसका अधिकारहरु एकै किसिमका हुन्छन्। स्थान र स्थितिअनुसारको क्रियाकलाप फरक हुनसक्छ। तर, आधारभूत अधिकार फरक हुन सक्दैन। साँस्कृतिक भिन्नताका आधारहरु फरक हुन सक्लान्। तर, नैसर्गिक मानवअधिकार फरक हुन सक्दैनन्। हामी मानवअधिकार कार्यकर्ताहरुले संसारभरिका मानिसहरु एकै हुन, मानिसका अधिकारहरु अभिभाज्य छन् भन्दै आएका छौं। घोषणापत्रले यही अवधारणा अघि सारेको छ तर, यतिका वर्षसम्म पनि विश्वव्यापीकरणको मान्यता स्थापित हुन सकेको छैन। मानवअधिकारको विश्वव्यापी घोषणापत्र पश्चिमको उपहार होइन भन्ने कुरा अझै विश्वव्यापी हुन सकेको छैन। "कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणापत्रमा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरुलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको काम गर्न पाउने गरी यसको व्याख्या गर्न पाउँदैन" अन्तिम धाराका रुपमा रहेको यो वाक्यले दिएको चेतावनीविपरीत घोषणापत्रको आ-आफ्नै ढंगले व्याख्या गर्ने क्रम संसारका शासकहरुबीच रोकिएको छैन। वास्तवमा, घोषणापत्रको सही व्याख्या अझै विश्व्यापीरुपमा हुन सकेको छैन। जनताका आर्थिक अधिकारहरुलाई योजनाबद्धरुपमा क्रमशः पूरा गर्दै लैजानुपर्ने राज्यको दायित्वको सिद्धान्तलाई पनि लत्याइएको छ। राज्यहरुले सकेसम्म आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुका निम्ति प्रयास गर्दै जाने कुरा ओठेभक्ति सावित हुनपुगेको छ।

नागरिक तथा राजनीतिक अधिकार एवम् आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुबीचको अभिभाज्यताको सिद्धान्त व्यवहारमा स्थापित हुन सकेको छैन। शक्ति राष्ट्रहरुले यसमा उल्लेखित मानवीय गरिमाका मापदण्डहरुलाई लत्याएका छन्। यातना, बेपत्ता पारिने क्रम आजको युगका प्रजातान्त्रिक भनाउँदा सत्ताका निम्तिसमेत हतियार बन्न पुगेका छन। राष्ट्रहरुले घोषणापत्रको मर्मलाई औपचारिकरुपमा आफ्ना मूल कानुन वा सिद्धान्तहरुमा समेटेपनि व्यवहारमा रुपान्तरण नै कन्जुस्याई गरेका छन्।

पक्ष राष्ट्रहरुले घोषणापत्र जारी भएको ५५ वर्षमा के-कति मानवअधिकार रक्षा र सम्बर्द्धन गर्न सकियो भनेर समीक्षा, मूल्यांकन गर्ने बेला आएका छ। घोषणापत्रकै कमजोरी वा सान्दर्भिकताको कमीका कारण भएको हो त? यस विषयमा पनि बहस गरी घोषणापत्रलाई साँचो अर्थमा विश्वव्यापी स्वरुप प्रदान गर्नु जरुरी छ।

●

नेपालमा बेपत्ता पारिने समस्या र राष्ट्रिय मानव अधिकार आयोग

सुशील प्याकुरेल

मानवअधिकार हननको विरुद्ध गरिने कारवाही कुनै समय सीमाभित्र रहँदैन। दशकौंपछि पनि मानवअधिकारविरोधी अपराधमा संलग्न व्यक्तिहरूले सजाय पाएका छन्। यस्तो सजाय पाउनेमा कुनै बखत राष्ट्र प्रमुखहरू समेत भएका उदाहरणहरू प्रशस्त छन्।

लामो समयदेखि नेपालमा प्रचलनमा रहेको दण्डहिनताकै एउटा उपजका रुपमा व्यक्तिलाई बेपत्ता पार्ने क्रम बढ्दै गएको पाइन्छ। शासक वर्ग र तिनका वरिपरिकाले विभिन्न स्वार्थवश व्यक्तिलाई अपहरण गरेर हत्या समेत गर्ने गरेको इतिहासमा पाइन्छ। शासनले राज्यको संगठित रुप लिनेक्रममा नै विरोधीहरुको समाप्तिको लागि बेपत्ता पारिने क्रम बढेको भएता पनि नेपालमा सुनियोजित रुपमा र राज्यको प्रत्यक्ष संलग्नतामा ०१७ सालको राजनीतिक परिवर्तनपछि बेपत्ता पारिने क्रम देखिन थालेको पाइन्छ।

०१७ साल पुस १ गते राजा महेन्द्रले तत्कालीन संसदीय व्यवस्था समाप्त पारी स्थापना गरेको निर्दलीय पंचायती व्यवस्थाको ३० बर्षे कालमा विशेषगरी निर्दलीय व्यवस्था विरोधी राजनीतिक व्यक्तिहरुलाई बेपत्ता पारिएको तथ्य ०४६ सालको परिवर्तनको तत्कालपछि गठन भएको बेपत्ता पारिएका व्यक्तिहरु पत्ता लगाउन बनेको समितिले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ। समितिका अनुसार, ०१७ देखि ०४६ सालको अवधिमा ३५ जना व्यक्तिहरु बेपत्ता पारिएका थिए। त्यसैगरी ०४२ सालको बमकाण्डको रुपमा चर्चित पञ्चायतविरोधी हिंसात्मक आन्दोलनको क्रममा ४ बर्षको अवधिमा ८ जना बेपत्ता पारिएका थिए।

प्रजातन्त्रको पुर्नस्थापनापश्चात् बेपत्ता पारिने क्रम कम भएको देखिन्छ। तर, ०४९ र ५० सालमा २ जना व्यक्तिहरु प्रहरीले बेपत्ता पारेको चर्चा भने अत्यधिक मात्रामा रह्यो। देशमा प्रजातन्त्रको स्थापना भइसकेको र प्रजातान्त्रिक संविधानअनुरुपको सार्वभौम संसद र स्वतन्त्र न्यायपालिका अस्तित्वमा आइसकेको भएता पनि दुवै निकाय बेपत्ता पारिने कामप्रति उदासीन नै रहेको पाइन्छ।

०५२ सालमा नेकपा (माओवादी) ले जनयुद्धको नाममा हिंसात्मक गतिविधि संचालन गरेपछि सुनियोजित रुपमा बेपत्ता पारिने काम प्रहरीबाट पुन: शुरु भएको पाइन्छ। ०५२ देखि ०५६ को अवधिभित्र करिब १०० जनालाई राज्य र गैरराज्य पक्षबाट बेपत्ता पारिसकिएको थियो। नेकपा (माओवादी) ले ठूले राईको अपहरण गरी शुरु गरेको सिलसिलामा व्यापक बढोत्तरी हुँदैगयो । ०६० साल मंसिर २४ गते राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो स्थापनाको तीन बर्षे कार्यकालमा आयोगमै दर्ता भएको आधारमा ७ सय ९ जना व्यक्तिलाई सरकार र माओवादीका तर्फबाट बेपत्ता पारिएको सूचीमा राखि नाम, ठेगाना प्रसार गरेपछि राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा नेपालको बारे चासो देखा पर्दैछ। नेपाल बेपत्ता पारिने मुलुकको क्रममा सिरानमा पुगेको छ भने राष्ट्रिय मानव अधिकार आयोगले संयुक्त राष्ट्रसंघीय कार्यदलका विशेषज्ञलाई नेपाल आउन आमन्त्रण गर्न सरकारसमक्ष अनुरोध गरिसकेको छ।

मन्त्री नहुँदा के भनियो ?

राज्यको नियन्त्रणमा रहेका नागरिकहरु बेपत्ता पारिनु वा मारिनु प्रजातन्त्रकै उपहास हो। यो घटना डरलाग्दो प्रवृत्तिको सूचक हो। राज्ययन्त्रले नियन्त्रणमा लिइसकेका नागरिकहरु हराउनु र राज्यले केही नभन्नु सरकारको अधिनायकवादी शैली हो। जुनसुकै कारणले पनि नागरिक बेपत्ता हुनु हुँदैन र कुनै नागरिक किन र कसरी बेपत्ता भयो भन्ने कुरा आम नागरिकले थाहा पाउनु पर्छ।

डा. प्रकाशचन्द्र लोहनी

तत्कालीन उपाध्यक्ष, राप्रपा

(०५६ सालमा इन्सेकद्वारा प्रकाशित "उनीहरु कहाँ छन्" भाग-२, पेज ९१ बाट)

बेपत्ता पारिनेप्रति विश्व चासो

बेपत्ता पारिने गतिविधिलाई मानवअधिकारको गम्भीर उल्लंघनको रुपमा लिइन्छ र यसलाई रोक्नु सरकारको दायित्व भएको मानिन्छ। संयुक्त राष्ट्रसंघको स्थापनापश्चात् विकसित भएका मानवअधिकारका सिद्धान्तहरुमा व्यक्तिको गिरफ्तारीलाई न्यायालयको स्वीकृतिभित्र राखिनुपर्ने अवधारणा अघि सारियो। त्यही अवधारणाअनुसार कानुनी प्रक्रियाबेगर कसैलाई पनि गिरफ्तार वा नजरबन्द गर्न नपाइने कुरा स्पष्टरुपमा उल्लेख गरिएको छ।

सन् १९९२ मा संयुक्त राष्ट्रसंघको महासभाले जर्बजस्ती बेपत्ता पारिनबाट नागरिकहरुलाई सुरक्षा प्रदान गरिने घोषणापत्र जारी गऱ्यो। एमनेष्टी इन्टरनेशलले पनि बेपत्ता पार्ने क्रम उन्मूलन गर्ने सम्बन्धमा चौधसूत्रीय कार्यक्रमको घोषणा गऱ्यो।

संयुक्त राष्ट्रसंघको महासभाले "बेपत्ता पारिने कुनै पनि काम मानव गरिमाप्रतिको खुला अपराध हो" (धारा १) भनेको छ भने सबै किसिमका जबरजस्ती बेपत्ता पार्ने कामलाई गैरकानुनी ठहर गरी गम्भीर अपराधको श्रेणीमा राखि उचित दण्ड सजायको व्यवस्था गर्न सदस्य राष्ट्रलाई आग्रह गरेको छ (धारा ४)।

त्यतिमात्र होइन, "जबर्जस्ती बेपत्ता पार्ने काम गर्ने अपराधीहरुलाई र अधिकारीलाई समेत अन्तर्राष्ट्रिय कानुनअनुसार सजायको भागी बनाउने (धारा ५) कुरा समेत घोषणापत्रमा उल्लेख छ। २० वटा धारा भएको सो घोषणापत्रले बेपत्ता पारिने कामजस्तो संगीन अपराधको उन्मूलनका लागि राज्यको दायित्व भएको उल्लेख गरेको छ। एमनेष्टी इन्टरनेशनलले सरकारले प्रहरी, सैनिक तथा अन्य सुरक्षा निकायका सबै सदस्यहरुलाई, बेपत्ता पारिने काम कुनै पनि परिस्थितिमा सहय हुने छैन भन्ने सार्वजनिकरुपमा प्रष्ट पार्नुपर्छ भनी माग गरेको छ।

नेपाल अधिराज्यको संविधान २०४७ ले पनि मौलिक अधिकार, (फौजदारी) कानुनको अधिकार सम्बन्धी धाराहरुमा कुनै पनि व्यक्तिलाई हिरासतमा लिन र लिइसकेपछि अपनाउनुपर्ने कार्यविधि स्पष्ट पारेको छ। उपरोक्त आधारहरुमा नेपालमा केही वर्षयता बढेको बेपत्ता पारिने क्रमले नेपालमा मानवअधिकारको स्थिति ज्यादै नराम्रो हुँदै गएको स्पष्ट हुन्छ।

किन हुन्छ बेपत्ता पारिने काम ?

राजनीतिक प्रतिस्पर्धीको दमनको लागि गैरकानुनी प्रकृयाद्वारा राष्ट्रको सुरक्षाबलको प्रयोगबाट बेपत्ता पारिने गरिन्छ र यसप्रति सरकार र सत्तापक्षको मौन स्वीकृति भएको पाइन्छ। यतिमात्र हैन, सरकार कतिपय बेला सुरक्षाबलको त्यस्तो गैरकानुनी काममा सरकार र राजनीतिक नेतृत्व सशस्त्र शक्तिको अगाडि नतमस्तक भएका उदाहरणहरु छन्।

नेपालमा पञ्चायती व्यवस्थामा नागरिक प्रशासनको हालत यस्तै थियो। पञ्चायत विरोधीलाई बेपत्ता पारिने काममा तत्कालीन सरकारका नागरिक प्रशासन वा राजनिति व्यक्तिहरुको ठाडो निर्देशनमा पनि सैनिक र प्रहरीबाट पक्राउ परेका व्यक्तिहरुको गैरकानुनी हत्याप्रति उनीहरुको मौनता बढी रहेको पाइन्छ।

०४६ सालमा प्रजातन्त्रको आगमनपछिको ३ बर्षमा भएका २ बेपत्ता पनि उस्तै थिए। तर, ०५२ सालमा माओवादी "जनयद्ध" शुरु भएपछि भने यो नियोजितरुपमा बढ्दै गएको छ। वर्तमान स्थितिमा भने यो "लुकाइएको दुर्घटना" भन्न नमिल्ने ठाउँमा पुगिसकेको छ।

बेपत्ता पारिने क्रम र राष्ट्रको भविष्य

बेपत्ता पारिने प्रचलन संगीन अपराधभित्र पर्दछ। यसले जनताको कानुनी उपचारको अधिकारलाई मात्र हनन गर्ने छैन त्योभन्दा बढि जनताको राज्यप्रतिको विश्वसनियता गुम्न जान्छ र देश श्रृंखलाबद्ध हिंसात्मक गतिविधितिर धकेलिन्छ। कानुन र प्रक्रियाबाट जनताको विश्वास गुम्न गई सुरक्षाको लागि राज्यप्रति जनता उदासीन बन्न पुग्दछन् भने राज्यको सशस्त्र बल कानुनी प्रक्रियाभन्दा आफुलाई माथि राख्न थाल्छ। यसले अन्त्यमा ठूलो नरसंहारसमेत ल्याउन सक्छ। प्रजातान्त्रिक प्रक्रियाहरु निष्प्रभावी बन्दैजान्छ। ग्वाटेमाला, एल साल्भाडोर लगायत्का राष्ट्रहरु तथा पूर्व युगोस्लाभिया यसको उदाहरण बनिसकेका छन्।

के गर्न सकिन्छ यसको रोकथामको लागि ?

बेपत्ता पारिने क्रम कानुनी प्रक्रियालाई प्रभावकारीरुपमा स्थापित गरेर मात्र रोक्न सकिन्छ र त्यसका लागि दोषीलाई सजाय र पीडितलाई पर्याप्त आर्थिक क्षतिपूर्ति तथा सामाजिक पुनर्स्थापनाको आवश्यकता पर्दछ। यो काम एउटा प्रतिबद्ध राजनीतिक नेतृत्व, प्रजातान्त्रिक व्यवस्था र सक्रिय नागरिक समाजको प्रयासविना सम्भव छैन। त्यसैले सबैभन्दा पहिलो कानुनी प्रक्रिया अवलम्बन गरिने प्रजातान्त्रिक अवस्थाको सृजना गर्नु आवश्यक छ। त्यसका निम्ति तत्काल बेपत्ता पारिएका व्यक्तिहरुको खोजी र त्यस्तो काममा संलग्नहरुलाई न्यायको कठघरामा ल्याउनु आवश्यक हुन्छ। यस कामको लागि पर्याप्त अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्न सकिन्छ।

अन्त्यमा,

बेपत्ता पारिने काममा संलग्नहरुले बुझ्नुपर्ने कुरा के हो भने, मानवअधिकार हननविरुद्धको कारवाही कुनै समय सीमा भित्र रहँदैन। दशकौंपछि पनि मानवअधिकार विरोधी अपराधमा संलग्न व्यक्तिहरुले सजाय पाएका छन्। यस्तो सजाय पाउनेमा कुनै बखत राष्ट्र प्रमुखहरुसमेत भएका उदाहरण प्रशस्त छन्। बेपत्ता पारिने काम मानवता विरोधी अपराध हो भन्ने जागरुकता विश्वभरी आइसकेको छ।

नेपालमा हाल चल्दै आएको बेपत्ता पारिने क्रमप्रति अन्तर्राष्ट्रिय चासोमा निकै बृद्धि भइसकेको छ र राष्ट्रियस्तरमा पनि संगठितरुपमा विरोध हुँदैछ। समयमै यहाँको नेतृत्व र सुरक्षाबलले सोच पुऱ्याउन नसके राष्ट्रले ठूलो क्षति व्यहोर्नुपर्ने हुनसक्छ।

नेपालमा घातक द्वन्द्व र शान्तिका प्रयासहरू

– बालकृष्ण कट्टेल

> "जनआन्दोलनको सफलतापछि पनि ग्रामीण तथा शहरी इलाकाहरूमा सशक्तिकरण हुन सकेन। राजनीतिक नेताहरूले लोकप्रिय जनसहभागिताको नारा पटक-पटक दोहोऱ्याए पनि उनीहरूको व्यवहार र प्रवृत्तिमा खासै परिवर्तन नआएकोले यो अप्रभावकारीसिद्ध भयो। पुनर्स्थापित प्रजातन्त्रपछिको पहिलो सरकार नेपाली काँग्रेस र यसको सहज बहुमत दीर्घकालीन छाप छोड्ने नीति निर्माण र राजनीतिक संस्कृतिको विकासमा लाग्नुको सट्टा प्रतिपक्षीहरू र त्यसमा पनि उक्त सरकारको कम्युनिष्टविरोधी नीतिले दीर्घकालीन काँग्रेस र कम्युनिष्ट शत्रुताको बीजारोपण गऱ्यो।"

घातक द्वन्द्व

घातक द्वन्द्व छनौटको परिणाम हो। जब नेता/नेतृत्व र जनताको छनौटमा मतभेद हुन्छ, तब प्राप्तिको लागि समूहमा विभक्त व्यक्तिहरु संगठित हुन्छन् र अन्तिम विकल्पको रुपमा युद्धलाई अंगाल्न पुग्छन्। हरेक युद्धका प्रकृया र परिणाम सुदीर्घ र पीडादायी हुन्छन्। युद्धले नै डरलाग्दो राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक वातावरणको सृजना गर्दछ, जसको कारण सामाजिक, आर्थिक पक्षमा नराम्रो धक्का पुग्दछ। घातक द्वन्द्व मानवीय चाहना होइन। तर, जब मानिसलाई प्रकृयागतरुपमा दमन गरिन्छ र उसमाथि अत्याचार थोपरिन्छ, यस्तो अमानवीय पीडाबाट मुक्ति पाउनको लागि अन्तिम विकल्पको रुपमा उसले हतियार उठाउँदछ। हिंसा स्वभावैले जानाजान हिंस्रह प्रत्युत्तरको परिणाम हो। नियमित साँस्कृतिक विभेद, राजनीतिक तथा आर्थिक दमन, अवैधानिक सरकारी नियुक्ति, तथा भ्रष्ट शासकहरु नै घातक द्वन्द्वका सर्जक हुन्। अत्यावश्यक श्रोत र साधनहरुको अभावले मानिसमा निराशा पैदा गर्दछ। निराशाले मानिसभित्र त्रासको सृजना गर्दछ र निराशा र त्रासबाट मुक्ति पाउन मानिस प्राप्त हतियार लिएर संगठित हुन्छन्, युद्धमा समाहित हुन्छन्।

हिंसा एकपक्षीय प्रतिनिधिको रुपमा अस्तित्वमा रहन सक्दैन। यो दुई वा सोभन्दा बढी समूहको बीचमा उत्पन्न हुन्छ। जब नेतृत्वकर्ता आफ्नो निश्चित उद्देश्य हिंसात्मक युद्धविना पूर्ण नहुने ठान्छन्, तब उनीहरु समाजमा दमित, हेपिएर रहेका, निराशा र त्रासमा बाँचेका मानिसहरुको समूहलाई प्रभावित गर्छन् र युद्ध नै मुक्तिको बाटो हो भन्ने कुरामा राजी बनाउँछन्। कटिबद्ध नेतृत्वदायी व्यक्तिको अभावमा पनि विभक्त समूहले समाजमा उपद्रव मच्चाउँदछन्, तर त्यो प्रभावकारी र सिलसिलेवार हुन सक्दैन। तसर्थ, युद्धको उठान सामाजिक वा आर्थिक जे भए पनि यसले अन्ततः राजनीतिक रंग धारण गर्दछ र निदानको लागि राजनीतिक बाटो नै पहिल्याउनुपर्ने कुरा प्रयोगहरुबाट साबित भएको पाइन्छ।

संसारका अधिकांश घातक द्वन्द्वहरु आन्तरिक युद्धको रुपमा देखा परेका छन्। यस्ता युद्धहरु प्रायशः परम्परागत हतियारहरु नै उठाएर लडेको पाइन्छ र युद्धमा लडाकू दस्ताका सदस्यहरुभन्दा पनि बढी निर्दोष नागरिकहरु मृत्यूको शिकार भएका छन्। कुनै पनि युद्ध आफैमा विस्फोट हुँदैन, समाजमा एउटा निश्चित व्यक्ति वा वर्गले युद्ध गर्न इच्छित समूह, जो एक वा अनेक पक्षबाट पीडित छ, लाई युद्धको निम्ति नेतृत्व दिने गर्दछ। यसकारण युद्ध विशेष गरी एउटा निश्चित समूहको हातमा केन्द्रित राजनीतिक हतियार पनि हो। फरक विश्वास, फरक आस्था र फरक सोचले मानव समुदायमा असहमति बढाउँदछ। असहमत समूहबीच झगडाको बीजारोपण हुन्छ र द्वन्द्वको स्वरुप देखा पर्दछ। यसै पृष्ठभूमिमा, यो आलेख माओवादी "जनयुद्ध" सम्बन्धी कारणको अत्यन्तै संक्षिप्त चर्चा गर्दै नेपालमा घातक द्वन्द्वलाई नियन्त्रण गर्दै शान्ति स्थापनाका लागि भएका प्रयासहरुमा केन्द्रित छ।

नेपालमा घातक द्वन्द्व

नेपालीहरुको इतिहास युद्धको आधारशिलामा अडेको पाइन्छ। नेपालको २३४ वर्षे राजनीतिक इतिहासले आफ्नो

निर्माणको क्रममा धेरैपटक उहापोहहरु भोगेको छ। लगभग २१९.५ वर्षे नेपाली इतिहास निरंकुशता र सरकारी दमनको कालखण्डमा गुज्रिएको पाइन्छ। जनताका नाममा संचालन गरिएका र प्रयोगमा ल्याइएका शासन विधिहरु कदापि जनपक्षीय हुन सकेनन्। जनतालाई नै मोर्चाको अघिल्लो लहरमा राखेर लडिएका युद्धहरु र तिनबाट सृजित राजनेताहरुले जनताको नाममा नै निरंकुश शासन चलाएको नेपालको इतिहास साक्षी छ। तसर्थ, हिंसा, पीडा र आकांक्षाहरुको असामयिक अन्त्य जनताका संग्रहित प्राप्ति बन्न पुगे। सो प्रकृया ०४६ सालको प्रजातन्त्रको पुनर्वहालीपछि पनि क्रम रह्यो। ०४६ सालको जनआन्दोलन नेपाली इतिहासको ऐतिहासिक घटनाक्रम भएता पनि यसले सामान्य जनता, जसलाई वाक् स्वतन्त्रताभन्दा पनि बढी खाद्यान्नसम्मको पहुँच र अवसरको सामरिक वितरण आवश्यक थियो, को जीवनमा खासै प्रभाव पार्ने खालको परिवर्तन देखापर्न सकेन। यसले जनइच्छित प्रजातान्त्रिक युगको थालनी त गऱ्यो, तर त्यो युग खासै लामो समयसम्म रहन सकेन। लामो समयसम्म संघर्ष गरेर प्राप्त प्रजातन्त्रले वाञ्छनीय सामाजिक प्रजातान्त्रिक पद्धतिको संस्कृतिको विकास गर्न सकेन। जनताको शासनको नाममा भएका र देखिएका विरोधाभाषपूर्ण निर्णय र खेलले "प्रजातन्त्र नै खराब" भन्ने संज्ञा दिलायो। "प्रजातान्त्रिक अभ्यास"का नाममा भएका वर्षेनीप्रायः सरकार परिवर्तनका खेलले शासनको अभाव बढायो। प्रजातन्त्रको जसरी व्याख्या र प्रयोग भयो नेपालमा, यो गरिब र राजनीतिक घेराभन्दा बाहिर रहेका व्यक्तिहरुको पक्षमा हुन सकेन (श्रेष्ठ २००१)। जनआन्दोलनको सफलतापछि पनि ग्रामीण तथा शहरी इलाकाहरुमा सशक्तिकरण हुन सकेन। राजनीतिक नेताहरुले लोकप्रिय जनसहभागिताको नारा पटक-पटक दोहोऱ्याए पनि उनीहरुको व्यवहार र प्रवृत्तिमा खासै परिवर्तन नआएकोले यो अप्रभावकारीसिद्ध भयो। पुनर्स्थापित प्रजातन्त्रपछिको पहिलो सरकार नेपाली काँग्रेस र यसको सहज बहुमत दीर्घकालीन छाप छोड्ने नीति निर्माण र राजनीतिक संस्कृतिको विकासमा लाग्नुको सट्टा प्रतिपक्षीहरु र त्यसमा पनि उक्त सरकारको कम्युनिष्टविरोधी नीतिले दीर्घकालीन काँग्रेस र कम्युनिष्ट शत्रुताको बीजारोपण गऱ्यो। संभवतः यो नीतिले नै वर्तमान नेपालको तस्वीरलाई रंग भर्ने काम गर्दछ। संयुक्त जनमोर्चा नेपालका तत्कालीन विधायक अमीक शेरचनको भनाईमा, "यदि त्यो (प्रजातन्त्र पुनर्वहालीपछिको पहिलो सरकार) गिरिजाप्रसाद कोइराला र खुमबहादुर खड्काको पक्षमा थिएन भने सायद नेपालमा माओवादी "जनयुद्ध" हुने थिएन" (थापा २००३)। धेरैजसो जिल्लामा नेपाली काँग्रेसको आधार संगठन थिएन। कम्युनिष्टहरुको तुलनामा काँग्रेसको आधार इलाका दयनीय थियो। यसकारण आफ्नो शक्ति निर्माणको लागि पूर्वपञ्चहरुलाई पार्टीमा प्रवेश गराउने काम अत्यन्त तीब्र भयो। यो क्रमको ६ महिनामा नै "असली काँग्रेस"को तुलनामा पूर्वपञ्चहरुको संख्या पार्टीभित्र बढी देखियो। शहर र ग्रामीण क्षेत्रमा ४० प्रतिशत पूर्वपञ्चहरु नेपाली काँग्रेसमा प्रवेश गराइए भने १० प्रतिशत पूर्वपञ्चले नेकपा (एमाले) मा प्रवेश पाए (थापा २००३)। राज्य संचालनको महत्वपूर्ण अवसर पाएको नेपाली काँग्रेसको सरकार जनपक्षीय काम गर्नुभन्दा पनि बढी राज्यसंयन्त्रलाई "काँग्रेसीकरण" गर्नपट्टि उद्दत भयो। प्रहरी-प्रशासन जनसुरक्षाभन्दा पनि बढी काँग्रेस कार्यकर्ताको आदेश सुन्न र परिपालना गर्न तल्लीन रह्यो। र, स्थानीय काँग्रेस कार्यकर्ताको निर्देशनमा रोल्पा, रुकुमलगायत् पश्चिम नेपाली ग्रामीण जिल्लाहरुमा राजनीतिक प्रतिशोधको भावनाबाट प्रेरित भएर कम्युनिष्ट कार्यकर्ता, शिक्षक, कर्मचारीहरुलाई पक्राउ तथा दण्डित गर्ने काम भयो। स्थानीय निर्वाचन ०४९ एकपक्षीयरुपमा संचालन गरियो, यहाँसम्मकि गैरकाँग्रेस उम्मेद्वारलाई उम्मेद्वारको रुपमा नाम दर्तासमेत गर्न दिइएन। यसरी हरेक क्षेत्रबाट प्रताडित स्थानीय जनताले विद्यमान प्रशासनिक विभेद तथा राजनीतिक निरंकुशताको विरुद्धमा सोच्न वाध्य भए र विकल्पको रुपमा हतियार उठाउन पुगे। माओवादी "जनयुद्ध" शुरु भएयता ४ हजार ६ सय ८७ जना नागरिकले ज्यान गुमाएका छन्। १२ हजारभन्दा बढी पक्राउ गरेका छन् र ३ हजार ४ सय जनाजति अपहरण र बेपत्ता पारिएका घटनामा पीडित भएका छन्।[1] समग्रमा, कारणहरु सामाजिक, आर्थिक, साँस्कृतिक भए पनि आखिर राजनीतिक प्रतिशोध नै नेपालमा घातक द्वन्द्वको मूल कारण बन्न पुग्यो।

नेपालमा शान्ति प्रयास

नेपालमा विद्यमान द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि नागरिक समाजले जनयुद्धको शुरुवातदेखि नै आव्हान गर्दैआएको थियो। माओवादी श्रोतका अनुसार, शान्तिवार्ताको लागि उपयुक्त वातावरण ०५५ साउनताका बन्दै गरेको समयमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, गृहमन्त्री गोविन्दराज जोशी, प्रहरी महानिरीक्षक अच्यूतकृष्ण खरेल, परराष्ट्रमन्त्री चक्रप्रसाद बास्तोला र अन्य कोइराला परिवारका सदस्यहरु "गोप्य बैठक" मा व्यस्त थिए र माओवादीहरुको सूचना संकलन गरी माओवादी सैन्यदस्तालाई पक्रने र मार्ने योजना, "साइलेन्ट किलोसेरा थ्री अपरेशन" निर्माणमा व्यस्त थिए। यसकारण त्यो समयमा शान्तिवार्ताको लागि उल्लेख्य पहल हुन सकेन (कट्टेल २००१)। यसको दुई वर्षपछि ०५६ मा प्रचण्डले आफ्नो न्यूनतम तथा अति महत्वपूर्ण तीन बुँदे मागलाई अघि सारेर वार्ताको लागि आव्हान गरे-

"यदि यी न्यूनतम शर्तहरु (सरकारपक्षबाट) पूरा गरिएमा हामी वार्ताको लागि उच्चस्तरीय वार्ताटोली पठाउन तयार छौं र वार्ताको अवधिभर हाम्रा सम्पूर्ण क्रियाकलापहरु बन्द गर्दछौं।"

प्रचण्डद्वारा अघि सारिएका पूर्वशर्तहरु पूरा गर्न नसकिने खालका थिएनन्। ती सामान्यतया निम्नबमोजिम थिए-

- माओवादी केन्द्रीय कमिटीका सदस्यसहित राज्यद्वारा बेपत्ता पारिएका सम्पूर्ण माओवादी कार्यकर्ताको स्थिति सार्वजनिक गरिनुपर्ने,
- पक्राउ गरिएका सम्पूर्ण कार्यकर्ता तथा पार्टीप्रति सहानुभूति राख्ने व्यक्तिहरुको रिहा गर्न तत्काल पहल गर्नुपर्ने, र
- सम्पूर्ण "राज्य आतंक" बन्द गरी रुकुमलगायत्का जिल्लाहरुमा भएको आगजनी रोकी दोषीलाई कारवाही गरिनुपर्ने पीडितलाई उचित राहत प्रदान गरिनुपर्ने (थापा २००३)।

यद्यपि वार्ताको लागि यो नै अन्तिम आव्हान थिएन। यसको ठीक एक वर्षपछि ०५७ माघमा माओवादीले वार्ताको लागि पुन: आव्हान गरे। उनीहरुकै शब्दमा वार्ताको माध्यमबाट उनीहरु "सर्वपक्षीय सम्मेलन" उक्त सम्मेलनद्वारा "अन्तरिम सरकारको चुनाव" र अन्तरिम सरकारको नेतृत्वमा "जनसंविधान सुनिश्चित" गर्न चाहन्थे (थापा २००३)।

वार्ता प्रकृया - १

युद्धविरामको घोषणा

माओवादीबाट समय-समयमा वार्ताको लागि हुँदै आएका तरल प्रतिबद्धताहरुले ८ साउन ०५८ मा ठोस रुप लियो। शेरबहादुर देउवाले दोश्रोपटक प्रधानमन्त्रीको पद सम्हालेपछि द्वन्द्वरत दुवै पक्ष वार्ताको लागि राजी भए। वार्ता "गिरिजासँग नाई" भन्ने माओवादी अडानले पनि सत्ता आरोहणमा सहज वातावरणका साथ पुगेका देउवाले १० साउन ०५८ मा सरकार पक्षबाट हुँदै आएको माओवादी विरुद्धको सुरक्षा कारवाही रोकी माओवादीलाइ पनि सोही गर्न अनुरोध गरे। माओवादी पक्षले पनि सरकारको उक्त आव्हानलाई सकारात्मक रुपमा ग्रहण गऱ्यो र वार्ताको लागि तयार भयो।

पहिलो चरणको वार्ता

नेपालको इतिहासमा नै संभवत: पहिलो पटक आन्तरिक द्वन्द्वरत पक्षहरु शान्तिवार्ताको लागि राजी भए। सँगसँगै माओवादीद्वारा संचालित हिंसात्मक कारवाही अन्त्य हुने आशा पलायो, जनमानसमा। द्वन्द्वरत पक्षबीचको आमने-सामने वार्ता पहिलो चरणमा गोदावरी, ललितपुरमा १४ भदौ ०५८ मा शुरु भयो। पक्षहरुबीचको आपसी अविश्वास हटाउनु र आपस्तमा वार्ताको लागि गरिएका प्रतिबद्धताप्रति विश्वास जगाउनु वार्ताको प्रमुख उपलब्धी थियो। यसका अलावा, माओवादी पक्षबाट न्यूनतम माग गणतन्त्र, नयाँ संविधान र नयाँ सरकारको लागि प्रस्ताव पेश, र सरकारी पक्षले दोश्रो चरणको वार्तामा आफ्ना सवालहरु प्रस्तुत गर्ने र तिनीहरुमाथि दुवै पक्षले छलफल गर्नेजस्ता सवालहरु उल्लेख्य रहे।

दोश्रो चरणको वार्ता

०५८ भदौ २८ र २९ मा वर्दियाको ठाकुरद्वारामा सम्पन्न दोश्रो चरणको वार्तामा माओवादी वार्ता टोलीले प्रमुखरुपमा तीन मागहरु प्रस्तुत गऱ्यो। मुख्य राजनीतिक प्रस्तावको रुपमा "जनताको समस्याको निकासको लागि बाधक बनेको वर्तमान संविधानको खारेजी र नयाँ संविधान निर्माणको लागि जनतालाई अधिकार प्रदान गरिनुपर्ने" कुरालाई प्रमुखताका साथ उठायो। साथै, "परम्परागत राजतन्त्रको अन्त्य भइसकेको" ले "गणतन्त्रको संस्थागत विकासको लागि प्रकृया प्रारम्भ गरिनुपर्ने" माओवादीको अर्को महत्वपूर्ण प्रस्ताव थियो। वार्ताको लागि वातावरण सहज बनाउनका लागि "जनयुद्ध पहिले र पछि विभिन्न समयमा पक्राउ परेका पार्टी कार्यकर्तालाई रिहा गरिनुपर्ने, हिरासतबाट नै बेपत्ता पारिएकाहरुको स्थिति सार्वजनिक गरिनुपर्ने र जनयुद्धविरुद्ध लक्षित गरेर बनाइएका कानुनहरुको खारेजी गरिनुपर्ने" माग माओवादीद्वारा अघि सारिएका माग मध्येको एक थियो। मागबमोजिम सरकारले सुरक्षा नियमावली खारेज गऱ्यो। थुनामा राखिएका व्यक्तिहरुको नाम सार्वजनिक गऱ्यो। तर, संविधानको खारेजी, संसद र सरकारको विघटन तथा गणतन्त्रको संस्थागत विकासको प्रस्तावमा सरकार अप्ठेरोमा पऱ्यो र वार्ता निष्कर्षविहीनरुपमा टुंगियो।

तेश्रो चरणको वार्ता

द्वन्द्वरत पक्षहरुबीचको तेश्रो चरणको वार्तासम्म कुनै उपलब्धी पाउन सकिएन। तेश्रो चरणको वार्तासम्म आइपुग्दा माओवादीले "हदैसम्म लचिलो" हुने क्रममा गणतन्त्रको मागलाई आफ्नो सवालबाट हटाई संविधान सभाको मागलाई प्रमुखताका साथ उठायो। तर, यो मागमा पनि सहमति कायम हुन सकेन। एकातर्फ सरकारी वार्ता टोलीका सदस्य नै माओवादीको माग यथार्थमा माग नै नभएको भन्नेजस्ता अभिव्यक्ति दिइरहेका थिए भने अर्कोतर्फ माओवादी सैन्यदस्ताले वार्ता भंग गरिनुपर्ने दबाब नेतृत्व पक्षलाई दिइरहेका थिए। सरकार पक्षबाट आएका विवादास्पद अभिव्यक्तिहरु र बन्दुक-बन्दुकबीचको शक्ति प्रतिस्पर्धामा कसले जित्ने भन्नेसम्मको भनाइले अन्तत: वार्ता भंग हुनुमा गएर टुंगियो। यसरी शान्ति कायम गर्नका लागि द्वन्द्वरत पक्षहरुबीच भएको शान्तिवार्ता भंग भएर युद्धको हिंसात्मक रुप देशमा फेरि देखापऱ्यो।

राज्यसँग कानुन थियो र माओवादीसँग आदेश। राज्यले यी दुईलाई एउटै ठाउँमा राख्न सकेको भए वार्ता सफल हुने थियो। वार्ताको समयमा कुनै पनि पक्षबाट लिनेदिने काम भएन। वार्ता अवधिभर बन्दुकमा बारुद नभरिए पनि बन्दुक बिसाइएको भने थिएन। यो अवधिलाई पक्षहरुले "हतियारलाई साँध लगाउने अवसरको रुपमा" प्रयोग गरे। "माओवादीको मात्र बन्दुक बलियो हुन्छ भन्ने होइन, बन्दुक-बन्दुक जुधाउँदा कसको ब[illegible] बलियो हुन्छ, त्यतिबेला नै थाहा हुन्छ" (इन्सेक २००२) जस्ता प्रधानमन्त्रीय अभिव्यक्तिले नै वार्ता भंग हुने स्थिति आयो। वार्ता भंग हुनुमा दुवै पक्ष दोषी छन्। तत्कालीन शान्ति वार्ताका सहजकर्ता दमननाथ ढुंगानाका अनुसार -

"दुवै पक्षहरु युद्धको मनस्थितिमा थिए। दुवै पक्ष सैन्यशक्ति बृद्धिमा तल्लीन भएकाले पक्षहरु वार्ताप्रति इमान्दार थिएनन्। तसर्थ, वार्ता असफल हुनुमा एउटामात्र पक्षलाई दोष दिनु नाजायज ठहर्छ" (कट्टेल २००३ मा उद्दरण भएअनुसार)।

त्यसैगरी तत्कालीन माओवादी वार्ता टोलीका संयोजक महराका अनुसार, "हाम्रो युद्धको सुरक्षाको लागि भए पनि हामीसँग हतियार उठाउनुबाहेक अर्को विकल्प थिएन" (ऐ.)। वार्ता असफल हुनुमा मुख्यत: २ [illegible] कारण थिए। पहिलो, माओवादीहरु शक्तिशाली सैन्य हमलाको तयारीमा थिए र वार्तालाई सो अनुरुप नै प्रयोग गर्दै थिए। अर्कोतर्फ, सरकार अत्याधुनिक हतियारहरु थुपार्ने र माओवादी सैन्यदस्तालाई शक्तिद्वारा नै ठीक पार्ने मूडमा थियो। यी दुई कारण नै प्रमुख हुन्- तत्कालीन शान्तिवार्ता असफल हुनुमा।

वार्ता प्रक्रिया - २

प्रजातान्त्रिक सरकारलाई अपदस्त गरेपछि बनेको चन्द सरकारको समयमा १५ माघ ०५९ मा नेपालले दोश्रापटक शान्तिवार्ताको संभावना देख्यो। माओवादीले आफ्ना सबै हिंसात्मक कार्य बन्द गर्ने र

शान्तिवार्ताको माध्यमबाट समस्याको हल गर्ने प्रतिबद्धता जाहेर गऱ्यो। सरकारले माओवादीलाई लगाएको "आतंककारी" को आरोप फिर्ता गर्नुका साथै रेड कर्नर नोटिसलाई पनि फिर्ता लियो। यसरी दुवै पक्ष "अर्थपूर्ण परिणाम" को लागि वार्तामा बस्न राजी भए। यसले युद्धपीडित जनतामा राहतको अनुभूति त गरायो नै, युद्धका कारण विस्थापित हुन पुगेकाहरुको पनि घर फर्कने क्रम बढ्यो। नागरिक समाजले शान्तिवार्ताको लागि गरेको पहलमात्र सफल भएन यो घटनाले, युद्धविरामले त समाजमा सुरक्षाको प्रत्याभूतिको वातावरणसमेत सृजना गऱ्यो।

पहिलो चरणको वार्ता

१३ जेठ ०६० मा काठमाडौंको शंकर होटलमा पहिलो चरणको वार्ता शुरु भयो। यही चरणमा माओवादी वार्ता टोलीको पक्षबाट राजनीतिक, सामाजिक तथा आर्थिक परिवर्तनको सवालमा लिखित विचार प्रस्तुत भयो। सरकारी पक्षबाट खासै सवालहरु प्रस्तुत नभएता पनि चार सदस्यीय वार्ता सहजकर्ता टोलीको निर्माण उक्त वार्ताको उपलब्धीको रुपमा रह्यो। राज्यशक्ति र राजनीतिक सवालहरु नै समस्याको प्रमुख कारण भएको हुनाले राजनीतिक मुद्दामानै वार्तालाई केन्द्रीत गरिनुपर्ने कुरा माओवादी पक्षबाट दोहोऱ्याइयो। "शान्तिवार्ता अत्यन्तै कठीन प्रकृया भएको हुनाले यसमा हतार गर्नु बुद्धिमानी नहुने" कुरा सरकारले अघि सार्दै वार्तालाई चरणबद्ध रुपमा विस्तारै लैजाने कुरा सरकारी पक्षको रह्यो।

दोश्रो चरणको वार्ता

२६ वैशाखमा पुन: शंकर होटलमा भएको वार्तामा खासै नयाँ सवालहरुले प्रवेश नपाएता पनि धुनामा परेका माओवादी कार्यकर्तालाई थुनामुक्त गर्ने र सैनिक गतिविधिलाई नियन्त्रणमा राख्दै सैनिकहरुको पहुँच ब्यारेकबाट ५ किलोमिटरको घेरामा सीमित राख्ने कुरा मुख्य निर्णयको रुपमा रहे। वार्ता सहजकर्ता टोलीको निर्माणमा पक्षहरुबीचको सहमति प्रमुख उपलब्धी रह्यो। सरकारी टोलीले दोश्रो चरणको वार्तालाई "ऐतिहासिक सफलता" को रुपमा लिएता पनि सहजकर्ताहरु वार्ता सफल हुने कुरामा भने खासै निश्चिन्त थिएनन्। सहजकर्तामध्येका एक पद्मरत्न तुलाधरको भनाईमा वार्ता प्रकृयामा संसदवादी दलको भूमिका नहुनु, नागरिक समाज र मानवअधिकारकर्मीको भूमिका नहुनुले वार्ता प्रकृयाको सफलतामा खासै विश्वस्त हुनसक्ने ठाउँ थिएन।

यसको अलावा सरकारी वार्ता टोलीका सदस्यबाट बाहिर आएका विवादास्पद भनाई र शाही सेनाको पहुँचको सीमितताको बारेमा सेनाको तर्फबाट आएका विवादास्पद भनाइले वातावरणलाई धूमिल बनाउँदै लग्यो। शाही नेपाली सेनाका प्रवक्ता महासेनानी दीपक गुरुङको सेनाको क्रियाकलापलाई ५ किलोमिटर घेरामा सीमित राख्ने सरकारी निर्णयको लिखित वा मौखिक आदेश सेनासमक्ष नआएको र तत्कालीन वार्ता टोलीका सदस्य मन्त्री रमेशनाथ पाण्डेको सेनालाई सीमित घेराभित्र राख्नेबारेमा माओवादीसँग कुनै सम्झौता नभएको (कट्टेल २००३) भन्नेजस्ता विवादास्पद अभिव्यक्तिले पक्षहरुबीच अविश्वासमात्र जगाएन, यो सवाल पाण्डेको मन्त्रीपदको राजिनामामा गएर टुंगियो। ठाउँ-ठाउँमा पक्षहरुबाट भएका आचारसंहिता उल्लंघनका घटनाले परिस्थितिलाई झनै जटिल बनायो। उता १८ असोज २०५९ को शाही कदमलाई सच्चाउनुपर्ने माग राखेर सडक आन्दोलनमा रहेका ५ वटा संसदवादी राजनीतिक दलहरुको तीब्र दबाब प्रम चन्दको राजिनामासम्म पुग्यो र सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वमा नयाँ सरकारको गठन भयो।

तेश्रो चरणको वार्ता

सूर्यबहादुर थापा, जसको शान्ति प्रकृयामा कुनै योगदान थिएन, ले नियुक्त गरेको सरकारी वार्ता टोलीसँग माओवादीबीच तेश्रो चरणको वार्ता दाङको हापुरेमा सम्पन्न भयो। तर, यो चरणको वार्ता माओवादीको न्यूनतम माग संविधानसभामा गएर अडियो। वार्ता चलिरहेकै क्रममा रामेछापको दोरम्बामा भएको २० जना नागरिकहरुको हत्या राज्यपक्षबाट गरिएको अत्यन्तै निन्दनीय घटना थियो, जहाँ छलफलको लागि भेला भएका १८ जना माओवादी र २ जना सर्वसाधारणको हत्या गरिएको थियो। यसरी

> "हामीले भन्ने गरेको शान्ति र चाहेको शान्ति युद्धको अनुपस्थिति हो, जुन युद्धको तुलनामा हजारौं गुणा राम्रो हुन्छ। र, यो तबमात्र सम्भव हुन्छ, जब द्वन्द्वरत पक्षले उनीहरुका बीचमा जस्तोसुकै विरोधाभाषपूर्ण व्यवहार भएतापनि हिंसात्मक युद्धलाई विकल्पको रुपमा स्वीकार्दैनन्। यो सच्चाई नेपालको सन्दर्भमा पनि उत्तिकै लागू हुन्छ।"

वार्ताको लागि जारी गरिएको आचारसंहिता राज्यपक्षले व्यापक उल्लंघन गरेबाट शान्ति वार्ताको औचित्यमा नै धक्का पुग्यो र तेश्रो चरणको वार्ता असफलतामा टुंगियो। युद्धविरामकै समयमा भएका हत्याका घटना, जहाँ राज्यपक्षबाट ८० र माओवादीद्वारा ४७ जना गरी कूल १ सय २७ जना व्यक्तिहरुको ज्यान गएको थियो, र माओवादीद्वारा गरिएको अपहरणका घटनाका कारण पनि वार्ता असफल हुनमा मद्दत पुग्यो।

निष्कर्ष

विगतलाई सम्बोधन नगरी भविष्यमा भविष्यमा पुग्न कठिन हुन्छ। शान्ति वार्ता त्यसको निम्ति एउटा प्रकृया हो। शान्ति निर्माण, शान्ति स्थापना र शान्ति कायम दिगो शान्तिका लागि अपरिहार्य चरण हुन् (उप्रेती २००३)। निश्चित असहमति, विरोधाभाष र सामाजिक झै-झगडालाई औपचारिकरुपमा अन्त्य गर्ने समहति शान्ति निर्माणको शुरुवात हो। यसले द्वन्द्वरत पक्षलाई एउटै ठाउँमा बस्नसक्ने वातावरणको निर्माणमा सहयोग पुऱ्याउँदछ र शत्रुतापूर्ण व्यवहारबाट सामान्य (normal) सम्बन्धको शुरुवात गराउँदछ। शान्ति स्थापना दीर्घकालीन शान्ति प्राप्तिको लागि एउटा प्रमुख बाटो हो, जहाँ महिला, पुरुष, बालबालिका, गरिष किसान, सम्पन्न वर्गहरुको भूमिका अत्यन्तै ग्राह्य र निर्णायक हुन्छ। समाजमा रहेका यी वर्गहरुको प्रतिनिधित्वविना गरिएको जस्तोसुकै शान्ति सम्झौता पनि दिगो र परिणाममुखी हुँदैन। शान्तिको लागि कुनै बाटो नभएपनि शान्ति आफैमा एउटा बाटो हो। तसर्थ, शान्तिको नजिक पुग्नका लागि आवश्यक बाटाहरुमध्येका यी प्रस्तुत बाटाहरु नै दीर्घकालीन शान्ति अर्थात् हिंसा अनुपस्थित भएको द्वन्द्वात्मक समाज पहिल्याउन सहयोगी भूमिका निर्माण गर्न सक्दछन्। शान्तिको प्राप्ति कहिल्यै पनि पूर्णरुपमा हुँदैन तर यसको नजिक भने रहिरहन सकिन्छ (बाराश २००१)। तापनि, हामीले भन्ने गरेको शान्ति र चाहेको शान्ति युद्धको अनुपस्थिति हो, जुन युद्धको तुलनामा हजारौं गुणा राम्रो हुन्छ। र, यो तबमात्र सम्भव हुन्छ, जब द्वन्द्वरत पक्षले उनीहरुका बीचमा जस्तोसुकै विरोधाभाषपूर्ण व्यवहार भएतापनि हिंसात्मक युद्धलाई विकल्पको रुपमा स्वीकार्दैनन्। यो सच्चाई नेपालको सन्दर्भमा पनि उत्तिकै लागू हुन्छ। तसर्थ, द्वन्द्वरत पक्षले आफ्नो सैद्धान्तिक आवरणलाई केही समय किनारा लगाएर शान्तिको लागि पहल गर्नु सामयिक निर्णय हुनजान्छ। शान्तिको अनुपस्थितिमा सृजना र विकास कल्पनाभन्दा बाहिरी कुरा हुन पुग्छन्।

> "वार्ता असफल हुनुमा मुख्यतः २ वटा कारण थिए। पहिलो, माओवादीहरु शक्तिशाली सैन्य हमलाको तयारीमा थिए र वार्तालाई सो अनुरुप नै प्रयोग गर्दै थिए। अर्कोतर्फ, सरकार अत्याधुनिक हतियारहरु थुपार्ने र माओवादी सैन्यदस्तालाई शक्तिद्वारा नै ठीक पार्ने मूडमा थियो।"

---

१. ०५८ जेठ १९ गते राति राजदरबारमा भएको अकल्पनीय हत्याकाण्डमा तत्कालीन महाराजाधिराज श्री ५ वीरेन्द्र, बडामहारानी श्री ५ ऐश्वर्य, युवराजधिराज श्री ५ दीपेन्द्रलगा[illegible] राजपरिवारका अन्य सदस्यको [illegible] भएको थियो। र, यसलाई माओवादीले परम्परागत राजतन्त्रको अन्त्य भएको अभिव्यक्ति सार्वजनिक गरेका थिए।

सन्दर्भ सामग्री

- Carnegie Corporation. 1997. *Preventing Deadly Conflict.* New York: Carnegie Corporation.
- Thapa, Deepak and Bandita Sijapati. 2003. *A Kingdom Under Seige.* Kathmandu: The Printhouse
- INSEC. 2002. Human Rights Yearbook 2002. Kathmandu: INSEC
- Barash, David P. (ed.). 2000. *Approaches to Peace: A Reader in Peace Studies.* New York: Oxford University Press.
- Kattel, Bal Krishna. 2003. "Exercise of Peace Accord in Nepal", in Padma Khatiwada and Bal Krishna Kattel (eds.) *Informal,* Vol 16, No. 3. Kathmandu: INSEC
- Upreti, Dr. Bishnu Raj. 2003. "Role of Women in Peace Process: Some Observations", in Bal Krishna Kattel (ed.) *Informal.* Vol. 16, No. 4. Kathmandu: INSEC
- Kattel, Mukunda Raj. 2001. *Sociology of 'People's War' in Nepal.* An unpublished MA dissertation submitted to the Central Department of Sociology/Anthropology, TU. Kathmandu: Tribhuvan University.

सशस्त्र द्वन्द्वको भुमरीमा बालअधिकार

– मुमादेवी उपाध्याय

नेकपा (माओवादी) ले ०५२ सालमा "जनयुद्ध" को घोषणा गरेयता देश सशस्त्र द्वन्द्वको दलदलमा भासिएको छ। दुई पक्षका निर्दयी बन्दुकहरु एकआपसमा टकराइरहेका छन्। दिनदिनै करोडौं धनजनको क्षति भइरहेको छ। यसको सबैभन्दा ठूलो शिकार निर्दोष बालबालिकाहरु हुनु परिरहेको छ। प्रत्येक दिन जति धेरै मानिसको हत्या गऱ्यो, उति गौरव गर्ने दुवै पक्ष एक आपसमा किन लडिरहेका छन्? बालबालिकाले बुझ्न सकेका छैनन्। उनीहरुलाई कहिले अनाहकमा मानव ढालको रुपमा प्रयोग गरिएको छ त कहिले आफ्नो ज्यान भन्दा अग्लो र गह्रौं बन्दुक बोकेर जंगल पस्न वाध्य बनाइएको छ।

बाँच्न पाउने अधिकार

०६० साल असोज २६ गते बिहान डोटी जिल्लाको मुडभारास्थित शारदा उच्च माविमा माओवादीहरुले आयोजना गरेको सांस्कृतिक कार्यक्रममाथि सुरक्षाकर्मीले हस्तक्षेप गर्दा सोही विद्यालयका विद्यार्थीहरु, कक्षा ११ की हरिना भण्डारी, सुशिला जोशी, कक्षा ७ का यदुनाथ जोशी र कक्षा ६ की मीनाकुमारी विकले ज्यान गुमाउनु परेको घटनाले सिंगो देश स्तब्ध भयो।

साँस्कृतिक कार्यक्रम संचालन गर्न आएका ६ जना माओवादीहरु पनि सो घटनामा मारिएका थिए भने ५ जना विद्यार्थीहरु गम्भीर घाइते भएका थिए। करिब २० मिनेटसम्म चलेको गोलीकाण्डपछि विद्यालयको चौर रक्ताम्य भएको थियो। बालबालिकाले आफूसँगै हाँस-खेल गर्ने साथीहरु आफ्नै सामुन्ने गोलीको शिकार भएको देख्नुपऱ्यो। त्यति मात्र होइन, घटनाको ८ दिनपछिसम्म पनि माओवादी कार्यकर्ताहरुका लाश विद्यालयमा रहेका कारण करिब दुई महिनासम्म विद्यार्थीहरु विद्यालय जाने आँट गरेनन्। यसरी, एकथरिको बन्दुकको डरका कारण साँस्कृतिक कार्यक्रममा बस्न वाध्य बनाइएका विद्यार्थीहरु अर्काथरिको बन्दुकबाट मारिन पुगे।

भीडन्तमा बालबालिका शिकार हुने क्रम जारी छ। ०५२ सालमा "जनयुद्ध" शुरु भएयता ०६० मंसिर २३ सम्ममा विभिन्न स्थानहरुमा भएका भिडन्तहरुमा पर्ने क्रममा राज्यद्वारा १ सय ५६ र माओवादीद्वारा ८६ जना बालबालिका मारिएका छन्। बारुदी सुरुङ प्रतिबन्ध अभियानको प्रतिवेदनअनुसार, सन् २००१ मा मात्र १ देखि १५ वर्षसम्मका ३३ जना बालबालिकाको मृत्यु भएको थियो।

घाइते, बेपत्ता, अपहरण र विस्थापित

रामेछाप जिल्लाको दोरम्बाबाट मात्र कक्षा १० का ३५ जना विद्यार्थीहरु बेपत्ता भएका छन्। यसका साथै करिब १ सय बालबालिका तथा किशोर-किशोरीहरु अपहरण र गिरफ्तारीमा परेका छन्। गोली, बम विस्फोट र हिंसाबाट करिब ३ सय बालबालिका घाइते भएका छन्। करिब २ हजार बालबालिका कम्तीमा एक जना अभिभावकको हत्या भएको वा पलायन भएको कारण अनाथ वा परित्यक्त हुन पुगेका छन्। ०६० पुस २ को राजधानी दैनिकका अनुसार, राप्तीको दाङ, सल्यान र रुकुमका विकट ग्रामीण भेगबाट एकसातामा करिब चार सय घरपरिवारका दुई हजार बासिन्दा घरबारविहीन भई विस्थापित हुन पुगे। माओवादीको त्रासका कारण डोटी जिल्लाका तीनसयभन्दा बढी विद्यालय बन्द भएका छन्। माओवादीद्वारा हालसम्म ८९ वटा शिक्षण संस्था भौतिकरुपमा क्षतिग्रस्त भएका छन्, २७ वटा विद्यालयमा बम विष्फोटनद्वारा क्षति पुगेको छ। १ सय ४९ जना शिक्षक राज्य तथा माओवादी हिंसाका शिकार बन्न पुगेको कुरा शिक्षा मन्त्रालयले जनाएको छ। माओवादीहरुले बैतडी जिल्लाको सदरमुकामबाट ११ कोश टाढा रहेको महारुद्र गाविसस्थित दुर्गा माविका कृष्णदत्त पन्तको श्रीसम्पत्ति लुटपाट गरेका कारण ८१ बर्षीय आमासहित ११ जना परिवार घरबारविहीन भई सदरमुकाममा विस्थापित भएका छन्। यो एउटा उदाहरण हो। सशस्त्र द्वन्द्वका कारण हालसम्म करिब ८ हजार बालबालिका विस्थापित भएका छन् (नेपाल पाक्षिक, १६-२९ मंसिर ०६०)।

शिक्षा प्राप्त गर्ने अधिकार

सशस्त्र द्वन्द्वका कारण शैक्षिक क्षेत्रको अवस्था गम्भीर बन्न पुगेको छ। "जनयुद्ध" प्रभावित क्षेत्रहरुमा करिब ३ सय विद्यालयहरु सुचारुरुपमा चल्न सकेका छैनन्। पटक-पटक हुने नेपालबन्द र अन्य राजनीतिक आन्दोलनले गर्दा विद्यार्थीहरुको पढाइ अनिश्चित हुन पुगेको छ। माओवादीहरुले चलाएको "बुर्जुवा शिक्षा बहिष्कार" अभियानका कारण कैयौं बालबालिकाले विद्यालय छोड्ने गरेका छन्। सशस्त्र संघर्षकै कारण धनी र पहुँचवालाका छोराछोरीहरु शिक्षाका लागि विदेशतिर पलायन भएका छन्। यसका साथै, कतिपय शिक्षकहरु कहिले माओवादीको "जनकारवाही" तथा कहिले राज्य पक्षबाट गरिने "गिरफ्तारी"को डरले विद्यालयहरुमा अनुपस्थित हुने गरेका कारण विद्यालयको पठनपाठन प्रभावित भएको छ।

बाल स्वास्थ्यको अधिकार

वर्तमान द्वन्द्वले बालबालिकाको स्वास्थ्य स्थिति पनि नराम्ररी प्रभावित हुन पुगेको छ। युद्धका कारण कैयौं बालबालिकाले भिटामिन "ए" खान पाएका छैनन्। दुर्गम ग्रामीण क्षेत्रका विद्यालयहरुमा पोषणयुक्त पिठो वितरण गर्ने काममा पनि कठिनाई सृजना भएको छ। स्वास्थ्य केन्द्रहरु राम्ररी संचालन हुन सकिरहेका छैनन्।

युद्धरत पक्षहरुद्वारा जमिनमुनि बिच्छ्याइएका बारुदी सुरुङमा पर्नाले कैयौं बालबालिकाहरु अपाङ्ग बन्न पुगेका छन् र विष्फोट हुन बाँकी विस्फोटक पदार्थहरुको खतरा पनि उत्तिकै छ।

बाल मनोविज्ञानमा परेको असर

युद्धले बाल मनोविज्ञानमा पनि अत्यन्त नराम्रो प्रभाव पारेको छ। मर्ने र मार्ने कामलाई बालबालिकाले सहजरुपमा लिने प्रवृत्तिको विकास हुँदै गएको छ। युद्धरत पक्षहरुद्वारा बालबालिकाका आमा-बाबु, आफन्तहरु मारिंदा उनीहरुमा डर, त्रास र बदलाको भावना विकास भइरहेको छ। जसले, उनीहरुलाई हिंसात्मक बाटोतिर धकेलिरहेको छ, उनीहरुको सृजनशील क्षमताको विकासमा अवरोध सृजना भएको छ। सामाजिक गतिविधिहरुमा आएको कमीले बालबालिकाहरुको सहभागितामा प्रत्यक्ष असर परेको छ। बालक्लब तथा बाल समूहहरुका गतिविधि न्यून हुन पुगेका छन्। भिडन्तमा परेर बाँच्न सफल, भिडन्तलाई आफ्नै आँखाले देख्ने बालबालिकाहरुमा तर्सिएर चिच्याउने, राति अचानक उठेर रुनेजस्ता मानसिक समस्याहरु देखा परेका छन्।

सशस्त्र संघर्षको विरुद्धमा भएका अन्तर्राष्ट्रिय कानुन

बालअधिकार महासन्धिको धारा ३८ ले बालबालिकाहरुलाई सशस्त्र संघर्षबाट संरक्षण गर्ने, १५ वर्षभन्दा मुनिका बालबालिकालाई सेनामा भर्ना नगर्ने दायित्व, धारा ३९ ले हेला, दुर्व्यवहार, सशस्त्र संघर्षमा परेका उत्पीडित बालबालिकालाई राज्यले सहयोग दिलाउनुपर्ने कुरा उल्लेख छ। यसैगरी, बालअधिकार महासन्धिको बालबालिकाहरुको सशस्त्र संघर्षमा प्रयोग सम्बन्धी ऐच्छिक सन्धिपत्र २००० ले राज्यद्वारा १८ वर्ष मुनिका बालबालिकालाई सेनामा भर्ना नगर्ने र लडाईंमा प्रयोग गर्नु नहुने उल्लेख गरेको छ। अन्तर्राष्ट्रिय श्रम संगठनले पारित गरेको निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धि नं. १८२ ले सशस्त्र संघर्षमा बालबालिकाको प्रयोगलाई निकृष्ट प्रकारको बालश्रमको रुपमा परिभाषित गर्दै यसमाथि तत्काल प्रतिबन्ध लगाउनु पर्नेमा जोड दिएको छ।

सशस्त्र संघर्षको बेलामा लागू हुने मानवीय कानुन

माओवादीसमेतले निकै जोडदाररुपमा उठाउने गरेको सशस्त्र संघर्षको बेलामा लागू हुने मानवीय कानुनको रुपमा सन् १९४९ मा निर्माण गरिएका ४ वटा जेनेभा महासन्धिहरुले युद्धमा सहभागी नभएका वा सहभागी हुन नसक्नेबीच कुनै पनि किसिमको अमानवीय व्यवहार नगर्ने, जीवन तथा व्यक्तिविरुद्ध हिंसा, बन्धक बनाउने तथा व्यक्तिको सम्मानमाथि गम्भीर चोट पुऱ्याउने कार्यहरु निषेध गरेका छन्। घाइते र बिरामीहरुको संकलन र हेरचाह गरिने कुरा ती सन्धिहरुमा उल्लेख गरिएको छ। यसैगरी, युद्धको समयमा गैरसैनिक नागरिकहरुको मूलभूत सुरक्षा तथा प्रशासन सम्बन्धबारे जेनेभा महासन्धि नं. ४ ले विशेषगरी बालबालिकालाई विशेषाधिकार प्राप्तगर्ने मानवका रुपमा स्वीकार गरेको छ। यसले १५ वर्षमुनिका बालबालिकालाई युद्धमा प्रत्यक्षरुपमा भाग लिनबाट रोक्नका लागि सबै किसिमको उपाय अवलम्बन गरिनु पर्ने, टुहुरा भएका बालबालिकाको लागि विशेष व्यवस्था गरिनु पर्दछ। यदि उनीहरु गिरफ्तारीमा परेका छन् भने छुट्टै व्यवस्था गरिनुपर्ने कुरा प्रष्ट पारेको छ।

महासन्धि लागू गर्ने दायित्व कसको ?

विद्यमान द्वन्द्वले सशस्त्र संघर्षबाट बालबालिकालाई संरक्षण गर्नको लागि बनेका अन्तर्राष्ट्रिय महासन्धिहरु तथा सशस्त्र संघर्षको बेलामा लागू हुने भनेर निर्माण गरिएका अन्तर्राष्ट्रिय मानवीय कानुनहरुको उपहास गरिरहेको छ। राज्यले ती महासन्धिहरुप्रति प्रतिबद्धता जनाए पनि प्रभावकारीरुपमा लागू हुन सकेका छैनन्। राज्य र विद्रोही पक्षले महासन्धिहरुका प्रावधानहरु लागू गर्नु पर्दछ।

नेपालमा भएका कानुनहरु

सन्धि ऐन २०४७ ले नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरु राष्ट्रिय कानुनसरह लागू हुने भनेको छ। यदि नेपालमा बनेका कानुन वा कानुनका दफाहरु अन्तर्राष्ट्रिय महासन्धिहरुसँग बाझिएको छ भने बाझिएको हदसम्म अन्तर्राष्ट्रिय कानुन नै लागू हुने कुरा प्रष्टसँग उल्लेख छ।

यसैगरी, नेपाल अधिराज्यको संविधान २०४७ ले कुनै पनि नागरिकलाई भेदभाव नगरिने तर महिला, बृद्ध-बृद्धा वा शारीरिक वा मानसिकरुपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिकोणले पिछडिएका व्यक्ति वा वर्गको लागि विशेष व्यवस्था गर्नसक्ने व्यवस्था गरेको छ। नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन तथा कसैलाई पनि निजको इच्छा विपरीत काममा लगाउन पाइनेछैन। राज्यले बालबालिकाहरुको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नेछ। यसका साथै, उनीहरुको सुरक्षाको लागि विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ।

बालबालिका ऐन २०४८ ले कुनै पनि बालबालिकाप्रति क्रूर व्यवहार गर्न नहुने व्यवस्था गरेको छ। बालश्रम निषेध तथा नियमित गर्न बनेको ऐन २०५६ मा १४ वर्ष मुनिका बालबालिकालाई जीउ-ज्यानमा खतरा पुग्नसक्ने किसिमको काममा लगाउन नपाइने व्यवस्था छ।

अन्त्यमा,

के वर्तमान समस्याको समाधान छैन त ? के हत्या-हिंसाको राजनीति वा दमनले समस्या हल हुनसक्छ ? देशलाई कहिलेसम्म संवादहीन र अनिर्णयको अवस्थामा राखिरहने ? कहिलेसम्म रगत बग्न दिइरहने ? सरकार र माओवादी समूहले आ-आफ्नो हठ त्यागेर बन्दुक बिसाउने र राजनीतिक दलहरुसहित वार्ताको टेबलमा बसेर विगतका गल्ती कमजोरीलाई सच्याउँदै अगाडि बढ्ने आँट गरे समाधान सहज हुन्छ। वास्तवमा, जहाँ समस्या हुन्छ, त्यहाँ समाधानका उपायहरु पनि हुन्छन्। तीनैवटा शक्तिले देशमा अग्रगमनको आवश्यकता बुझेका छन्। यो बुझाईलाई व्यवहारमा परिणत गर्न साझा एजेण्डा तय गर्दै अगाडि बढ्नु आवश्यक छ। सबैले राजनीतिक इच्छाशक्तिका साथ समस्या समाधानका लागि पहल गर्ने हो भने देशका थप नागरिकहरुले रगत बगाउनु पर्ने त थिएन। तर, किन यसका लागि ढिलाई भइरहेको छ ? किन निर्दोष बालबालिका र आम जनतालाई सरकार, राजनीतिक दल र माओवादीबीचको द्वन्द्वको शिकार बनाइँदैछ ? सबै वयस्कहरुसमक्ष बालबालिकाले यही प्रश्न गर्दैछन्। बालबालिका शान्ति क्षेत्र हुन् भन्ने कुरा कहिलेदेखि व्यवहारमा लागू होला ? आजका बालबालिका पर्खिरहेका छन्।

सन्दर्भ सामग्री

- प्रधान, गौरी (२००३) *बालबालिका र शान्ति*, सिविन: काठमाडौं
- सिविन (२००३) *सशस्त्र संघर्ष र बालबालिका सम्बन्धी विभिन्न अन्तराष्ट्रिय महासन्धि तथा राष्ट्रिय कानुनहरुमा भएका केही महत्वपूर्ण प्रावधानहरुको संगालो*, सिविन: काठमाडौं
- शारदा उच्च मावि, मुडभारा, डोटीको सत्यतथ्य अनुगमन टोलीको स्थलगत निरीक्षण प्रतिवेदन, २००३
- बारुदी सुरुङविरुद्धको अभियान नेपाल (२००२) *नेपालमा बारुदी सुरुङ समस्या अध्ययन प्रतिवेदन २००२*

प्रत्याभूत मानवअधिकारको कार्यान्वयन पक्ष: समकालीन नेपालको विहंगम दृष्टि-चित्र

अधिवक्ता, माधब कुमार बस्नेत

"If human dignity is trampled under foot anywhere it causes injury to the rule of law everywhere."[१]

१

नेपाल अधिराज्यको संविधान, २०४७ को मानवअधिकारको सम्बन्धमा यस अघिका सबै संविधानभन्दा छुट्टै र अती महत्वपूर्ण स्थान छ। यसअघिका सबै संविधानहरु र अधिकारको सम्बन्धमा संविधानसरह महत्व राख्ने कानूनहरु, जस्तै- व्यक्तिगत स्वतन्त्रताको ऐन, २००६, नागरिक अधिकार ऐन, २०१२ आदिले पनि अधिकार प्रदान नगरेका होइनन्। यी विशेष ऐनका अतिरिक्त सबै संविधानहरुले मौलिक अधिकारको व्यवस्था गरेका थिए र ती अधिकारहरु पनि मानवअधिकारसँगै सम्बन्धित र मेल खाने थिए। तर, त्यत्ति हुँदाहुँदै पनि यो संविधानले अन्य संविधानको तुलनामा बढी महत्व राख्छ किनभने यो संविधानले "आधारभूत"[२] मानवअधिकारको प्रत्याभूति गर्नुको अतिरिक्त महत्वपूर्ण मानवअधिकारहरुलाई मौलिक हकको रुपमा नै प्रदान गरी त्यसको उपचारको व्यवस्थालाई पनि मौलिक हकको रुपमै प्रदान गरेको छ। यसको उदाहरणको रुपमा यातनाविरुद्धको अधिकार र सूचनाको अधिकार, मृत्युदण्ड विरुद्धको अधिकार आदिलाई लिन सकिन्छ। सामन्यरुपमा भन्ने हो भने प्राय: सबै मूल मानवअधिकारहरुलाई मौलिक अधिकारको रुपमा नै प्रदान गरेको छँदाछँदै पनि प्रस्तावनामा राख्नुको खासै औचित्य देखिदैन। तर मानवअधिकारको प्रत्याभूति प्रस्तावनामा नै गर्नुको यसको विशेष महत्व छ । मानवअधिकारलाई प्रस्तावनामा राखेर –

(१) विधायिकाको संशोधन गर्न सक्ने अधिकारभन्दा बाहिर राखी स्थायी स्वरुप दिइएको छ[३],

(२) मानवअधिकारको प्रत्याभूति गरेको हुनाले पछि मानवअधिकारको रुपमा घोषणा हुने विशिष्ट अधिकारलाई समेत समेट्न सक्छ, संविधान संशोधन नै लगायत केही गरिराख्नु पर्दैन, र

(३) मौलिक अधिकारको रुपमा रहेका अधिकारहरुले सबैलाई समेट्न नसक्ने भएको हुँदा मानवअधिकारकै प्रत्याभूति भएको हुँदा सबै मानवअधिकारलाई समेटिएको छ।

त्यस्तै, प्रस्तावनामा नै कानूनी राज र स्वतन्त्र र सक्षम न्यायपालिकाको अवधारणालाई समेत प्रस्तावनामा समावेश गरी स्थायी रुप दिइएको हुनाले, सिद्धान्तत:, मानवअधिकारहरुको प्रचलनको निमित्त दह्रो स्थायी स्वरुप यस संविधानबाट सृजना गरिएको छ। यदि राज्यका अंगहरुमा कार्यान्वयन गर्ने इच्छा शक्ति भएमा अपुग कुरा केही पनि देखिँदैन। मानवअधिकारको रक्षार्थ आवश्यक पर्ने सबै तत्वहरुलाई स्थायी रुप दिई विधायिकाको बहुमत बलबाट अभेद्य गराइएको छ। तसर्थ, सैद्धान्तिकरुपमा यस संविधानलाई खोट लगाउने ठाउँ छैन।

२

अनुमोदनको हिसाबमा भन्ने हो भने, विगत १२ वर्षको अवधिमा, नेपालले १६ वटा महासन्धिहरु अनुमोदन गरिसकेको छ। संविधानमै उल्लेख भएको कारण र अनुमोदनको हिसाबले नेपाल सरकार[४] र कानुनी व्यवस्थाको अध्ययन गर्ने हो भने उत्कृष्ट छ भन्नमा हिच्किचाउन पर्ने अवस्था छैन। तर, व्यवहारमा भने यही कुरा भन्न सकिने अवस्था छैन। मानवअधिकार सम्बन्धी सन्धि कार्यान्वयन गर्न बन्नुपर्ने आवश्यक ऐनहरुको कमी, बनेका ऐनहरु पनि सन्धिसँग मेल खाने किसिमका नहुनु,[५] सन्धिसँग मेल नखाने ऐनलाई अदालतमा चुनौति दिँदा अदालतले त्यसतर्फ गलत व्याख्या गर्नु[६], संविधान तथा कानुनद्वारा नै निश्चित गरिएका अधिकारको प्रचलनमा देखिएको अदालती उदासिनता, कार्यपालिकीय हेलचक्र्याइँ आदि त प्रमुख कारण नै भए भने राज्य पक्षलाई मानवअधिकारको उल्लंघन गर्न मद्दत पुऱ्याउन माओवादी आन्दोलन पनि गतिलो कारक (contributing factor) बन्न पुग्यो। जसलाई नियन्त्रण गर्ने नाममा राज्यले मानवअधिकारको निरन्तर उल्लंघन गरिराखेको छ।

नेपालको हालको मानवअधिकारको स्थितिलाई हेर्दा यस्तो लाग्छ, हाम्रो देशमा कानूनको शासन नै छैन सबैतिर बर्बरतामात्र छ। मानिसको सबैभन्दा महत्वपूर्ण अधिकार जीवनको अधिकार हो। जसलाई संविधानले नै मृत्युदण्डलाई उन्मूलन गरेर जीवनको अधिकारको पूर्ण प्रत्याभूति गऱ्यो तर व्यवहारमा यसको ठीक उल्टो, सबैभन्दा बढी मानिसको (मृत्युदण्डलाई संवैधानिकरुपमा नै उन्मूलन गरेपछि नै) जीवनको अधिकारको हनन भइरहेको छ। आफैंले बनाएका कानुन पालना गर्नु त कता हो कता संविधान र कानुनको पालना र रक्षा गर्ने सपथ लिएको सरकारद्वारा नै मानिसको टाउकोको मूल्य तोक्ने, नागरिकलाई बेपत्ता बनाउने, अमानवीय यातना दिने, भीडन्तको नाममा सर्वसाधारण जनताको जीवनको हरण गर्ने आदि जस्ता जघन्य श्वेत अपराध भइरहेका छन्। प्रजातान्त्रिक देशको सरकार आफ्ना सुरक्षा निकायले के-के गरिरहेका छन् भनेर थाहा पनि पाउँदैनन् र आफू अन्तरगतका निकायलाई निगरानी पनि गर्दैनन्, आफू अन्तरगतका निकायले गलत नै काम गरेका छन् भने पनि त्यसलाई प्रतिरक्षामात्र गर्छन् भन्ने आधिकारिक *प्रमाण* पूर्वमन्त्री तथा श्री ५ को सरकारका प्रवक्ता समेत रहेका जयप्रकाशप्रसाद गुप्ताको अभिव्यक्तिले पुष्टि गर्दछ[७] ।

राज्यले आफू पनि पालना गर्ने र अरुलाई पनि पालना गर्न लगाउने भनेर कानून निर्माण गरेको हुन्छ। त्यो कानून

कार्यान्वयन गर्न आवश्यक पर्ने सबै पूर्वाधारहरु, जस्तै – अदालत, प्रहरी, जेल आदि जस्ता संस्था हुँदाहुँदै पनि राज्यले यी सबैलाई बेवास्ता गरेर विद्रोही पक्ष– जसको वास्तविकरुपमा कुनै पनि संस्थागत संरचना हुदैन– को जस्तै शैली अपनाउँछ भनै राज्य र विद्रोही तथा कानूनी राज र अराजकताको बीचमा साह्रै प्रष्ट भिन्नता रहदैन र त्यतिखेर मानवअधिकारको सम्मान र रक्षा भन्ने कुरा अत्यन्त न्यून हुन्छ। नेपालको सुरक्षा निकायको अवस्थाको समग्र विश्लेषण गर्दा, संकटकाल लाग्नु भन्दा अघि होस् वा पछि सरकार सुरक्षा निकायलाई आफ्नो नीति र नियन्त्रणमा राख्न सक्षम छैन भन्ने प्रष्ट देखिन्छ। जसको उदाहरणको रुपमा सेना परिचालन गरेर भए पनि चुनाव एकैपटक गर्ने भन्ने विषयमा छलफल हुँदा सेना, प्रहरीले जस्तो लौरो लिएर हिँड्दैन भनेर सेनाले अस्वीकार गर्नु, सेना परिचालनको प्रसंग उठ्दा सेना प्रमुखले सबै दलको सहमती चाहिन्छ, राज्यले विद्रोहीलाई शत्रु घोषणा गर्नुपर्छ भन्नु, जब माओवादी आक्रमण सेना तर्फ शुरु भयो, त्यसको लगत्तै बिना कुनै छलफल संकटकालको घोषणा हुनु, दोस्रो पटक संकटकालको आवश्यकता छैन भनेर सरकार प्रमुखले भनेपछि पनि संसद् भङ्ग गरेर भए पनि पुनः संकटकालको घोषणा हुनु आदिलाई लिन सकिन्छ।

३

राज्यमा जब विद्रोह शुरु हुन्छ त्यस बखतमा सबैभन्दा बढी मानवअधिकारमा असर पर्छ। त्यो स्थापित सिद्धान्त जस्तै भइसकेको छ। विद्रोही पक्षले आफ्नो हितमा हुने सम्भव भएसम्मका प्रायः सबै कार्य (अपराध नै भए पनि) गर्छ । जसमा के गर्न हुने र के गर्न नहुने भन्ने बीचको भिन्नता साह्रै झिनो हुन्छ, जुन कुरालाई नेपालको वर्तमान अवस्थाले पनि पुष्टि गरिसकेकोछ। विद्रोहीले त राज्यका कानुन नमान्ने भएर नै विद्रोह गरेको हुन्छ। तर, राज्यले नै आफ्ना कानुन नमानी भकाभक कानून र मानवअधिकारको (जुनसुकै बहानामा) उल्लंघन गर्छ त्यतिबेला भने स्थिति थप भयावह हुन्छ र अहिलेको नेपालको स्थिति पनि यही हो। मानव अधिकारकै दृष्टिकोणबाट मात्र हेर्दा कानुनीरुपमा कुनै पनि संकट छैन। देशमा भएको राजनीतिक संकटले पार्ने असर अप्रत्यक्ष र भिन्नै हो। जसलाई एउटै दृष्टिकोणबाट हेर्नु गलत हुन्छ।

यसै अवस्थामा उत्तम हुँदाहुँदै पनि संविधान असफल भयो भन्ने गरेको पाइन्छ। तर, संविधान असफल भयो भन्नेहरुको लहरमा उभिने धेरैजति चाहिँ संविधानको कुन व्यवस्था कसरी असफल भयो स्पष्ट छैनन्। यसको प्रष्ट अर्थ के हो भने (१) धेरैले भने पछि सो कुरा सत्य हुन्छ भन्ने भ्रम पाल्नु र (२) संविधानको कुनै एक पक्षमा कुनै अप्ठ्यारो आयो भने सबै पक्षमा असफल भयो भनी सोच्नुको परिणाम हो । वास्तवमा कुनै पनि संविधान स्वयंमा सफल र असफल हुँदैनन्। संविधान निर्माण गर्दा विगत, वर्त[illegible] र भविष्यलाई पनि ख्याल गरेर निर्माण गरिएको हुन्छ। तर, भविष्यको विषयमा सबै कुरा अनुमान गर्न नसकिने भएकोले यसलाई समयअनुसार औपचारिक र अनौपचारिकरुपमा परिमार्जन गर्दै लैजानु पर्ने हुन्छ र कतिपय अवस्थामा आफैँ पनि त्यस्तो हुदै जान्छ । संविधान कागजमा मसी भरिएको लिखत होइन। त्यो कागजमा लेखिएका शब्दले जुन भावना समेटेको हुन्छ त्यो कुराचाहिँ वास्तवमा संविधान हो। ती भावनालाई स्थायित्व प्रदान गर्नलाई कागज र मसीको प्रयोग भएको हो भन्ने कुरा संविधान पढ्ने कसैले भूल्नु हुँदैन। जब मानिसको भावना र आवश्यकतामा परिवर्तन आउँछ त्यसलाई समेट्न नै संशोधनको आवश्यकता हुन्छ र संशोधन गर्ने गरिन्छ । यो स्वभाविक र आवश्यक पनि छ। जनताका भावना[illegible] आवश्यकतालाई समेट्न नसक्ने धारालाई हटाई नयाँ कुरा राखेर समयानुकूल बनाउदै लैजान सकिन्छ र लैजाने गरिन्छ। संविधानको पालना संविधानमा लेखिएका कुराहरु संविधानको भावनाबमोजिम नै पूर्णरुपमा परिपालना गर्दागर्दै पनि देशको तत्कालिन परिस्थिति त्यसको विपरीत हुन गएमा र संविधानको परिपालनाबाट देशमा विकसित भएका घटना परिघटनालाई समेटी सही बाटोमा लैजान नसक्ने भएमा निश्चित पक्षमा संवैधानिक संकट भएको भन्न सकिन्छ र त्यस बखतमा संविधान असफल भएको भन्नु पनि शोभनीय हुन्छ। तर, नेपालको संविधानले व्यवस्था गरेको तरिकाबमोजिम यो संविधानको पालना राज्यका जिम्मेवार

"राज्यमा जब विद्रोह शुरु हुन्छ त्यस बखतमा सबैभन्दा बढी मानवअधिकारमा असर पर्छ। त्यो स्थापित सिद्धान्त जस्तै भइसकेको छ। विद्रोही पक्षले आफ्नो हितमा हुने सम्भव भएसम्मका प्रायः सबै कार्य (अपराध नै भए पनि) गर्छ । जसमा के गर्न हुने र के गर्न नहुने भन्ने बीचको भिन्नता साह्रै झिनो हुन्छ, जुन कुरालाई नेपालको वर्तमान अवस्थाले पनि पुष्टि गरिसकेको छ।"

पक्षबाट बिरलै गरियो। संविधानबमोजिम आफ्नो व्यवहार ढाल्ने भन्दा आफ्नो व्यवहार र स्वार्थबमोजिम संविधान (सम्पूर्ण प्रणाली) लाई ढाल्ने प्रयत्न गरियो। यसैले गर्दा संविधान एकातिर, व्यवहार अर्कैतिर हुन गयो। यही नै वास्तबमा हालको नेपालको मूल संकट हो । जुन वास्तविक अर्थमा संवैधानिक संकट पनि होइन र संविधान असफल भएको पनि होइन।

मानवअधिकारकै दृष्टिकोणबाट हेर्दा पनि कार्यान्वयनमा पालना हुनुपर्ने कानुनहरुको पालना गरिएन। निर्माण हुन आवश्यक सबै कानूनहरु निर्माण हुन सकेनन्। यी कारणले गर्दा नै देशमा मानवअधिकारको उल्लंघनका वास्तविक कारण हुन्। जसको उदाहरण– मानवअधिकार आयोग ऐन बन्यो तर सो आयोगको गठन गराउन अदालतको ढोका चाहार्नु पर्‍यो[८]। यातना विरुद्ध अधिकार दिइयो तर यातना क्षतिपूर्ति ऐनको निर्माण अति नै ढिलो भयो र अदालतले कानून बनी नसकेको हुनाले क्षतिपूर्तिको दावी नपुग्ने फैसला गर्‍यो[९]। ढीलो निर्माण भए पनि यो ऐन महासन्धिको भावनाअनुरुप आउन सकेन। तर यातना क्षतिपूर्ति ऐनले मानिसको यातनाका कारणबाट ज्यानै गुमेको अवस्थामा पनि १ लाख रुपैंयामा सीमित गरिदियो[१०]। दास प्रथालाई संवैधानिकरुपमा नै ००७ सालदेखि नै उन्मूलन गरे पनि यो अझै पनि कायमै छ[११]। जब पश्चिम नेपालका कमैयाहरुले सिंहदरबार घेर्ने भनेर काठमाडौं आइपुगे तबमात्र सरकारले त्यसलाई अवैध घोषणा गर्‍यो। कानूनीरुपमा ती मुक्त भए तर त्यसपछि कहाँ जाने, के खाने कुनै निश्चितता नभएका तिनीहरु अझै पनि वास्तविकरुपमा कमैयाको दर्जाबाट माथि उक्लन सकेका छैनन्। बरु तिनीहरुले पहिलेको भन्दा बढी दुःख खेप्नु परेको तथ्य सबैमा अनुभव भएकै कुरा हो। दासत्व महासन्धि आजभन्दा ४१ वर्ष अघि नै अनुमोदन[१२] गरेपनि हालसम्म अप्रत्यक्षरुपमा दासकै रुपमा रहनु परेकोछ। मानवअधिकार र अन्तर्राष्ट्रिय महासन्धिहरु प्रतिको यो भन्दा बढी बेवास्ताको उदाहरण अरु के हुन सक्छ !

४

अदालतको मानवअधिकारप्रतिको प्रवृत्ति (Trend) को अध्ययन गर्दा "कुनै खास विषयमा अदालतको नीति यही नै हो" भनी यकिन गर्न सक्ने अवस्था छैन। मुद्दा र न्यायाधीशैपिच्छे फरक-फरक धारणा देखिन्छ। अदालतले केही राम्रा फैसला नगरेको होइन[१३] तर हाम्रो सर्वोच्च अदालतको अहिलेसम्मको प्रवृत्तिको अध्ययन गर्दा वातावरण विषय भएका विवादमा चाहिँ अदालतले सक्रियता देखाइरहेको छ भने अन्य मानवअधिकारसँग प्रत्यक्ष सरोकार राख्ने कतिपय विषयमा चाहिँ आवश्यक सक्रियता नदेखाई न्यायिक छलीपन (Judicial Scapticism) देखिएको छ[१४]। अर्को तर्फ, केही न्यायिक रोमाञ्च (Judicial Romanticism) पनि देखियो। जसको उदाहरणको रुपमा मीरा ढुगानाको वैवाहिक जबर्जस्ती करणी (Marital Rape) काल्पनिक विषयमा दिएको फैसला र केशवराज पाण्डेको सामाजिक व्यवहार सुधार ऐन, २०३१ लाई लागू गराउने विषयमा दिएको निर्देशनात्मक आदेश यसका उदाहरण हुन्।

मानवअधिकारलगायत् कुनै पनि अधिकारको कार्यान्वयन गराउनको निमित्त अदालतको भूमिका साह्रै महत्वपूर्ण हुन्छ। राज्यपक्षबाट अधिकारको हनन भएमा त्यसको प्रचलन गराउन जाने एकमात्र ठाउँ अदालत हो। त्यसैले अदालतप्रति अगाध आस्था, भरोसा राख्नुको कारण पनि यही नै हो। तर, जब आफ्ना अधिकार उल्लंघन भएर त्यसको प्रचलनको लागि अदालत जाँदा पनि व्यक्तिले उपचार पाउँदैन र अदालती व्यवहार कार्यपालिकाको एक शाखा जस्तो हुन्छ, त्यस बखतको स्थिति भने भिन्नै र अकल्पनीय हुन्छ र अगाध आस्था राख्नुको औचित्य रहँदैन। व्यक्तिको अधिकारको रक्षकको रुपमा अदालतको भूमिका कस्तो हुन्छ भन्ने तथ्य सर्वोच्च अदालतले "...चिलले निर्दोष चल्लालाई झम्टे जस्तै कार्यपालिकाले कुनै निर्दोष व्यक्तिलाई झम्टन समभव हुन्छ। प्रशासन मुख्यतः परिणामसँग सम्बन्धित हुन्छ तर कानून त खास गरेर न्याय, अधिकार, निश्चयता तथा सुरक्षाको खोजी गर्दछ"[१५] भनी व्यक्त गरेको कुरा स्वयंले प्रष्ट पार्दछ। तर, मानवअधिकारको कुरालाई लिएर विगत १२ वर्षको अनुभवलाई अध्ययन गर्ने हो भने त्यस्तो पाइँदैन। अदालतको यो नीति छ भनेर निश्चितरुपमा भन्न सक्ने स्थिति छैन। न्यायाधीश अनुसारको उदार र अनुदार नीति रहेको प्रष्ट देखिन्छ। न्यायिक व्यवहार पनि एकरुपता नभएर अनिश्चित रहेको देखिएकोछ। यसले गर्दा पनि मानवअधिकारको उचित कार्यान्वयनको निमित्त अवरोध खडा गरेकोछ।

५

अतः निश्कर्षमा, जब कानूनको शासनको सिद्धान्तमा चोट पुग्न थाल्छ, तब मानवअधिकारको उल्लंघनमा वृद्धि हुन्छ। कानूनको शासन त्यही बिन्दुबाट खँजाहा भई सिद्धान्तमा मात्र सीमित हुन्छ। जब अदालतले आफ्नो संस्थागत भूमिका खेल्न सक्दैन, तब मानवअधिकारको उल्लंघनमा तीव्रताका अतिरिक्त गुणात्मकरुपमा नै वृद्धि हुन्छ। मानवअधिकारको सम्मानको लागि भनूँ वा प्रचलनको लागि केही कानून अपुग हुनु त्यत्ति आपत्तिजनक हुँदैन, जत्ति कानुनको शासनमा चोट पर्दा हुन्छ र कानुनको अप्रयोग पनि त्यत्ति नै मूल्यहीन हुन्छ।

"...[T]he rule of law and the preservation of human rights rings hollow unless the people of a given country, where it is sought to preserve the rule of law, enjoy the basic necessities for the sustenance of life...The basic notion must seep through to all ranks of the community that fine legal principles on the paper mean nothing unless set in the context of a satisfaction of basic needs."[१६]

अतः जब राज्यका अंगहरुले मानवअधिकारको रक्षार्थ बेवास्ता गर्छन् त्यस अवस्थामा मानवअधिकारको रक्षाको निमित्त सबैभन्दा ठूलो जिम्मेवारी नागरिक समाजको हुन्छ। तसर्थ, नागरिक समाजको जिम्मेवारी हाल बढेकोछ।

---

१. Christopher Gregory Weeramantry, **The Law in Crisi: Bridges of Understanding**, Capemoss: London, at 53 (1975).

२. "आधारभूत" शब्दले कुन-कुन अधिकारहरुलाई जनाउन खोजेको हो भन्ने कुरा अदालतले मुद्दाहरुमा गर्ने व्याख्यावाट निर्धारण हुने कुरा हो। प्रस्तावनामा राख्नाले मानवअधिकारलाई

विधायिकाको नियन्त्रणबाट त बाहिर रहे पनि कुन आधारभूत हो कुन होइन भनेर छुट्याउने पूर्ण अधिकार भने अदालतको कायमै रह्यो। कुनै समयमा अदालतबाट अनुदार व्याख्या भएको खण्डमा भने यो शब्दावलीले मानवअधिकारको कार्यान्वयनमा बाधा ल्याउन सक्ने निश्चित देखिन्छ। तर पनि विधायिकाको नियन्त्रण भित्र राख्नु भन्दा यो व्यवस्था नै तुलनात्मकरुपमा उचित छ।

३. धारा ११६ (१) को प्रतिबन्धात्मक वाक्यांशले प्रस्तावनालाई असंशोधनीय बनाई विधायिकाको बहुमतको बलबाट बाहिर राखेकोछ।

४. "सरकार" शब्द विस्तृत अर्थमा प्रयोग गरिएकोछ।

५. यातना क्षतिपूर्ति ऐन, २०५३ यसको उदाहरण हो। जसका कतिपय व्यवस्था यातना विरुद्धको महासन्धि अनुरुप छैनन् भने कतिपय व्यवस्था अपुग छन्। त्यसैले यो ऐन यातना विरुद्धको महासन्धिलाई कार्यान्वयन गराउने राष्ट्रिय कानून भन्दा पनि सरकारको लाज छोप्न अनुहार ढाक्ने रुमाल भएको छ।

६. माधव कुमार बस्नेत समेत वि. श्री ५ को सरकार, मन्त्री परिषद् सचिवालय समेत, संवत २०५९ सालको रि. नं. ११८, निर्णय मिति २०६०/५/२०। जसमा, यातना क्षतिपूर्ति ऐनको दफा ६ (१) मा क्षतिपूर्तिको रकम रु १ लाखमा सीमित गरेर यातना विरुद्धको महासन्धि, जुन नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१) ले नेपाल कानुन सरह लागू हुन्छ, को धारा १४ (१) विपरीत भई बदरभागी छ। क्षतिपूर्तिको मात्रा हरेक मुद्दैपिच्छे पीडितलाई पुगेको क्षतिको मूल्याङ्कन गरी दिनु पर्ने विषय हो। एकलाख रुपैयाँ मात्रै सबै अवस्थामा पर्याप्त नहुन सक्छ । तर यातना क्षतिपूर्ति ऐन, २०५३ को दफा ६ (१) ले एक लाख हद तोकिदिनाले त्यसभन्दा वढी भराउन कानूनतः मिल्दैन। एकलाख रुपैयाँमात्रले वास्तविक क्षतिपूर्ति नहुन सक्ने अवस्थामा उक्त "एक लाख रुपैयाँ" भन्ने वाक्यांश वाधक वन्छ। त्यसैले त्यसलाई बदर गरी पाऊँ भनी दावी गरी हालिएको मुद्दामा सर्वोच्च अदालतले निवेदक कै माग दोहोऱ्याई– (१) क्षतिपूर्तिको रकम मुद्दैपिच्छे फरक पर्ने कुरा हाहे (२) यातना विरुद्धको महासन्धीको धारा १४ (२) ले राष्ट्रिय कानूनद्वारा निर्धारित क्षतिपूर्तिलाई मान्यता दिएको र (३) रिट निवेदन काल्पनिक भएको भनेर खारेज गऱ्यो । जहाँसम्म यातना विरुद्धको महासन्धीको धारा १४ (२) को व्यवस्था छ सो व्यवस्थाले सर्वोच्च अदालत उल्लेख गरेको जस्तो अर्थमा सो उपधारा वनेको नभई सामान्य स्तरभन्दा उच्चतम हदको क्षतिपूर्तिको रकम भराउन सक्ने कुनै देशको कानूनमा व्यवस्था भए त्यसलाईचाहिँ फरक नपार्ने भन्ने अर्थमा सो व्यवस्था गरिएको हो । यसको मनसायको लागि यातना विरुद्धको महासन्धिको मसौदा गर्दा प्रत्यक्ष संलग्नता रहेका J. Herman Burgers तथा Hans Danelius ले "*Paragraph 2* indicates that where there is a wider right to compensation under domestic law, this right shall not be affected by the provisions of article 14. It may be, for instance, that under some legal systems a victim of torture enjoys a right to considerable higher amounts of compensation than reasonable derived from the *Convention*, and it is also possible that persons who have assisted a victim of torture could be compensated for their expenses under certain national laws. Any such rights remain unaffected by article 14." **[The United Nations Convention against Torture: A Handbook on the Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment,** Martinus Nijhoff Publishers: The Netherland, at 147 (1988)] भनेर सोको मनसाय प्रष्ट गरेकाछन् । सो कुरालाई सन्धि व्याख्याको नियमअनुसार पनि सो उपधाराको अर्थ खुट्याउन आधार लिन सकिन्छ र सो कुरा मौखिकरुपमा बहस र लिखितरुपमा बहसनोटमा पुस्तकको छायाँप्रति समेत राखेर लिखित रुपमा दिँदादिँदै पनि अदालतले उल्टो अर्थ लगाई रिट खारेज गर्नुले अदालतको मानवअधिकारप्रतिको संवेदनहीनताको ताजा नमूनाको रुपमा लिन कुनै आपत्ति देखिँदैन।

७. *जनआस्था* साप्ताहिक (वर्ष ९, अङ्क ४०) लाई मिति २०६०/९/९/४ मा दिएको अन्तरवार्तामा "असोज १८ पछि तपाईंहरुलाई हिरासतमा लैजाँदा त्याहाँ तपाईंहरुकै पालामा पक्रिएर थुनिएका माओवादी नेता, कार्यकर्तासँग भेटघाट भयो, हैन?" भनी सोधिएको प्रश्नको जवाफमा "*हो, उनीहरु हिरासतमा थिए । **बडो यातना दिएर थुनिएको थियो त्यहाँ तिनीहरुलाई। यो कुरा हामी आफैंले देख्यौं। उनीहरुलाई सार्वजनिक गरिएको पनि थिएन।***" भनेर जवाफ दिइएकोछ। त्यस्तै अर्को प्रश्नको जवाफमा "...***हुनसक्छ, सुरक्षा निकायले हामीलाई समेत थाहा नदिई कतिपय मानिसलाई सार्वजनिक नगरी राखेका थिए होलान् ।***" भनेर लाचारी प्रकट गरिएकोछ।

८. **अधिवक्ता भोजराज ऐर वि. प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला समेत**, मानवअधिकार सम्वन्धी फैसलाहरुको प्रकाशन २०५९ (विशेषाङ्क), क्र. सं. ६१, पृ. ४४३

९. **पूर्ण बहादुर छन्तेल विरुद्ध प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, दाङ समेत**, ने. का. प. २०४९ पृ.

१०. प्रहरीले अनुसन्धानको क्रममा यातना दिएको कारणबाट गणेश राईको मृत्यु भएको र सो मुद्दामा काठमाडौं जिल्ला अदालतले मृतकको परिवारलाई रु. १ लाख क्षतिपूर्ति प्रदान गरेकोछ। यो नै हालसम्मको अधिकतम र उच्चतम हदसम्मै क्षतिपूर्ति दिएको मुद्दा हो ।

११. नेपाल अन्तरिम शासन विधान, २००७ को धारा ११ तथा २०, नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ३ (२), नेपालको संविधान, २०१९ को धारा १३ तथा वर्तमान संविधानको धारा २०। दासत्व मोचनको इतिहास हेर्ने हो भने देवशमशेरले प्रयत्न गरे पनि उनको कार्यकाल अति नै छोटो समयको भयो। तसर्थ, उनको पालामा संभव भएन। त्यसपछि चन्द्रशमशेरले ८ नोभेम्बर १९२४ मा कमारा कमारी रु. ३६, ७०००० खर्चेर भ पनि कमारा कमारी अमलेख गरेका थिए। (हेर्नुहोस्, बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रुपरेखा**, पृ. ३६४), यसरी कमारा कमारी अमलेख गर्दा उनले प्रति कमारा कमारी रु. २५/- देखि १२०/- सम्म खर्च गरेका थिए । (हेर्नुहोस्, Perceval Landon, **Nepal**, Vol. 2, Asian Educational Service: New Delhi, at 165 (1993).

१२. यस लेखमा "अनुमोदन" शब्दलाई सम्मिलन पनि जनाउने अर्थमा प्रयोग गरिएकोछ । नेपालले दासत्व महासन्धि र त्यसको पूरक महासन्धिलाई ७ जनवरी १९६३ मा अनुमोदन गरेको थियो ।

१३. **मीरा डुंगाना विरुद्ध म. प. स. समेत**, ने. का. प. २०५२ पृष्ठ ४६२, **रीना बज्राचार्य वि. शा. ने. वा. नि. समेत**, ने. का. प. २०५७ पृ. ३७६ आदिलाई राम्रा फैसलाको रुपमा लिन सकिन्छ।

१४. उदाहरणको लागि **रविन्द्र भट्टराई वि. श्री ५ को सरकार, मन्त्री परिषद् समेत**, फैसला मिति २०५८/५/१४ (प्रहरी कर्मचारीलाई शारीरिक थकान (फ्याटिग)को सजाय दिने व्यवस्था संविधान विपरीत भएको हुनाले प्रहरी ऐनका ती व्यवस्था बदर घोषित गरी पाऊँ भनी दावी गरिएकोमा अनुशासन र शारीरिक तन्दुरुस्तीको लागि गरेको हुँदा सो व्यवस्था संविधानसँग वाझिएको छैन सर्वोच्च अदालतले सो व्यवस्थालाई संविधान विपरीत नभएको भनी प्रहरीलाई दिइने यातनालाई संविधान विपरीत कायम राखिदियो।

१५. सेक्रेटरी वन मन्त्रालय वि. डे. सि. राजेन्द्र वहादुर प्रधानाङ्ग, नेपाल कानुन पत्रिका, २०१५/२०१६ (पु. प्र.) पृष्ठ, ४५।

१६. Christopher Gregory Weeramantry, **The Law in Crisis: Bridges of Understanding**, Capemoss: London, at 46-7 (1975)

सन्दर्भः माओवादी "जनयुद्ध"

द्वन्द्वका सामाजिक उपलब्धीहरू

प्रकाश ज्ञवाली

१. पृष्ठभूमि

द्वन्द्वहरु आमरुपमा ठानिएजस्तो खराब हुँदैनन्, द्वन्द्वका परिणामहरु यसको प्रकार र कारणमा भर पर्दछन्। वास्तवमा, द्वन्द्व सामाजिक परिवर्तनका सबैभन्दा महत्वपूर्ण पक्षहरुमध्ये एक हो। द्वन्द्वले हामीलाई केही चिज गलत वा खराब छ भन्ने कुरा बताउँछ, यो परिवर्तन र सुधारको द्योतक हो। द्वन्द्वविना समाज स्थीर रहन्छ।[१]

नेपाली समाजमा विद्यमान सामाजिक, आर्थिक, साँस्कृतिक, राजनीतिक द्वन्द्वहरु विभिन्न परिस्थिति र रुपमा प्रकट हुने गरेका छन्। मूलतः राजनीतिक द्वन्द्वको रुपमा देखा परेको वर्तमान द्वन्द्वको पृष्ठभूमिको चर्चा गर्दा ०४६ सालअघिको इतिहास कोट्याउनु र त्यसको बारेमा व्याख्या विश्लेषण गर्नु यो लेखमा सम्भव छैन। तसर्थ, ०४६ सालयताको मुख्य राजनीतिक मुद्दा र विकसित द्वन्द्व एवम् प्रभावहरुबारे संक्षिप्त चर्चा गरिएको छ।

०४६ सालको जनआन्दोलनमा यस्ता धार संलग्न भएका थिए, जसमध्ये एउटा धार त्यसबेला निर्णायक थियो र त्यसकै सहमतिमा संवैधानिक राजतन्त्र, बहुदलीय व्यवस्था र जनतामा निहीत सार्वभौमसत्ताजस्ता आधारभूत सवालमा सहमति जनाई जनआन्दोलन समापन गरिएको थियो। यो धार नै राजासँग वार्तामा बसेको थियो र राजनीतिक निकासका रुपमा अगाडि सारिएको वर्तमान व्यवस्थाप्रति सहमत हुँदै सम्झौता गरेर अगाडि आएको थियो। यही धारकै एक प्रमुख शक्ति नेकपा (माले) ले वर्तमान संविधानलाई "आलोचनात्मक समर्थन" गरेको थियो। घोषितरुपमा, त्यस नीतिमा अहिलेसम्म परिवर्तन गरिएको छैन।

अर्कातर्फ, विभिन्न ५ वटा स-साना वामघटकहरुको एउटा छुट्टै मोर्चा "संयुक्त राष्ट्रिय जनआन्दोलन (संराजआ)" गठन भएको थियो, जसले संयुक्त वाममोर्चा र नेपाली काँग्रेसद्वारा अगाडि सारिएको "बहुदलीय प्रजातन्त्र" प्रति नीतिगत असहमति जनाउँदै "जनवादी जनतन्त्र" को उद्देश्य[२] लिई छुट्टै कार्यक्रमसहित आन्दोलन संचालन गरेको थियो। ०४६ सालको जनआन्दोलनलाई जनतन्त्र स्थापनासम्म पुऱ्याउनु पर्दछ भन्ने राजनीतिक अडान लिएको, सानो संख्यामा रहेको सो समूह तत्कालीन राजनीतिक ध्रुवीकरणमा पछाडि परेको थियो।

जनआन्दोलन सम्पन्न भएको एक हप्ता पनि बित्न नपाउँदै, ०४७ वैशाख २ गते डा. बाबुराम भट्टराई प्रवक्ता रहेको संराजआले तत्कालीन अन्तरिम सरकारसमक्ष १० सूत्रीय मागहरु[३] प्रस्तुत गरेको थियो, जसमा बृहद् राजनीतिक सम्मेलन, अन्तरिम शासन विधान तर्जुमा, संविधान सभाको निर्वाचन र संविधान सभाद्वारा संविधानको निर्माण हुनुपर्ने उल्लेख गरिएको थियो। उनीहरु वर्तमान व्यवस्था स्थापनाको प्रकृयामै असहमत थिए। संविधान निर्माण गर्दा पनि उनीहरुका मागप्रति ध्यान दिइएको थिएन। आफ्नै बलबुतामा मात्र आन्दोलन संचालन गर्ने शक्ति नभएको अवस्थामा, जनआन्दोलनपछिका कार्य, खासगरी संविधान निर्माण प्रकृया र संविधानको स्वरुपप्रति तीव्र आलोचक हुँदाहुँदै पनि उनीहरु बहुदलीय व्यवस्थालाई स्वीकार्न वाध्य भए। फलस्वरुप, वर्तमान व्यवस्थाप्रति "भण्डाफोर" को नीति अगाडि सार्दै संयुक्त जनमोर्चा नेपालका तर्फबाट ०४८ सालको आम निर्वाचनमा

> "सकारात्मक प्रभाव र उपलब्धीहरूलाई लिएर अगाडि बढ्न सकियो र सानो मात्रामा देखिएको भए पनि, सकारात्मक पक्षलाई आशाको केन्द्रविन्दू बनाउँदै बृहत्तर क्षेत्रसम्म पुऱ्याउन सकियो भने त्यसले द्वन्द्व व्यवस्थापन र रुपान्तरणमा सहयोग पुऱ्याउन सक्दछ।"

भाग लिए र कृष्णबहादुर महरासमेत ९ जनाले संसदमा प्रतिनिधित्व गरे।

०४६ सालमा अहिलेका माओवादीहरुसँग सशस्त्र संघर्षका लागि न आत्मगत र वस्तुगत क्षमता थियो न त जनमत नै। तसर्थ, ०४६ सालको जनआन्दोलनपछिका ७० महिनालाई शक्ति सञ्चयका रुपमा उपयोग गरी उनीहरुले सैद्धान्तिक, राजनीतिक र व्यवहारिक तयारी गरे। अर्कातर्फ, बहुदलीय व्यवस्थाको स्थापना र खासगरी ०४८ सालको आम निर्वाचनपश्चात् बनेको बहुमतको सरकारले तत्कालीन संयुक्त जनमोर्चा, नेपालका प्रभाव क्षेत्रहरु तथा अन्य विपक्षीहरुमाथि व्यापक राजनीतिक दमन गऱ्यो। जनआन्दोलनपछि गठन भएको पहिलो जननिर्वाचित सरकारले राष्ट्रिय एकताको सवाललाई आत्मसात गर्नुको सट्टा विपक्षीका मागहरुप्रति पूर्ण बेवास्ता गऱ्यो। यस्तो दमन र गैरजिम्मेवार प्रवृत्तिले विद्रोह जन्माउन थप मद्दत गऱ्यो। जनतन्त्रको उद्देश्य राखेर ०४६ सालको जनआन्दोलनमा आफ्नै ढंगले लागेको राजनीतिक धारको प्रभाव क्षेत्रलाई नै सरकारले किन चरम दमनको केन्द्र बनायो? भन्ने कुरा आशंकामुक्त छैन। विद्यमान गरिबी, अशिक्षा, बेरोजगारी, आर्थिक असमानता र श्रोत तथा साधनहरुको असमान वितरण प्रणालीका कारण ग्रामीण क्षेत्रको जनजीवन कष्टकर यथार्थताभन्दा माथि उठ्न सकेन। गरिब, अल्पसंख्यक र वञ्चित जनतामा रहेको, समान नागरिक हुने अधिकार र परिवर्तनको चाहनाले द्वन्द्वको विकास गऱ्यो।

जेहोस्, "अन्याय र अत्याचारका विरुद्ध अन्य उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने मानिसहरुले नठानून् भन्ने हो भने मानवअधिकारहरु कानुनी शासनद्वारा संरक्षित हुनुपर्छ" भन्ने मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को मूल मान्यताप्रति बेवास्ता गर्नुले पनि सशस्त्र द्वन्द्व संचालन गर्ने जनमत सृजनामा मद्दत पुग्यो। यी सबै पृष्ठभूमिमा नेकपा (माओवादी) ले "जनयुद्ध" घोषणा गऱ्यो र जनआकर्षण बटुल्न पुग्यो।

माओवादीले ०५९-६० मा सरकारसँगको दोश्रो पटकको वार्ताका क्रममा पनि ०४७ सालमा संराजआद्वारा प्रस्तुत १० सूत्रीय मागकै राजनीतिक सारलाई मुख्य एजेण्डाका रुपमा अगाडि साऱ्यो। अन्तरिम सरकार, गोलमेच सम्मेलन र संविधान सभाको निर्वाचनसम्बन्धी एजेण्डा विगतको "बृहद् राजनीतिक सम्मेलन" र "संविधान सभाको निर्वाचन" कै निरन्तरता हो। तसर्थ, अहिलेको द्वन्द्वले केवल ०५२ सालयताको राजनीतिक विकल्प खोजेको नभई ०४६ सालको जनआन्दोलनको सेरोफेरोमै अगाडि सारिएका मूलभूत एजेण्डाहरुलाई मुख्य आधार र केन्द्रविन्दू मानेको देखिन्छ। यसको शुरुवात ०५२ सालमा नेकपा (माओवादी) द्वारा "जनयुद्ध" को घोषणा र संचालन गरेयता भएको देखिएता पनि नीतिगतरुपमा, यसलाई ०४६ सालकै जनआन्दोलनको एउटा धारको निरन्तरताका रुपमा लिन सकिन्छ।

२. सन्दर्भ

सशस्त्र द्वन्द्वका कारण देशको आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक क्षेत्रमा अत्यन्त नकारात्मक असर परेको छ। नागरिकको बाँच्न पाउने आधारभूत अधिकार हनन भएका घटनाहरु दिनानुदिन बढ्दो क्रममा छन्। समग्रमा, देशको मानवअधिकार स्थिति अत्यन्त नाजुक छ।

वास्तवमा, द्वन्द्व समाजका लागि त्यस्तो अत्यावश्यक तत्व हो, जसका कारण सामाजिक अस्तित्व र समाजका इकाईहरुबीच अन्तरसम्बन्ध स्थापित भएको छ। मार्क्सकै शब्दमा भन्ने हो भने, द्वन्द्व समाज विकासको लागि अनिवार्य आवश्यकता हो। द्वन्द्वकै कारण समाज असभ्यबाट सभ्य, अविकसितबाट विकसित र पुरातनबाट उन्नत अवस्थामा परिवर्तन हुन्छ। तर, सशस्त्र द्वन्द्वका कारण नेपाली समाजमा द्वन्द्वप्रति नै नकारात्मक धारणा पैदा भएको छ। द्वन्द्वलाई विध्वंस र विनाशको पयार्य ठान्ने प्रवृत्ति विकसित हुँदैछ।

अहिले, विभिन्न क्षेत्रमा द्वन्द्वले निम्त्याएका नकारात्मक परिणामहरुको मात्र चर्चा भइरहेको छ। यस्तो अवस्थामा, यसका सकारात्मक प्रभाव र उपलब्धीहरुलाई लिएर अगाडि बढ्न सकियो र सानो मात्रामा देखिएको भए पनि, सकारात्मक पक्षलाई आशाको केन्द्रविन्दू बनाउँदै वृहत्तर क्षेत्रसम्म पुऱ्याउन सकियो भने त्यसले द्वन्द्व व्यवस्थापन र रुपान्तरणमा सहयोग पुऱ्याउन सक्दछ।

३. उद्देश्य

यो लेखको प्रमुख उद्देश्य द्वन्द्वले नेपाली समाजमा पारेका सकारात्मक प्रभावहरुको मात्र चर्चा गर्नु रहेको छ। द्वन्द्वका कारण आम नेपाली जनताले भोग्नु परेको कहालीलाग्दो अवस्था, द्वन्द्वका नकारात्मक असर र प्रभावहरुबीच समाजका विभिन्न क्षेत्रमा देखिएका सकारात्मक उपलब्धीहरु औंल्याउनु र तिनलाई छलफलको विषय बनाउनु यो लेखको उद्देश्य हो।

४. द्वन्द्वका सामाजिक उपलब्धीहरु

४.१ दलित, जनजातिमा जागरण

वर्तमान द्वन्द्वका कारण विभिन्न उत्पीडित जनजातिहरु जस्तै: मगर, गुरुङ, तामाङ, थारु, राई, लिम्बु, मधेसी आदिमा आफ्नो अधिकार र मुक्तिका लागि संघर्ष गर्नुपर्छ भन्ने नयाँ खालको जागरण फैलिएको छ। विभिन्न जनजातिहरुका मुक्ति मोर्चाहरुको स्थापना र विस्तार भएको छ, जसका माध्यमबाट उनीहरुले आफ्ना अधिकारहरु अगाडि सारेका छन् र संगठितरुपमा आवाज उठाउन सक्षम हुँदैछन्। त्यसैगरी, दलितहरुले विभिन्न संगठनहरुमार्फत् आवाज उठाएका र आफ्नो अधिकारका लागि आफै सक्रिय हुनुपर्दछ भन्ने मान्यताका आधारमा अगाडि बढेका छन्। वर्तमान द्वन्द्वमा विभिन्न दलित, आदिवासी तथा जनजातिका मानिसहरु संलग्न र परिचालित भएका छन्, जसबाट उनीहरुमा आत्मविश्वास बढेको छ।

दलित, जनजातिहरुमा आएको जागरणलाई कतिपयले राष्ट्रिय विखण्डनको खतराका रुपमा पनि व्याख्या गरेको पाइन्छ। तर, सामूहिक हितका लागि संगठित हुनु, आफ्नो अधिकारका लागि अगाडि बढ्नुलाई भौगोलिक पक्षसँग गाँस्नु उचित होइन। जातीय स्वायत्ततालाई भौगोलिक विखण्डनतर्फ उन्मुख हुन नदिन भने सचेत हुनै पर्दछ। जातीय, राजनीतिक तथा धार्मिक विभेद कायम हुँदासम्म समग्र राष्ट्रिय विकास

सम्भव नहुने भएकाले यी पक्षलाई नकारात्मक कोणबाट व्याख्या गर्ने परिपाटीको अन्त्य गर्नु आवश्यक छ। "जातीय स्वायत्तता" लाई "जातीय अधिकार" का रुपमा स्थापित गर्नु पर्दछ न कि "जातीय आधारमा भौगोलिक विखण्डन"।

४.२ दलित, जनजाति र आदिवासीहरुप्रति राज्यको दृष्टिकोणमा परिवर्तन

नीति निर्माण तह र वर्तमान राज्य संरचनामा दलित, जनजाति र आदिवासीहरुको प्रतिनिधित्व हुनु पर्दछ भन्ने सवाल निकै जोडदार ढंगले उठेको छ। चालू द्वन्द्वमा दलित, आदिवासी तथा जनजातिहरुको संलग्नतालाई घटाउन र उनीहरुलाई अधिकार प्रदान गर्न सरकार समेत तत्पर रहेको कुरा सरकारी घोषणाहरुबाट बुझ्न सकिन्छ। सरकार-माओवादीबीच दोश्रो पटक युद्धविराम हुनु केही दिन अघि तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले सबै जातजातिको उत्थान आजको सर्वोपरि आवश्यकता भएको र विकास-निर्माण कार्यमा सबै जातिलाई सहभागी गराई विकासको मूलप्रवाहमा ल्याउन सके मात्र हामीले परिकल्पना गरेको समतामूलक समाजको निर्माण हुनसक्ने[४] उल्लेख गर्नु भएको थियो। त्यसैगरी सरकार-माओवादी वार्ताको क्रममा ०६० साउनमा सरकारद्वारा प्रस्तुत राज्यप्रणालीमा अग्रगामी सुधार सम्बन्धी अवधारणामा पनि सबै धर्म, जात, सम्प्रदाय, भाषा एवम् आस्थाको संरक्षण र सम्बर्द्धन गरी बहुदलीय समाजलाई सुदृढ गर्नुपर्ने, राष्ट्रिय भाषाहरुलाई स्थानीय निकायहरुले निर्णय गरी कामकाजको दोश्रो भाषाको रुपमा प्रयोग गर्न सक्ने व्यवस्था गर्नुपर्ने, जनसंख्याको अनुपातमा जनजाति, आदिवासी एवम् दलितहरुको प्रतिनिधित्व गर्नेगरी संसद्को माथिल्लोसदनको संरचनामा आमूल परिवर्तन गरिनुपर्ने, आदिवासी, जनजाति र दलितहरुका लागि विभिन्न क्षेत्रमा आरक्षणसहितको विशेष व्यवस्था गरिनुपर्ने जस्ता सवाल अगाडि सारिएको थियो। यसबाट विगतमा सदैव विभेद र तिरस्कारको शिकार बनाइएका दलित, जनजाति र आदिवासीहरुप्रति राज्यको दृष्टिकोणमा परिवर्तन आएको स्पष्ट हुन्छ। यसलाई पनि वर्तमान द्वन्द्वको एक सकारात्मक उपलब्धीका रुपमा लिन सकिन्छ। त्यसैगरी राष्ट्रिय दलित आयोग स्थापनालाई पनि महत्वपूर्ण उपलब्धीका रुपमा लिन सकिन्छ, जसलाई अघोषितरुपमा, द्वन्द्वात्मक अवस्थालाई विभिन्न कोणबाट मत्थर पार्ने रणनीतिअनुरुप (आवश्यक कानुनी तयारीविना नै भए पनि) गठन गरिएको थियो भन्न सकिन्छ।

४.३ राजनीतिक दलहरुमा सुधार

राजनीतिक दलहरुले राष्ट्रिय मुद्दाहरुमा गम्भीर बन्नुपर्दछ भन्ने कुरा पहिलेको तुलनामा अहिले बढी महसूस गरेका छन्। जनताका आधारभूत आवश्यकताका सवालमा उनीहरुको ध्यानाकर्षण भएको छ। वर्तमान द्वन्द्वले जनताका सरोकारका विषयभन्दा टाढा रहेर केवल सत्ताका लागि मात्र काम गर्ने परम्परागत शैली बोकेका राजनीतिक दलहरुका कमीकमजोरी औंल्याइदिएको छ। राजनीतिक दलहरु आपसी खिचातानीमा मात्र नअल्झिएर जनसरोकारका सवालहरुमा एकताबद्ध भई अगाडि बढ्नु पर्दोरहेछ भन्ने चेतना पनि केही हदसम्म जागृत भएको छ। त्यसैगरी, राष्ट्रिय मुद्दाहरुमा साझा सहमति र सहकार्य विकसित भएको छ। द्वन्द्वका विभिन्न पक्षहरुका कारण, प्रमुख राजनीतिक पार्टीहरुले १८ बुँदे साझा एजेण्डा तय गरेर हालको अवस्थामा संयुक्त आन्दोलन सञ्चालन गर्नुपर्ने अवस्था सृजना भएको छ। वर्तमानको जस्तो द्वन्द्व नदेखिएको भए यी पार्टीहरु आपसी वैमनस्यता, राजनीतिक खिचातानी र सत्तास्वार्थको लडाइँमात्र लडिरहने थिएनन् भन्न सकिँदैन। सुक्ष्म तहमा हेर्ने हो भने, राजनीतिक दलहरुको आन्तरिक संरचना र कार्यशैलीमा प्रजातान्त्रिकरणको सवाल उठेको छ र दलहरुले यसलाई क्रमश: आत्मसात गर्ने प्रकृया शुरु भएको छ।

४.४ लैंगिक सम्बन्ध र श्रम विभाजनमा परिवर्तन

द्वन्द्वका कारण व्यक्तिगत र सार्वजनिक क्षेत्रमा लैंगिक सम्बन्धमा परिवर्तन आएको छ। सार्वजनिक जीवनमा हुने विभिन्न छलफल र निर्णय प्रकृयामा महिलाहरुको पहुँच बढेको छ। बाहिरका मानिससँग बोल्न समेत हिच्किचाउने महिलाहरु अहिले सुरक्षा निकाय, माओवादी, अन्य राजनीतिक समूह, शिक्षक, कर्मचारी, सामाजिक कार्यकर्तालगायत्का व्यक्तिहरुसँग सवाल-जवाफ गर्न र आफ्ना कुराहरु राख्न सक्ने भएका छन्। उनीहरु विगतमा जस्तो बोल्न हिच्किचाउने अवस्थाबाट एक तह माथि उठेका छन्।

वर्तमान द्वन्द्व शुरुभएदेखि, नेपाली समाजमा महिला र पुरुषबीचको श्रम विभाजनसम्बन्धी जनताको सोचाईमा परिवर्तनहरु आएकाछन्। "बाबु" र "दाजु"हरु भात पकाउने, पानी ल्याउने, भाँडा माझ्ने जस्ता कार्यमा संलग्न भएका छन्।[५] त्यसैगरी महिलाहरुको सोचाईमा पनि परिवर्तन आएको छ। "पुरुषले गर्ने" भनेर छुट्याइएका कार्यहरु जस्तै: हलो जोत्ने, घरको छाना छाउने आदि महिलाहरुले गर्न थालेका छन्। यस्तो कार्यका लागि भने दुईवटा पक्षले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।[६] पहिलो, यो वाध्यता बनेको छ। गाउँ-घरमा युवा र लोग्नेमान्छेहरु नभएका कारण महिलाहरु त्यस्ता कार्य गर्न वाध्य भएका छन्। पुरुषको अनुपस्थितिले महिलाहरुलाई वाध्यताका साथै सार्वजनिक जीवनमा अग्रसर हुने अवसरको पनि सृजना गरेको छ। दोस्रो, महिलाहरु वैचारिक हिसाबले त्यस्ता कार्यहरु गर्न अग्रसर भएका छन्। उनीहरु "हामी पुरुषभन्दा कम छैनौं" भन्ने मान्यताका साथ अगाडि बढेका छन् र पुरुषले गर्ने भनिएका कार्यहरु सफलतापूर्वक सम्पन्न गरेका छन्। माओवादीको बढ्दो गतिविधि र त्यसमा महिला सहभागिता उल्लेखनीय देखिएपछि शाही नेपाली सेनामा समेत महिला सैनिकको आवश्यकता महसुस गर्दै गैरप्राविधिक क्षेत्रमा पनि महिलालाई सहभागी गराउने प्रकृया अगाडि बढिसकेको छ।

४.५ पीडित महिलाका लागि राहत, महिलाविरुद्ध हिंसामा कमी

कतिपय महिलाहरुका लागि वर्तमान द्वन्द्वले अत्याचारबाट तत्काल उन्मुक्तिको अवसर पनि प्रदान गरेको छ।[७] महिलाहरु विद्यालय जानबाट वञ्चित र सानै उमेरमा विवाह गर्न वाध्य बनाइने परिपाटीको विरुद्धमा उभिन थालेका छन्। बलात्कार, घरेलु हिंसा आदिका दोषीहरुलाई "कारवाही"

गर्ने परिपाटीका कारण महिलाहरुलाई राहत मिलेको छ र त्यस्ता गलत प्रवृत्तिहरु तुलनात्मक रुपमा कम हुँदै गएका छन्। कतिपय घटनाहरुमा त दोषीहरुलाई महिलाहरु स्वयम्ले दण्ड दिने गरेका छन्। महिलामाथि हुने दुर्व्यवहार, घरायसी तथा सामाजिक हिंसामा कमी आएको छ।

४.६ राजनीतिमा महिला सहभागिता

द्वन्द्वका कारण राजनीतिक क्षेत्रमा महिला सहभागिता बृद्धि भएको छ। नेपाली राजनीतिमा पहिले अनुमान नै नगरिएको, गरिब, किसान, अशिक्षित र जनजाति महिलाहरुले राजनीतिक पहिचान प्राप्त गरेका छन्।[८] कतिपय ठाउँमा उम्मेद्वार हुनका लागि पुरुषको अभावका कारण पनि महिलाहरुले उम्मेद्वारी दिनुपर्ने अवस्था सृजना भएको छ। यसलाई दुई कोणबाट हेर्न सकिन्छ- पहिलो, पुरुषहरुको अनुपस्थितिका कारण सृजित अवस्था, जसलाई सुखद् मान्न सकिँदैन। दोश्रो, यसले कम्तिमा पनि महिलाहरुमा "हामी पनि पुरुषसरह जुनसुकै क्षेत्रमा काम गर्न सक्दारहेछौं" र "विद्यमान पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष हुँदासम्म महिलाले अवसर नपाउँदा रहेछन्" भन्ने प्रष्ट भएको छ। महिलाहरु छापामार दस्ता, साँस्कृतिक तथा प्रचारप्रसारका कार्यहरुमा प्रत्यक्ष रुपले संलग्न भएका छन्। "चुलोचौकोमा सीमित हुने जात" भनेर महिलामाथिको दमन कायम राख्ने समाजलाई "महिलाले बन्दूक उठाउनेजस्ता जोखिमपूर्ण र साहसिक कार्य समेत गर्न सक्दछन्" भन्ने प्रमाण प्रस्तुत हुनुले गतिलो शिक्षा मिलेको छ। अर्कातर्फ, राज्यद्वारा स्थानीय स्वायत्त शासन ऐन २०५५ मार्फत् स्थानीय निकायमा २० प्रतिशत महिला सदस्यहरुको व्यवस्था गरिएको छ। सरकार-माओवादी दोश्रो पटकको वार्ताका क्रममा ०६० साउन ३२ गते श्री ५ को सरकारका तर्फबाट प्रस्तुत राज्य प्रणालीमा अग्रगामी सुधार सम्बन्धी अवधारणामा सबै तहका जनप्रतिनिधिमूलक संस्थाहरुमा कम्तिमा २५ प्रतिशत महिला प्रतिनिधित्वका लागि सुरक्षित गर्ने सवाल समावेश गरिएको थियो। द्वन्द्वरत दुवै पक्षबाट महिलालाई राजनीतिमा सहभागी गराउने विषयमा चासो देखाइएको छ। यस्ता व्यवस्था र प्रतिबद्धताहरुलाई द्वन्द्वको सकारात्मक उपलब्धीका रुपमा लिन सकिन्छ।

४.७ सामाजिक विकृतिविरुद्ध सचेतनता

जुवातास, जाँडरक्सी, बहुविवाह आदिमा संलग्नहरुलाई सजाय गर्ने परिपाटी विकसित भएको छ र ग्रामीण स्तरमा त्यस्ता क्रियाकलापहरुमा कमी आएको छ। कतिपय घटनामा महिलाहरुले नै दोषीहरुलाई सजाय दिने गरेका छन्। जाँडरक्सी र जुवातासविरोधी अभियानको नेतृत्व महिलाहरुले गरेका छन्। पुरुषहरु संलग्न नभएता पनि, महिलाहरुले पारिवारिक र सामाजिक बन्धनलाई चिर्दै यस्तो अभियान संचालन गरेका छन्। समग्रमा, सामान्य अवस्थामा देखिने यसखाले विकृतिहरुविरुद्ध सामाजिक सचेतनता बढेको छ।

४.८ त्यागको भावना

वर्तमान द्वन्द्वका कारण तल्लो तहका जनतामा त्यागको भावना विकसित भएको छ। परिणाम र तौरतरिका जेजस्तो भए पनि, मानिसहरु वलिदान दिन तयार भएका छन्। लडाकु दस्तामा ग्रामीण क्षेत्रका पिछडिएका, दलित, जनजाति तथा महिलाहरुको सहभागिताले पनि यो पुष्टि गर्दछ।

४.९ भूमिसुधारको आवश्यकता पहिचान

विद्यमान भू-स्वामित्वमा परिवर्तनको आवश्यकता विभिन्न क्षेत्र र तहमा महसुस गरिएको छ। भूमिसुधार गर्नुपर्ने आवश्यकतामा सरकार र राजनीतिक पार्टीहरुको तहमा पनि द्विमत छैन यद्यपि, यसको प्रकृया र स्वरुपमा भने भिन्दाभिन्दै धारणा र दृष्टिकोणहरु पाइन्छन्। जसको जोत उसको पोतको नीतिलाई चुनावी नारामा सीमित गर्नु हुँदैन र कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनु पर्दछ भन्ने तथ्य उजागर भएको छ। भूमिसुधार नगरी सामाजिक विकास गर्न सकिँदैन भन्ने मान्यतामा थप बल पुगेको छ। क्रान्तिकारी भूमिसुधारको एजेण्डालाई वर्तमान द्वन्द्व शुरु हुनुभन्दा अगाडि, खासगरी वामपन्थी राजनीतिक पार्टीहरुले अगाडि सारेका थिए। यसप्रति अहिले अझ ठूलो जनमत सृजना भएको छ र राज्यले क्रान्तिकारी भूमिसुधार लागू नगर्दासम्म र जमीनको पुनर्वितरण र पुनर्व्यवस्थापन नगर्दासम्म समस्या समाधान हुन सक्दैन भन्ने तथ्य स्पष्ट भएको छ। सरकार-माओवादी वार्ताका क्रममा ०६० साउन ३२ गते श्री ५ को सरकारका तर्फबाट प्रस्तुत राज्य प्रणालीमा अग्रगामी सुधार सम्बन्धी अवधारणामा "भूमिमाथिको द्वैध स्वामित्वको अन्त्य गर्नुका साथै भूमिहीन तथा सीमान्त किसानहरुलाई जग्गा उपलब्ध गराउन तथा जमिनको उत्पादकत्व बृद्धि गर्न जनमुखी भूमिसुधार लागू गरिनुपर्दछ" भनिएको थियो। यसबाट पनि भूमिसुधारको अपरिहार्यतामा ध्यानाकर्षण भएको देखिन्छ।

४.१० सुसुप्त द्वन्द्वहरु उजागर

बृहद् तहमा हेर्दा, वर्तमान द्वन्द्वका कारण देशमा सुसुप्त अवस्थामा रहेका द्वन्द्वहरु उजागर भएका छन्। जातीय, लैंगिक, सामाजिक, आर्थिक, राजनीतिक विभेदका कारण ती क्षेत्रमा रहेका अदृश्य (latent) द्वन्द्वहरु अहिले छलफल र बहसको विषय बनेका छन्। राष्ट्रिय श्रोत-साधनको स्वामित्व, उपभोग तथा वितरण, विकास प्रकृया, शासन प्रणालीको अधिकार जस्ता क्षेत्रमा रहेका विभेद र त्यसका कारण विभिन्न सामाजिक-साँस्कृतिक संस्था र प्रणालीमा विद्यमान सदियौंदेखिका द्वन्द्वहरु विस्तारै बाहिर आउँदैछन्। त्यस्ता द्वन्द्वप्रति सम्बोधनको आवश्यकता स्पष्ट हुँदै आएको छ।

४.११ शैक्षिक क्षेत्रका विकृतिविरुद्ध दबाब

नीजि विद्यालयहरुमा बढ्दो शुल्कका विरुद्ध सशक्त आवाज उठेको छ र अभिभावकहरुमा सचेतनता आएको छ। विद्यालय नै नगई तलब लिने सरकारी विद्यालयका शिक्षकलाई "कारवाही" हुने अवस्थाले गर्दा त्यस्तो प्रवृत्ति निरुत्साहित भएको छ। शिक्षाको व्यापारीकरणबारेको वहसले ठाउँ पाएको छ। यसमा राज्य, नीजि क्षेत्र, अभिभावक वर्ग र विद्यार्थीको ध्यानाकर्षण भएको छ। वर्तमान द्वन्द्व र समस्याको अध्ययन गर्न विभिन्न समयमा सरकार र राजनीतिक पार्टीहरुले गठन गरेका आयोगहरुले समेत विद्यमान शिक्षा पद्दतिमा

आमूल सुधारको आवश्यकतालाई ज्वलन्त विषयका रुपमा उठाएका छन्।

४.१२ विपक्षीका कुरा सुन्नुपर्ने महसूस

अहिलेसम्म पनि विपक्षीका कुराहरुप्रति राज्यपक्ष गम्भीर हुने संस्कृति स्थापित हुन सकेको छैन। तर पनि, यसप्रति राजनीतिक वृत्तमा प्रत्यक्ष वा परोक्ष प्रभाव परेको छ। ०५२ सालअघि राजनीतिक दलहरुमा आफू सत्तामा हुँदा विपक्षीहरुका जायज मागहरुलाई बेवास्ता गर्ने परिपाटी जुन ढंगमा हावी थियो, त्यो अहिले केही मत्थर भने भएको छ। यसप्रति नागरिक समाज र बौद्धिक समुदायबाट पटक-पटक ध्यानाकर्षण गर्ने कार्य हुँदै आएको छ। राज्यपक्षले बलकै भरमा विपक्षीहरुलाई परास्त गर्छु भन्ने मानसिकता बोकेको पाइन्छ तर समस्याको सही समाधानका लागि विपक्षीहरुले उठाएका जनताका सरोकारका विषयहरुप्रति राज्यपक्ष गम्भीर हुनुपर्ने कुरामा विभिन्न तहमा महसुस भएको छ। सरकार-माओवादीबीच ०५९ सालमा सम्पन्न पहिलो वार्ताका क्रममा सरकारका तर्फबाट प्रस्तुत जवाफमा विभिन्न राजनीतिक पार्टीहरुद्वारा पृथक र साझा रुपमा उठाइएका विषयहरु समेत छलफलका विषय भएको उल्लेख गरिएको थियो। यसका साथै ०६० सालमा सम्पन्न दोश्रो वार्ताका क्रममा प्रस्तुत सरकारी अवधारणापत्रमा माओवादी पक्षबाट प्रस्तुत गरिएका अधिकांश सामाजिक, आर्थिक विषयहरुमा श्री ५ को सरकारको सैद्धान्तिक असहमति नरहेको तथा विद्यमान राज्यप्रणालीमा अग्रगामी सुधारको अपरिहार्यतामा जोड दिइएको थियो।

४.१३ द्वन्द्वबारे अध्ययन/अनुसन्धान

विगतको तुलनामा, अहिले द्वन्द्वको विषयमा अध्ययन, अनुसन्धानहरु भएका छन् र यो क्रम जारी छ। राज्य र अन्य पक्षहरुले समेत त्यति ध्यान दिन नसकेको "द्वन्द्व" एक नौलो विषय बनेको छ। बौद्धिक वर्ग, अन्तर्राष्ट्रिय समुदाय तथा अन्य पक्षहरु द्वन्द्वका कारण, स्वरुप, असर र परिणामका बारेमा विभिन्न कोणबाट अध्ययन गर्न र वास्तविकता बुझ्न अग्रसर भएका छन्। यो अहिलेको ज्वलन्त विषय बनेको छ।

४.१४ सामाजिक परिवर्तनको अभियान

वर्तमान द्वन्द्वका कारण सामाजिक परिवर्तनको अभियान ठोस ढंगले शुरु भएको छ र यो निरन्तर जारी रहनेछ।[९] यथास्थितिमा रहेर सामाजिक विकास संभव छैन, परिवर्तन अवश्यंभावी छ भन्ने मान्यता स्थापित भएको छ। शोषणविरुद्धको संघर्षका लागि जनता आफै सशक्त हुँदै आएका छन्।

४.१५ परम्परागत सुरक्षा प्रणालीमा सुधारको आवश्यकता उजागर

देशको परम्परागत सुरक्षा प्रणाली र सुरक्षा निकायको जनताप्रतिको व्यवहार परिवर्तन गर्नुपर्ने आवश्यकता उजागर भएको छ। सुरक्षा प्रणाली र संयन्त्रहरुको पुनर्संरचनाको आवश्यकता खट्किएको छ। अब पनि पुरानै ढाँचामा अगाडि बढ्ने हो, आत्मिक पक्ष र जनताप्रतिको व्यवहार परिवर्तन नगर्ने हो भने यस्ता निकायहरुले जनतामा नकारात्मक प्रभाव मात्र पारिरहने निश्चित छ। अहिले सुरक्षा निकायले विभिन्न स्वास्थ्य शिविरहरु खडा गर्ने, नागरिकता र भत्ता वितरण गर्ने जस्ता कार्यमा अग्रसरता देखाएका छन्। जनतासँगको व्यवहारमा पनि केही हदसम्म प्ररिवर्तन आएको छ। सुरक्षा अधिकारीहरुलाई मानवअधिकार र मानवीय कानुनका बारेमा प्रशिक्षण दिने कार्य भएका छन्। यसबाट पनि सुधारतर्फको अग्रसरता देख्न सकिन्छ।

४.१६ न्यायप्रणालीमा सुधारको आवश्यकता बोध

खासगरी विद्रोही पक्षले गाउँ-गाउँमा आफ्नै खाले न्यायिक संरचना खडा गर्न थालेको र जनताका उजुरीहरुमाथि सुनुवाई शुरु गरेकोले राज्यले न्यायप्रणालीमा सुधार गर्नुपर्ने र विकेन्द्रित न्याय सम्पादन व्यवस्था अवलम्बन गर्नुपर्ने आवश्यकता खट्किएको छ। मुद्दा फैसलामा ढिलाई र न्यायिक निकायसमक्ष सर्वसाधारण जनताको पहुँचको अभावका कारण परम्परागत न्याय प्रणाली प्रभावकारी हुन सकेको छैन। यसको विकल्पमा विद्रोही पक्षबाट संचालित न्यायिक कार्यहरुले जनतालाई आकर्षित गरेका छन्। तसर्थ, विद्यमान न्याय प्रणालीमा सुधारको आवश्यकता बोध भएको छ। नागरिक समाज र न्याय क्षेत्रबाट यसका लागि आवाजहरु उठेका छन्। न्यायपालिकाको संगठनात्मक संरचना, क्षेत्राधिकार, कार्यप्रणाली, न्यायकर्मीहरुको क्षमता[10] जस्ता सवालमा सुधारको आवश्यकता औंल्याइएको छ।

४.१७ कमैया मुक्ति

वर्षौंदेखिको दासतामा रहेका कमैयाहरुको मुक्तिलाई पनि वर्तमान द्वन्द्वको अप्रत्यक्ष उपलब्धीका रुपमा लिन सकिन्छ। सबै खाले शोषणविरुद्ध हतियार उठाएको अवस्थामा, कमैया मुक्तिको सवाललाई पनि माओवादीहरुले आफ्नो एजेण्डा बनाई उनीहरुलाई समेट्ने संभावना रहेकोले सरकारले "दबाब" महसूस गरेर विनाकुनै तयारी, ०५७ साउनमा कमैया मुक्तिको घोषणा गऱ्यो। यस्तो घोषणा सकारात्मक उपलब्धी हो। यद्यपि, त्यसयता उनीहरुको पुनर्स्थापनाका सवालमा राज्य उदासिन रहँदै आएको छ, अद्यापि हजारौं मुक्तकमैयाहरु घरबारविहीन छन् भने कतिपय पुनः कमैया बस्न वाध्य भएका छन्।

४.१८ मानवअधिकारसम्बन्धी संयन्त्र निर्माण

अहिले मानवअधिकार सम्बन्धी विभिन्न संयन्त्रहरुको निर्माण भएको छ। राष्ट्रिय मानवअधिकार आयोग, दलित आयोग, महिला आयोगजस्ता निकायहरु स्थापना भएका छन्। सरकारले मानवअधिकार कार्ययोजना तय गरेको छ। यसका साथै, गृह मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र शाही नेपाली सेनामा छुट्टाछुट्टै मानवअधिकार सेल गठन भएका छन्। यसबाट मानवअधिकारप्रति राज्यको ध्यानाकर्षण भएको बुझ्न सकिन्छ।

४.१९ अन्तर्राष्ट्रिय चासो

नेपालको मानवअधिकार स्थिति र यहाँको द्वन्द्वका बारेमा अन्तर्राष्ट्रिय चासो बढेको छ। द्वन्द्व शुरु हुनुभन्दा अगाडि यस्तो गाम्भीर्यता देखाइएको भए सायद अहिलेकोजस्तो अवस्था आउँथ्यो। तर पनि, अहिले अन्तर्राष्ट्रिय समुदायले नेपालको अवस्थाप्रति व्यापक चासो देखाएको छ। द्वन्द्वले शान्तिको महत्व बढाएको छ।

"परेपछि जानिन्छ" भन्ने उक्ति अहिले चरितार्थ भएको छ भन्दा अत्युक्ति नहोला। द्वन्द्वकै कारणले राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा शान्तिको अपरिहार्यता महसुस गरिएको छ।

४.२० जनपरिचालन र सशक्तिकरण

द्वन्द्वका कारण तल्लो तहका जनता परिचालित हुने परिपाटी विकसित भएको छ। राज्यले जहिले पनि जनतालाई निस्क्रिय प्रापकका रुपमा मात्र लिएको थियो। तर, द्वन्द्वले गर्दा तल्लो तहका किसान, भूमिहीन तथा श्रमजीवीहरु परिचालित भएका छन्। द्वन्द्वकै क्रममा गाउँका जमिन्दारहरुमाथि भएका "कारवाही" ले गर्दा भूमिहीन तथा किसानहरुलाई आफूहरु जमिन्दारहरुबाट साँच्चिकै शोषित भएको अभिव्यक्त गर्ने अवसर प्रदान गरेको छ र यसले उनीहरुलाई मनोवैज्ञानिक रुपमा सशक्त बनाएको छ। जनता आफ्नो मानवअधिकारबारे पहिलेको तुलनामा बढी सचेत भएका छन्।

४.२१ राजतन्त्रसम्बन्धमा प्रश्न

वर्तमान द्वन्द्वका कारण राजदरबारका गलत क्रियाकलापहरु सार्वजनिक गर्ने, यसलाई जनताको सरोकारको विषय बनाउने र छलफल गर्ने वातावरण बनेको छ। विद्रोही पक्षले त गणतन्त्रात्मक व्यवस्थाको माग नै अगाडि सारेको छ। राजसंस्थाको बारेमा कुनै पनि प्रश्न गर्न नपाइने अवस्थामा ०४६ सालको जनआन्दोलनले केही परिवर्तन ल्याएको थियो र यसलाई संवैधानिक दायराभित्र सीमित गरेको थियो। वर्तमान अवस्थामा राजसंस्था र यसको औचित्य एवम् भूमिकाका सम्बन्धमा विभिन्न क्षेत्रबाट प्रश्नचिन्ह खडा भएको छ। सयौं वर्षसम्म एकछत्र वंशाणुगत शासन गरेको र खासगरी ००७ सालयता नेपालमा राजनीतिक अस्थिरताको "मूल जड" मानिएको राजतन्त्र र राजसंस्था जनताको तहसम्म खुल्ला वहसको विषय बनेको छ। ०४६ सालको जनआन्दोलनमा सहमतिको बाटो अवलम्बन गर्ने नेपाली काँग्रेस, नेकपा (एमाले) जस्ता पार्टीहरुले, खासगरी ०५९ असोज १८ गतेको शाही कदमयता राजसंस्थाका क्रियाकलापहरुमाथि खुलेर टिप्पणी गर्ने गरेका छन्। पाँच प्रमुख राजनीतिक पार्टीहरुले आफ्नो १८ बुँदे साझा एजेण्डामा राजतन्त्र र राजसंस्थाका सम्बन्धमा प्रशस्त प्रश्नचिन्ह खडा गरेका छन्।

४.२२ संविधानको गतिशिलताको सवाल

वर्तमान संविधानलाई संसारकै सर्वोत्कृष्ट संविधानहरुमध्ये एक मान्ने गरिन्छ। तर, कुनै पनि संविधान गतिहीन अवस्थामा रहन सक्दैन। अहिले द्वन्द्वका कारण मुलुकको संविधान यथास्थितिमा रहन सक्दैन भन्ने आवश्यकता महसुस भएको छ। कुनै न कुनै तरिका वा माध्यमबाट संवैधानिक गतिशिलताको प्रकृया अगाडि बढाउनु पर्दछ भन्ने कुरा स्वीकार गर्नुपर्ने अवस्था सृजना भएको छ।

५. निष्कर्ष

वर्तमान द्वन्द्वका कारण सामाजिक सचेतनता, रुपान्तरण र परिचालन तथा केही संरचनात्मक परिवर्तनका क्षेत्रमा सकारात्मक उपलब्धी हासिल भएका छन्। तर पनि, देशले गुमाउनु परेको मानवीय, आर्थिक आदि क्षतिको तुलनामा सकारात्मक उपलब्धीहरु नगन्य छन्। द्वन्द्वका कारण चुकाउनु परेको मूल्य र प्राप्त उपलब्धीहरुको तुलना गर्ने हो भने घर जलाएर बनेको खरानीका कारण, जग्गाको टुक्रा मलिलो भएजस्तो स्थिति त देखिँदैन? भन्ने कुरा छलफलको विषय हो। नकारात्मक सवालहरुलाई अगाडि बढाउने हो भने त्यसले अझ ठूलो विपत्ती निम्त्याउन सक्छ र समस्याको समाधान पनि सम्भव हुँदैन। तसर्थ, सकारात्मक उपलब्धीलाई साथ लिइयो र अझ व्यापक दायरा दिन सकियो भने पक्कै पनि द्वन्द्व व्यवस्थापन र रुपान्तरण सहज हुनेछ। यसका लागि सामाजिक न्यायमा आधारित दृष्टिकोण आवश्यक छ। मानवअधिकार र सामाजिक न्यायलाई समस्या समाधानको केन्द्रमा राखे आशातित सफलता हासिल गर्न सकिनेछ। त्यसको प्रस्थान विन्दु भनेको सकारात्मक उपलब्धीहरुको रक्षा, हिंसाको अन्त्य र अहिंसात्मक द्वन्द्वको आत्मीकरण हो।

---

१. Harris & Reilly 1999:32-33, quoted in Lawati, Mahendra (2003) "Managing Conflicts between the Society and the State: Explorations into Class and Identity Issues in Nepal" in D.B. Gurung (ed.) *Nepal Tomorrow Voices and Vision*, Koselee Prakashan: Kathmandu

२. प्रचण्ड (२०५२), *नेपाली क्रान्तिका समस्याहरु*, केन्द्रीय प्रकाशन विभाग, नेकपा (माओवादी)

३. *फिल्को* मासिक, पूर्णांक १४, वैशाख-आश्विन ०४७

४. गोरखापत्र दैनिक, २ माघ ०५९

५. Onesto, Li. (2003). "Report from the People's War in Nepal" in Deepak Thapa (ed.). *Understanding the Maoist Movement of Nepal*. Martin Chautari: Kathmandu

६. ऐजन

७. ऐजन

८. Gautam, Shobha, Amrita Banskota and Rita Manchanda (2003). "Where There are No Men: Women in the Maoist Insurgency in Nepal" in Deepak Thapa (ed.). *Understanding the Maoist Movement of Nepal*. Martin Chautari: Kathmandu

९. Neupane, Govinda (2003). "The Maoist Movement in Nepal: A Class Perspective" in Arjun Karki and David Seddon (eds.). *The People's War in Nepal: Left Perspective*. Adroit Publishers: Delhi

१०. इन्सेक (२००३) मानवअधिकार वर्ष पुस्तक २००३, इन्सेक : काठमाडौं

मानवअधिकार उल्लंघन विरुद्ध उजुरी प्रक्रिया

– रञ्जना थापा

पृष्ठभूमि

मानवअधिकारका प्रावधानहरु विश्वका प्राय:जसो सबै मुलुकहरुमा कहिँ, कतै न कतै र कुनै न कुनै रुपमा रहेका पाइन्छन्। अशक्त बुढाबुढी तथा युद्धमा भाग नलिएकाहरुलाई आक्रमण गरिनु हुँदैन भन्ने अवधारणा होस् वा यो पृथ्वीको शान्तिको मात्र कामना नगरी अन्तरिक्षसमेतको शान्तिको मन्त्र होस्, यी सबै कुराहरुमा मानवअधिकारका तथा मानवअधिकारसँग सम्बन्धित प्रावधानहरु जोडिएका पाइन्छन्। विश्वमा बारम्बार भइरहने युद्धको विभिषिकाबाट भावी पिँढी र आम मानिसलाई बचाई विश्वमा शान्ति कायमै राख्न गरेको प्रयासस्वरुप स्थापना भएको लिग अफ नेसन्स को अवसान दोस्रो विश्वयुद्धले पारिदिएपछि फेरि एउटा अर्को सशक्त र दह्रो विश्वव्यापीस्तरको निकाय स्थापना भयो, जसलाई आज हामी संयुक्त राष्ट्रसंघ भनेर चिन्ने गर्दछौं।

संयुक्त राष्ट्रसंघको बडापत्रको एक उल्लेखनीय पक्षलाई केलाएर हेर्दा पनि अन्तर्राष्ट्रिय शासन एवं सुव्यवस्थालाई स्थायित्व गर्नु रहेको देखिन्छ।

संयुक्त राष्ट्रसंघको स्थापना हुनुको पछाडिको मूल उद्देश्य विश्वमा शान्ति स्थापना गर्नु रहेको थियो। तथापि, आजसम्म यस निकायले मानवअधिकारका विषयमा थुप्रै कदमहरु चालेको छ। जसमध्ये, साधारण सभाबाट जारी गरिने र सन्धि, महासन्धि, घोषणापत्र र ती संयन्त्रहरुमा उल्लेख गरिएका प्रावधानहरुको उल्लंघनको प्रस्तावनाहरु पर्दछन्।

मानवअधिकारको उल्लंघनलाई लिएर जो कोही व्यक्ति संयुक्त राष्ट्रसंघमा जान सक्दछ। यसलाई संयुक्त राष्ट्रसंघको उजुरी प्रक्रिया भन्ने गरिन्छ।

उजुरी के हो र कहाँ गर्न सकिन्छ ?

संयुक्त राष्ट्रसंघको विभिन्न समितिहरुमा मानवअधिकार उल्लंघनका मुद्दाहरु लिएर जानु वा सुनुवाइको लागि आफ्नो मुद्दा वा सरोकारका विषयहरु पेश गर्नुलाई उजुरी प्रक्रिया भनिन्छ। यसलाई अर्को शब्दमा सम्पर्क (Communication) वा मुद्दा (Petition) पनि भन्ने गरिन्छ। संयुक्त राष्ट्रसंघको अङ्ग वा समितिहरुमा उजुरी दुई प्रक्रियाबाट गर्न सकिन्छ।

(१) बडापत्रजनित प्रक्रिया (Charter based system)

(२) सन्धिजनित प्रक्रिया (Convention based system)

संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लेख भएका प्रावधानहरुको उल्लंघन, हनन् वा दुरुपयोग भएमा गरिने उजुरी बडापत्र जनित उजुरी अन्तर्गत पर्दछ। विशेषगरी यस्तो उजुरी सुन्ने अङ्गमा राष्ट्रहरु रहन्छन्। यो उजुरी मानवअधिकार आयोगमा दिइन्छ। यस्तो प्रकारको उजुरी नियमित रुपमा उही प्रक्रियाले (Systematic and gross human rights violations) भएमा दिन सकिन्छ र यो कुनै एक राष्ट्रले अर्को राष्ट्रमा भइरहेको ज्यादतिको विरुद्धमा मानवअधिकारको पक्षधर भएर दिन सकिन्छ। यस प्रकारको सुनुवाइ गोप्य रुपले हुने गर्दछ।

सन्धिजनित व्यवस्था

संयुक्त राष्ट्र संघले जारी गरेका मानवअधिकारका मुख्य सन्धिहरुमा उल्लेख

क्र.सं.	महासन्धि	उजुरी प्रक्रिया
१.	नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्ध	ऐच्छिक सन्धिपत्र १
२.	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्ध	छैन
३	बालबालिकासम्बन्धी महासन्धि	छैन
४	महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि	ऐच्छिक सन्धिपत्रको धारा
५.	यातनाविरुद्धको अभिसन्धि	धारा २१ र २२
६.	जातीय भेदभावविरुद्धको महासन्धि	धारा ११ र १४
७.	आप्रवासी कामदार तथा परिवारहरुको महासन्धि	धारा ७६ र ७७

"यस्ता उजुरीहरू राज्यका विरुद्ध विपक्षी भएर दिइने हुनाले उजुरी दिनुपूर्व यो जानकारीमा लिनु उचित रहन्छ कि देशले उक्त सन्धि (जुन सन्धिमा रहेको प्रावधानहरू उल्लंघन भएको दाबी गरी दिइन्छ) अनुमोदन गरेको छ वा छैन र छ भने पनि सन्धिले व्यवस्था गरेको उजुरीको प्रावधानलाई मान्यता दिएको छ वा छैन। यसरी उजुरी दिइनु पूर्व पीडित वा पीडितको उपचारको लागि राष्ट्रियस्तरबाट प्राप्त हुने सम्पूर्ण न्यायिक प्रक्रियाहरू राष्ट्रियस्तरमै पूरा गरिएको हुनुपर्दछ र संयुक्त राष्ट्रसंघको विभिन्न समितिमा उजुरी पठाउँदा उक्त कुरा पनि खुलाइनु पर्दछ। सम्भव भएसम्म राष्ट्रिय तहमा भएका सम्पूर्ण निर्णय वा फैसलाहरू उजुरीका साथै राखिनु पर्दछ।"

गरिएका अधिकारहरुको हननको विरुद्ध गरिने उजुरी प्रक्रियालाई सन्धिजनित उजुरी भन्ने गरिन्छ। संयुक्त राष्ट्रसंघले घोषणा वा जारी गरेका मुख्य सात वटा महासन्धिहरु मध्ये पाँच वटामा उजुरी प्रक्रियाको व्यवस्था गरिएको छ।

उजुरीको लागि चाहिने शर्तहरु

मानवअधिकारको उल्लंघनविरुद्ध जोसुकै व्यक्ति वा समूहले संयुक्त राष्ट्र संघको उल्लेखित अङ्गहरुमा उजुरी दिन सक्दछ।

यस्ता उजुरीहरु राज्यका विरुद्ध विपक्षी भएर दिइने हुनाले उजुरी दिनुपूर्व यो जानकारीमा लिनु उचित रहन्छ कि देशले उक्त सन्धि (जुन सन्धिमा रहेको प्रावधानहरु उल्लंघन भएको दाबी गरी दिइन्छ) अनुमोदन गरेको छ वा छैन र छ भने पनि सन्धिले व्यवस्था गरेको उजुरीको प्रावधानलाई मान्यता दिएको छ वा छैन। यसरी उजुरी दिइनु पूर्व पीडित वा पीडितको उपचारको लागि राष्ट्रियस्तरबाट प्राप्त हुने सम्पूर्ण न्यायिक प्रक्रियाहरु राष्ट्रियस्तरमै पूरा गरिएको हुनुपर्दछ र संयुक्त राष्ट्रसंघको विभिन्न समितिमा उजुरी पठाउँदा उक्त कुरा पनि खुलाइनु पर्दछ। सम्भव भएसम्म राष्ट्रिय तहमा भएका सम्पूर्ण निर्णय वा फैसलाहरु उजुरीका साथै राखिनु पर्दछ।

यसरी उजुरी दिनको लागि कुनै पनि उजुरीकर्ता, कानुन व्यवसायी वा व्यवसायिक रुपले पोख्त व्यक्ति नै हुनु पर्छ भन्ने छैन र उजुरी दिने व्यक्ति कानुनी वा तकनिकी विषयमा ज्ञाता नै हुनु पर्छ भन्ने छैन किनभने यस्तो उजुरीको व्यवस्था गरिनुका पछाडि सकेसम्म साधारण र पीडित व्यक्तिको पहुँच संयुक्त राष्ट्र संघको समितिमा पुगोस् भन्ने हो।

उजुरी प्रक्रियाको प्रावधान संयुक्त राष्ट्रसंघको ७ वटा मुख्य सन्धिहरु मध्ये ५ वटामा भएता पनि यस लेखमा नागरिक, राजनीतिक अधिकार अनुबन्ध अन्तर्गत रहेको उजुरी प्रक्रियाको बारेमा उल्लेख गरिन्छ।

संयुक्त राष्ट्रसंघले जारी गरेको नागरिक तथा राजनीतिक अनुबन्धको इच्छाधिन सन्धिपत्र अन्तर्गत उजुरी प्रक्रिया वा प्रावधानको व्यवस्था गरिएको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्धमा उल्लेखित अधिकारहरुको राज्य पक्षबाट उल्लंघन भएमा वा उल्लंघन भएवापत उचित क्षतिपूर्ति वा न्याय पीडितले प्राप्त नगरेमा कुनै पनि व्यक्ति (पीडित) वा समूह वा गैरसरकारी संघ संस्था वा पीडितको पक्षबाट जोसुकैले पनि संयुक्त राष्ट्र संघको मानवअधिकार समितिमा राज्यलाई विपक्षी बनाएर उजुरी हाल्न सकिन्छ। तर फेरि पनि यसरी उजुरी हाल्दा मुख्य कुराहरुलाई मध्यनजर गरिनु आवश्यक छ :

१.राज्यले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुमोदन गरेको छ, छैन

२.इच्छाधीन सन्धिपत्र अनुमोदन गरेको छ, छैन

३.उजुरी प्रक्रियाको प्रावधानलाई अंगिकार गरेको छ, छैन।

यो बाहेक उजुरीकर्ताले उजुरी गर्नुभन्दा अगाडि राष्ट्रिय तहबाट प्राप्त गरिनु पर्ने सम्भावित सबै प्रकारको न्यायिक, अर्धन्यायिक वा प्रशासनिक उपचारहरुको ढोका बन्द भइसकेको हुनुपर्दछ। अथवा, राष्ट्रियस्तरबाट प्राप्त हुन सक्ने जति सबै प्रकारको उपचारहरु समाप्त भइसकेको हुनुपर्दछ। यी सबै कुराहरुको मध्यनजर गरी मानवअधिकार समितिमा उजुरी दिनु पर्दा पीडितको नाम, थर, वतन, पेशा र सकेसम्मको सूचना जानकारी दिनु आवश्यक हुन्छ। यदि त्यस्तो उजुरी पीडितको पक्षबाट कसैले गरेको छ र मञ्जुरीनामा छैन भने हुनु पछाडिको कारण समेत खुलाउनु पर्दछ। (जेलमा पीडित छ भने सो कुरा पनि खुलाउनु पर्दछ र पीडित यदि बेपत्ता बनाइएको छ भने त्यस्तो अवस्थाको पनि वर्णन गरिनु पर्दछ।)

मानवअधिकार समितिमा उजुरी गरिसकेपछिको प्रक्रिया

मानवअधिकार समिति कुनै न्यायिक निकाय होइन र यसले कुनै कानुनी उपचार प्रद्धत गर्दैन। अन्तर्राष्ट्रिय कानुनको बारेमा विशेषज्ञता हासिल गरेका १८ जना विशेषज्ञहरुको एक अर्धन्यायिक प्रकृतिको समिति हो। यस समितिको वैठक प्रत्येक वर्षमा तीन पटक हुने गर्दछ र सोही समयमा

यस समितिमा परेका उजुरीहरुको तहकिकात, छलफल र निर्णय गरिने गरिन्छ।

मानवअधिकार समितिमा उजुरी परेपश्चात् सो मुद्दा हेर्ने प्रक्रिया शुरु भएपछि समितिले सम्बन्धित राज्यलाई परेको उजुरीको बारेमा प्रश्नहरु सोधेर पठाउछ र राज्यले उक्त प्रश्नहरुको जवाफ ६ महिनाभित्र पठाउनु पर्ने वा जवाफ दिनु पर्ने हुन्छ। राज्यले जवाफ दिइसकेपछि फेरि उजुरीकर्तालाई दुई महिनाभित्र प्रतिजवाफ वा राज्यले पठाएका उत्तर वा जवाफप्रति टिप्पणी वा सुनुवाई गर्न समय दिइन्छ। यसरी प्रक्रियाहरु पूरा गरिसकेपछि समितिले उजुरी उपर निर्णय गर्दछ। यदि राज्यले समितिले पठाएका प्रश्नहरु प्रति उदासिन रहेमा र समितिले बारम्बार सूचना पठाइरहेमा पनि जवाफ समितिले प्राप्त नगरेमा उजुरी कर्ताको पक्षमा समितिले निर्णय गर्दछ।

मानवअधिकार समितिबाट भएका उजुरीहरुको निर्णयको प्रभावकारिता

संयुक्त राष्ट्रसंघबाट गरिने कुनै पनि निर्णयहरुले कानुनी अस्तित्व प्राप्त गर्दैन र मानवअधिकार समिति पनि कुनै अदालत जस्तो होइन। तसर्थ यस समितिबाट निर्णय भएका मुद्दाहरुले क्षतिपूर्ति दिने, पीडित पक्षलाई सजाय तोक्ने काम गर्दैन। बरु यस्ता समितिहरुबाट निर्णित भएका मुद्दाहरुले राज्यपक्षलाई कानुन बनाउन, नीति निर्माण गर्न मद्दत पुऱ्याउँदछ। यसले बरु राज्यपक्षलाई पीडितको हकमा काम गर्न, क्षतिपूर्ति दिलाउनको लागि सरसल्लाह सुझाव प्रदान गर्दछ। जस्तो कि, कुनै थुनुवालाई कैदबाट रिहा गर्नको लागि आवश्यक सल्लाह र कदमहरु चाल्न निर्देशन गर्दछ।

नेपाल र मानवअधिकार समितिको सम्भाव्यता

प्रजातन्त्रको पुनर्बहालीपश्चत् नेपालले आफू पक्षराष्ट्र भएर संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएका मानवअधिकारसँग सम्बन्धित प्राय: संयन्त्रहरुको अनुमोदन गरिसकेको छ। जसमध्ये मुख्य ६ वटा महासन्धिहरु प्रमुख रहेका छन्। नेपालले जातीय भेदभाव विरुद्धको महासन्धिमा बाहेक अरु सबै संयन्त्रहरुको विना रोकटोक र विना reservation अनुमोदन गरिसकेको छ। जसमध्ये, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको इच्छाधीन सन्धि पनि एक हो। नेपाल अधिराज्यको संविधानमा व्यवस्था गरिएका मौलिक अधिकारहरु नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित रहेका छन्। संविधानमै त्यस्ता मौलिक अधिकारहरु प्रचलन र उपभोग गर्नबाट कुनै नागरिकलाई वञ्चित गराएमा कानुनी एवं संवैधानिक उपचारको समेत व्यवस्था गरिएको छ (नेपाल अधिराज्यको संविधान २०४७, धारा ८८)।

नेपालको परिप्रेक्ष्यमा कतिपय यस्ता मुद्दाहरु छन्, जुन राष्ट्रिय अदालतबाट निर्णय भइसकेको तर उक्त फैसलाले पीडित पक्षको अधिकारको रक्षा गर्न सकेको छैन र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्ध विपरीत रहेको छ। जस्तो, आमाको नामबाट नागरिकता प्राप्त गर्न नपाउने भनी सर्वोच्च अदालतबाट जविर यासिनको मुद्दामा भएको फैसला रिट नं. ३५०३, १९९८।

उजुरी प्रक्रियामा गैरसरकारी संस्थाहरुको भूमिका

गैरसरकारी संस्थाहरु राष्ट्र एवं समाजको एक महत्वपूर्ण अंग हुन्। यस्ता संस्थाहरुले नागरिक समाजको प्रतिनिधित्व गरिरहेका हुन्छन्। संयुक्त राष्ट्रसंघका विभिन्न काम कार्वाहीमा यस्ता नागरिक समाज र गैरसरकारी संस्थाहरुको भूमिकालाई कदर गर्दै संयुक्त राष्ट्रसंघका विभिन्न समितिहरुमा नागरिक समाजको प्रतिनिधित्व र संलग्नता गरिएको पाइन्छ। संयुक्त राष्ट्र संघको आर्थिक सामाजिक परिषद्मा Consultative Status प्राप्त गर्ने प्रावधान सन्धिजनित समितिहरुमा छायाँ प्रतिवेदन पठाउने प्रावधानहरुलाई केही उल्लेखनीय उदाहरणको रुपमा लिन सकिन्छ।

विशेषत: मानवअधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाको भूमिका उजुरी दिन वा पठाउनको लागि अति नै महत्वपूर्ण हुन्छ किनभने यस्ता संस्थाहरुले मानवअधिकारको विभिन्न सरोकारका विषयहरुलाई केन्द्रीत गर्दै कार्य गरिरहेका हुन्छन्। मानवअधिकार उल्लंघनका घटनाहरुको संग्रह, संकलन गर्ने र पीडितहरुलाई परामर्श दिने कार्य पनि गर्ने हुनाले गैरसरकारी संस्थाहरुको भूमिका यस्तो उजुरी प्रक्रियाको लागि निकै नै महत्वपूर्ण हुन आउछ। पीडित व्यक्तिहरु जो आफ्नो

क्र.सं.	समिति	विशेषज्ञ	उजुरी
१.	नागरिक तथा राजनीतिक अनुबन्ध - मानवअधिकार समिति	१८ जना सदस्य	व्यक्तिगत उजुरी
२.	जातीय विभेद विरुद्धको समिति	१८	व्यक्तिगत उजुरी
३.	महिला भेदभाव विरुद्धको समिति	२३	व्यक्तिगत उजुरी
४.	यातना विरुद्धको समिति	१०	व्यक्तिगत उजुरी
५.	आप्रवासी कामदार तथा परिवारहरुको समिति	१०	व्यक्तिगत उजुरी
६.	संयुक्त राष्ट्रसंघको मानवअधिकार आयोग		'१५०३' उजुरी
७.	महिलाको स्थिति सम्बन्धी आयोग		'१५०३' उजुरी

"मानवअधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाको भूमिका उजुरी दिन वा पठाउनको लागि अति नै महत्वपूर्ण हुन्छ किनभने यस्ता संस्थाहरूले मानवअधिकारको विभिन्न सरोकारका विषयहरूलाई केन्द्रीत गर्दै कार्य गरिरहेका हुन्छन्। मानवअधिकार उल्लंघनका घटनाहरूको संग्रह, संकलन गर्ने र पीडितहरूलाई परामर्श दिने कार्य पनि गर्ने हुनाले गैरसरकारी संस्थाहरूको भूमिका यस्तो उजुरी प्रक्रियाको लागि निकै नै महत्वपूर्ण हुन आउँछ।"

आवाज अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन असक्षम हुन्छन्, उनीहरुको पक्षमा रहेर त्यस्ता गैरसरकारी संस्थाहरुले पीडितको सुनुवाइको लागि उजुरी गर्न सक्दछन्। वा, त्यस्ता पीडितहरुलाई, कहिले र कहाँ उजुरी गर्ने भन्ने सन्दर्भमा परामर्श, राय, सल्लाह दिन सक्छन्। विशेषगरी गैरसरकारी संस्थाहरुले त्यसरी उजुरीको तयारी गर्दा वा गर्ने परामर्श दिंदा निम्न कुरालाई ध्यानमा राख्नु पर्दछ।

१. प्राविधिक तथा कार्यविधि (Technical & Procedur)
२. सारभूत (Procedural Requirements)
३. प्रमाणिक (Evidentiary Requirements)

संक्षेपमा, माथिका तीन बुँदाहरुलाई वर्णन गर्दा उजुरी कुनै पनि अन्तर्राष्ट्रिय तहमा पुऱ्याउनुभन्दा अगाडि आफ्नै देशको सरकारलाई सो उजुरीको पुनरावलोकन, प्रतिक्रियाको लागि दिइनु पर्दछ र सरकारले यदि त्यस्तो अनुरोधको वास्ता नगरेमा मात्र अन्तर्राष्ट्रिय तहमा जानु पर्दछ। उजुरी दिंदा कुन सन्धिको कुन धारा वा प्रावधानको उल्लंघन भएको हो सो स्पष्टसँग खुलाई उजुरी पुष्टि हुने प्रमाणहरु उजुरीसाथ राखिनु पर्दछ। यसदेखि बाहेक गैरसरकारी संघ संस्थाहरुले कुनै पनि मानवअधिकार उल्लंघनको घटनाको उजुरी गर्नुभन्दा अगाडि सोको अनुसन्धान गरी अनुसन्धानको प्रतिवेदन पनि उजुरीमा संलग्न गर्न सक्दछ। त्यस्तो अनुसन्धानको प्रतिवेदन पनि उजुरीमा संलग्न गर्न सक्दछ। त्यस्तो अनुसन्धानमा मानवअधिकार समितिले देशलाई पठाएको Concluding Observations, सन्धि निकाय एवं अंगहरुको वार्षिक प्रतिवेदन र यदि विशेष समाधिक्षकले अध्ययन अनुसन्धान गरेको प्रतिवेदन छ भने पनि त्यस्ता अध्ययन अनुसन्धानको अध्ययन गरिनु पर्दछ।

निष्कर्ष

नेपालको सन्धि ऐन २०४७ को धारा ९ वमोजिम नेपालले पक्षराष्ट्र भएर अनुमोदन गरेको सन्धि सम्झौताहरु राष्ट्रिय कानुनसरह लागू हुने भनिएको छ र नेपाल अधिराज्यको संविधान २०४७ ले पनि मानवअधिकारका प्रावधानहरु मौलिक हकहरु अन्तर्गत अंगिकार गरेको छ। संविधानले नै अदालतलाई स्वतन्त्र अंगको रुपमा व्यवस्था गरेको छ तथापि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्धको विपरित फैसलाहरु भएका छन्। तसर्थ देशमा नागरिक तथा राजनीतिक अनुबन्धको अक्षरश: पालना गर्न र अन्तर्राष्ट्रिय तहबाट उपचार प्रात गर्नको लागि यसमा रहेको उजुरी प्रक्रियाको कसरत र प्रयोग गरिनु पर्छ जसको निमित्त निम्न सुझावहरु पेश गर्न सकिन्छ :

१. अन्तर्राष्ट्रिय तहमा विशेष गरी नागरिक तथा राजनीतिक अनुबन्ध रहेका प्रत्येक धाराहरुको व्यापक रुपमा प्रयोग गर्ने,
२. सर्वोच्च अदालतबाट उचित न्याय नपाएका मुद्दाहरुको अध्ययन गरी मानवअधिकार समितिमा उजुरी दिने,
३. गैरसरकारी संघ, संस्था र व्यक्तिहरुले उजुरी प्रक्रियाको बढी भन्दा बढी प्रयोग गर्ने,
४. यसको लागि विभिन्न समुदाय खासगरी कानुन व्यवसायीहरुलाई जागरुक बनाउने,
५. राष्ट्रिय तहको न्यायिक निकायहरुलाई नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको प्रावधानहरुका बारेमा जागरुक बनाउने र राष्ट्रिय तहमा त्यस्ता प्रावधानहरुको उल्लंघन विरुद्ध उपचारको बारेमा व्यापकरुपमा जनचेतना जगाउने।

सन्दर्भ सामग्री

१. नेपाल अधिराज्यको संविधान, २०४७, कानुन मन्त्रालय
२. संयुक्त राष्ट्र संघीय नागरिक तथा राजनीतिक अनुबन्ध, १९६६
३. AHRC, How to with UN HR protection/complain mechanisms
४. Human Strategies for Human Rights, International Human Rights Basic References Guide for NGOs, downloaded from UN related website on 30 Dec. 2003

महिलाविरुद्ध हिंसा र सोह दिने अभियान

इन्दिरा फुयाल

महिला विरुद्ध हिंसा के हो ?

लिंगका आधारमा गरिने महिलामाथिको हिंसा लैंगिक भेदभावको एक रुप हो। यसले महिलाको मानवअधिकारको उल्लंघन गर्दछ। महिलाको अधिकार उपभोग गर्ने क्षमता तथा स्वतन्त्रतामा आघात पुऱ्याउँछ, उपभोग गर्ने क्षमता तथा स्वतन्त्रतामा आघात पुऱ्याउँछ। बोक्सीका नाममा महिलामाथि गरिने अमानवीय व्यवहार, दाइजो, घरेलु हिंसा, बलात्कार, महिला बेचबिखन, जबर्जस्ती बेश्यावृत्ति, परम्परा र धर्मका नाममा गरिने हिंसाहरु सबै महिलाविरुद्ध हिंसाका स्वरुप हुन्। महिलाविरुद्ध हिंसाका सन्दर्भमा निम्न परिभाषाहरु उपयुक्त छन्:

२० डिसेम्बर १९९३ मा संयुक्त राष्ट्रसंघद्वारा पारित महिलाविरुद्ध हिंसा उन्मूलन गर्ने सम्बन्धी घोषणापत्र अनुसार, "महिलाविरुद्ध हिंसा भन्नाले राज्यबाट हुने हिंसाका अतिरिक्त अंगभंग गर्ने, बालबालिकामाथि यौन दूर्व्यवहार गर्ने, दाइजोसम्बन्धी हिंसा, वैवाहिक बलात्कार, स्त्री गुप्ताङ्ग विच्छेद गर्ने तथा महिलाहरुलाई क्षति पुऱ्याउने अन्य परम्परागत हिंसालगायत् पारिवारिक हिंसा, परिवारको अन्य सदस्यहरुबाट हुने हिंसा कुनै समुदायसित भइरहेको बलात्कार, यौन उत्पीडन तथा काम गर्ने स्थान, शिक्षालय र अन्य स्थानमा तर्साइने घटना, महिलाहरुको बेचबिखन, जबर्जस्ती बेश्यावृत्ति गराइनेलगायत्का शारीरिक, यौन तथा मानवीय हिंसाहरुलाई जनाइनेछ।"

संयुक्त राष्ट्रसंघ, महिलाविरुद्ध भेदभाव उन्मूलन गर्ने समितिको सिफारिस नं. १९ अनुसार, "घरेलु हिंसा भनेको महिलाविरुद्धको हिंसाको एउटा सबभन्दा पुरानो रुप हो। यो सबै किसिमको समाजमा प्रचलित छ। घरेलु हिंसाले महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको छ र पारिवारिक तथा सार्वजनिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको छ। अत: राज्यपक्षले सार्वजनिक वा निजी कुनै पनि क्षेत्रमा लिंगको आधारमा हुने हिंसालाई नियन्त्रण गर्न आवश्यक प्रभावकारी उपायहरु अवलम्बन गर्नुपर्दछ।"

चौथो विश्व महिला सम्मेलन १९९५ ले पारित गरेको १२ बुँदे ज्वलन्त सरोकारका बुँदाहरुमध्ये चौथो नम्बरमा महिलाविरुद्ध हिंसालाई लिइएको छ। उक्त बुँदामा महिलाविरुद्ध हिंसालाई यसरी परिभाषित गरिएको छ, "महिलाविरुद्ध हिंसा भन्नाले निजी वा सार्वजनिक जीवनमा मानसिक वा शारीरिकरुपमा खतरा पुऱ्याउने खालका लिंगमा आधारित गतिविधिलाई बुझ्नुपर्दछ। यसले परिवारमा हुने मानसिक, शारीरिक वा यौनजन्य हिंसाहरु, बालिका वा गृहिणीहरुको यौन शोषण, दाइजोसँग सम्बन्धित हिंसा, बलात्कार, कुटपिट कुनै पनि प्रकारका हिंसालाई बुझाउँछ। यसैगरी समाजभित्र शारीरिक, मानसिक र यौनजन्य हिंसाहरु, जस्तै: यौन शोषण, यौन दूर्व्यवहार, जबर्जस्ती करणी आदिका साथै राज्यले निषेध गरेका कुनै पनि खालका शारीरिक, मानसिक एवम् यौन हिंसाहरुलाई जनाउँछ।" उक्त बुँदामा युद्धका समयमा हुनसक्ने महिलाको मानवअधिकार उल्लंघन, सामूहिक बलात्कार, यौन दासत्व र जबर्जस्ती गर्भवती बनाउनेजस्ता क्रियाकलापहरुलाई महिलाविरुद्ध हिंसाका स्वरुपका रुपमा उल्लेख गरिएको छ।

नेपालको प्रतिबद्धता

नेपाल सरकारले भियना घोषणापत्र,

सन् १९९९ देखि सन् २००३ सम्म मानवअधिकार वर्ष पुस्तकमा अभिलेख भएका महिलाविरुद्ध हिंसाका घटनाहरु घटनाहरु

घटनाहरु	घटना भएको वर्ष (अंग्रेजी मा)				
	१९९९	२०००	२००१	२००२	२००३ जुनसम्म
बलात्कार प्रयास	२५	८५	१०७	४०	२६
बलात्कारपछि हत्या	५	१०	११	०	०
बलात्कार	१६०	१४७	१६१	७९	३६
महिला किनबेच	१०६	३६	५३	१९	७
महिला किनबेच प्रयास	-	६०	५१	४२	१३
बहुविवाह	९७	९८	१०६	७६	४१
जारी	१६	७	६	८	४
पारिवारिक हिंसा	४३	८९	७९	६४	५५
महिला भएकै कारण यातना	२०	७१	८३	५८	१३
अमानवीय व्यवहार (डर, धम्की, दूर्व्यवहार, कुटपिट, बोक्सीको आरोप)	१९	३५	५५	५६	८०
अपहरण	२	३	३४	४५	१६
जम्मा	९७	६४१	७४६	४८६	९१

स्रोत: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तकहरु

बेइजिङ घोषणापत्र, बेइजिङ जोड ५ सम्मेलनका निष्कर्षहरु र महिलाविरुद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिड), यसको ऐच्छिक उपलेख, तथा मानवअधिकारसम्बन्धी १९ वटा महासन्धिहरुमा समेत आफ्नो प्रतिबद्धता जनाएको छ। यति मात्र होइन अन्तराष्ट्रिय मानवीय कानूनका रुपमा रहेको जेनेभा महासन्धिलाई समेत अनुमोदन गरिएको छ।

अवस्था जहाँको त्यहिँ

नेपाल विश्वका गरिबमध्येको अग्रीम पंक्तिमा पर्ने मुलुक हो। अशिक्षा, पछौटेपन, सामन्ती पितृसत्तात्मक चिन्तन र रुढीवादी मान्यतामा भने नेपाल निकै अगाडि छ। फलस्वरुप, विश्व जनमत एक्काइसौं शताब्दिको उत्तरआधुनिकतातर्फ अघि बढिसक्दा नेपालमा अझै १६ औं र अठारौं शताब्दीको अवशेषस्वरुपको बाँधापन विद्यमान छ, सामन्तवाद हावी छ, तब त नेपाली समाजमा अझै लोग्नेको खुट्टाको पानी खाएर ब्रत समापन गर्ने तथा निसहाय महिलालाई बोक्सीको आरोप लगाएर शारीरिक, मानसिक यातना दिने प्रचलन विद्यमान छन्। सामाजिकरुपमा सामन्ती चिन्तनका अवशेषहरु यसरी देख्न पाइन्छन् भने कतिपय कानूनहरुसमेत अझैसम्म पनि पुरुषप्रधान धारणाबाट ग्रसित रहेका छन्। ५४ वटा कानूनका ११८ वटा बुँदाहरु महिलाहरुप्रति भेदभावपूर्ण रहेको तथ्यांक महिला कानुन तथा विकास मञ्चले गरेको अध्ययनले बताएको छ। यद्यपि, नेपाल सरकारले सन् २००० मा अमेरिकामा सम्पन्न बेइजिङ जोड ५ सम्मेलनमा प्रतिनिधित्व गरेर बेइजिङ सम्मेलनपछिका दिनमा आफूले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय कानूनसँग बाझिने गरी भेदभावपूर्ण कानूनहरु बाँकी राख्दैनौं भनेर पुनः वाचा गरेको छ।

नेपालमा कृषिका लागि गरिने योगदानमध्ये ६० प्रतिशत महिलाहरुले निर्वाह गरेका छन् तर भूमिमाथिको स्वामित्व प्राप्त गर्ने महिलाहरु केवल १०.८३ प्रतिशत मात्र छन्। सम्पत्तिमाथि महिलाहरुको अधिकार ज्यादै न्यून छ। पैत्रिक सम्पत्तिमाथि महिलाको अधिकार नहुनु र घरभित्रको कामको आर्थिक मूल्यांकन नहुनुले दिनको ११ घण्टा काम गरे तापनि उनीहरु आर्थिकरुपमा परनिर्भर नै मानिन्छन्। जब महिलाहरुको श्रमलाई उत्पादनमूलक मानिदैन तब उनीहरुको आत्मसम्मान, स्वतन्त्र अस्तित्व र मानवअधिकारको पनि बेवास्ता हुन्छ। त्यस्तो अवस्थामा महिलाहरुमाथि पारिवारिक हिंसा हुने स्थिति बढी देखिन्छ। विश्वका विभिन्न अनुसन्धानहरुले पनि यही पुष्टि गरेका छन्। नेपालका धेरै महिलाहरुको अव[illegible] पनि यस्तै छ। शिक्षामा अवसर नहुँदा रोजगारीको अवसर प्राप्त हुँदैन। आर्थिकरुपमा परनिर्भर हुनुपर्दा निरीह भएर शारीरिक तथा मानसिक हिंसाको शिकार हुनुपर्ने वाध्यता धेरै नेपाली महिलाहरुको रहेको छ।

तथ्य-तथ्यांकहरु के भन्छन् त ?

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक २००३ अध्ययन गर्दा अहिले पनि राज्य र माओवादी पक्षबाट भन्दा अन्य पक्षवाट महिलाहरुको मानवअधिकार हनन भएका घटनाहरु बढी देखिएका छन्। जसअनुसार, सन् २००२ मा विभिन्नखाले मानवअधिकार उल्लंघनका पीडितहरुमा राज्यबाट पीडित महिलाहरु ५ सय ८७ जना, माओवादी बाट २ सय ३ जना छन् भने अ[illegible] (परिवार, समुदाय) बाट पीडित हुने महिलाहरु

कानूनी स्थिति	अपराधका प्रकार	वर्ष		
		२०५२/५३	२०५३/५४	२०५४/५५
कानूनी उपचारको व्यवस्था भएको	बहुविवाह	२२	२३	४१
	जबर्जस्ती करणी	१८	२८	२८
	जीउ मास्नेबेच्ने	२१	२९	५०
	जबर्जस्ती करणी उद्योग	०	०	२
	केही सार्वजनिक अपराध	१९	२३	१४७
कानूनी उपचारको व्यवस्था नभएको	घरेलु हिंसा	११०	१५७	२७४
	हराएका महिला	१५	१८	५९
	हराएका बालबालिकाहरु	१५	१६	१६
	वेश्यावृत्ति	१	३१	९१
	सामान्य झैं-झगडा	१९	२३	१९

स्रोत: 'महिला तथा बालबालिकाहरुविरुद्ध हुने अपराधहरु', महिला संस्करण ०५५, प्रहरी प्रधान कार्यालय

७ सय २२ जना थिए।

विगत ५ वर्षमा मानवअधिकार वर्ष पुस्तकहरुमा अभिलेद गरिएका महिलाविरुद्ध हिंसासम्बन्धी तथ्यांकहरु अध्ययन गर्दा, बलात्कार, पारिवारिक हिंसा, कुटपिट, बोक्सीको आरोप, दाइजो नल्याएकोमा यातना, बहुविवाह, महिला बेचबिखन, बेचबिखनको प्रयासजस्ता घटनामा सन् १९९९ मा १ सय ९७ जना, सन् २००० मा ६ सय ४१ जना, सन् २००१ मा ७ सय ४६ जना, सन् २००२ मा ४ सय ८६ जना र सन् २००३ को जुनसम्ममा १ सय ९१ जना पीडित भएको देखिन्छ।

माथिको तथ्यांकबाट पुष्टि हुन्छ कि महिलाहरुमाथि हुने हिंसाका घटनाहरु सार्वजनिक नै हुन गाह्रो छ। तथापि, विगत पाँच वर्षका यी घटनाहरुको विश्लेषण गर्दा पनि महिलामाथि हुने हिंसामा कमी आएको देखिँदैन। महिलामाथि हुने हिंसा राज्यपक्ष, माओवादीपक्ष र आम नागरिकहरुबाट समेत निरन्तर भइरहेको छ। प्रहरी प्रधान कार्यालयद्वारा प्रकाशित महिला तथा बालबालिकाहरुविरुद्ध हुने अपराधहरु शीर्षकको पुस्तिकामा उल्लेख भएअनुसार जिल्ला प्रहरी कार्यालय, काठमाडौं महिला सेल स्थापनापश्चात् महिला तथा बालबालिकाविरुद्ध भएका अपराधहरु सम्बन्धमा ०५२ देखि ०५४/५५ सम्मको रेकर्डमा आएका घटनाहरुमा ०५२/५३ मा २ सय ४० वटा, ०५३/५४ मा ३ सय ४८ वटा र ०५४/५५ मा ७ सय २७ वटा घटनाहरु दर्ता भएका छन् ।

विश्वका महिलावादीहरुले निजी जीवनमा हुने हिंसा र पारिवारिक हिंसाका घटनाहरुबाट नै सार्वजनिक हिंसाको सूत्रपात हुन्छ भन्दै आएका छन्। परिवार नै पहिलो संस्था हो, जसबाट नै सकारात्मक र नकारात्मक कुराहरुको शुरुवात हुन्छ। महिलावादीहरुले अपराधहरु पनि परिवारबाटै शुरु हुने बताउँदै परिवारभित्र हुने हिंसालाई व्यक्तिगत मामिला भनेर छूट दिन नमिल्ने धारणा राख्दैआएका छन्। तर, नेपाली समाजमा घरभित्रको झगडा र लोग्ने-स्वास्नीको झगडालाई अरुको व्यक्तिगत मामिला भनेर चासो दिइँदैन। श्रीमतीलाई आफ्नो व्यक्तिगत सम्पत्तिका रुपमा लिने र आफ्नी श्रीमतीलाई पिट्दा अरुलाई के खाँचो भन्ने प्रचलन समाजमा यत्रतत्र पाइन्छन्। जसले गर्दा घरायसी हिंसाहरुले प्रश्रय पाउने मात्र होइन कतिपय अवस्थामा महिलाहरुको अंगभंग तथा हत्या गरी घटनालाई भित्रभित्रै दबाउनेसमेत गरिन्छ। तराइ क्षेत्रका गाउँहरुमा जाँदा प्रायःजसो दाइजो कम भएको वा नल्याएको निहुँ होस्, वा घरायसी काममा फरक विचार भएका कारण वा आफूले रक्सी सेवन गरी अनावश्यक निहुँ खोजेर होस्, कुनै न कुनै निहुँमा श्रीमतीलाई कुटपिट, गाली-बेइज्जति गर्ने घटनाहरुलाई सामान्यरुपमा लिइन्छ। यस्ता घटनामा कसैले प्रतिक्रिया दिने र रोक्न प्रयास गर्दा व्यक्तिगत मामिलामा हस्तक्षेप गरेको भनी धम्की दिई मनस्थिति गिराउने गरिन्छ। यसरी परिवारको व्यक्तिगत मामिला भनेर परिवारजस्तो सबैभन्दा मजबुत संस्थाभित्र नै महिलामाथि हेला, दूर्व्यवहार, शारीरिक र मानसिक हिंसा, यौन शोषण र उत्पीडन सबैभन्दा बढी भएको स्थिति छ। यसो हुनुमा राज्यको कानुनविहिनता पनि एक प्रमुख कारकतत्व हो। किनकि, नेपालमा हालसम्म पनि घरेलु हिंसा नियन्त्रणका लागि कानुन निर्माण भएको छैन।

गत जनवरीदेखि जुनसम्म २५ जना महिलाहरु बोक्सीको आरोपमा पीडित भइसकेका छन्। कहिलेकाहिँ त सिंगो समूहलाई नै बोक्सीको आरोप लगाई दुर्व्यवहार गर्ने गरेका पाइन्छ। कार्तिक ३० गते पुनः महोत्तरीमा ३५ जना महिलाहरुलाई सामूहिकरुपमा बोक्सी पत्ता लगाउने नाममा बेइज्जति गरिएको घटनालाई यसको एक उदाहरणका रुपमा लिन सकिन्छ।

महिलाविरुद्ध हिंसाको अर्को पाटोका रुपमा सशस्त्र द्वन्द्वमा महिलामाथि हुने हिंसा र अमानवीय व्यवहारहरुलाई छुटाउन मिल्दैन। नेपालमा ०५२ सालदेखि शुरु भएको सशस्त्र संघर्षका क्रममा हालसम्म माओवादीतर्फबाट ६५ जना र राज्यबाट ३ सय ८४ जना गरी जम्मा ४ सय ४९ जना महिलाहरु मारिएको तथ्यांक इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकबाट अवगत भएको छ। लिंग नखुलेको भनेर दिइएकाहरुमध्ये पनि महिलाहरु भएकोमा द्विविधा छैन। यकिनरुपमा कति महिलाहरु मारिए भन्ने आधिकारिक तथ्यांक अन्य क्षेत्रबाट बाहिर आएको छैन। सशस्त्र द्वन्द्वका क्रममा महिलाहरुमाथि भएका हिंसाको कुनै लेखाजोखा हुनसकेको छैन। यस्ता समयमा महिलामाथि हुने हिंसाहरु उजागर गर्न निकै कठिन छ। युद्धका क्रममा पनि महिलाहरुले पुरुषले भोग्ने यातनाका साथै महिला भएकै कारण थप यौनजन्य यातनाहरु भोग्नु परेको छ। प्रहरी हिरासतमा तथा सुरक्षाकर्मीहरुबाट पनि महिलाहरुलाई गरिने व्यवहारमा अश्लिल शब्दहरु प्रयोग गर्ने, सम्वेदनशील अंगहरुमा छुनेलगायत् बलात्कारका घटनाहरुसमेत भएका छन्। गत वर्ष वार्ताको प्रयास भइरहेको समयमा यस्ता घटनाहरु केही मात्रामा बाहिर आएका थिए। तर, परिस्थितिमा आएको फेरबदलका कारण, डर-त्रासका कारण यस्ता घटनाहरु बाहिर आउन सकिरहेका छैनन्। यसैगरी माओवादीपक्षमा कार्यरत महिलाहरुको समेत यौन शोषण भएका घटनाहरु यदाकदा बाहिर आइरहेका छन्। सबै क्षेत्र र सबैजनामा यस्तो भएको छ भन्ने होइन र हुँदै नभएको स्थिति पनि होइन। दुबै पक्षबाट कुनै न कुनैरुपमा महिलाहरुलाई महिला भएकै कारण हिंसाको शिकार बनाइएको यथार्थ हो। सशस्त्र द्वन्द्वका क्रममा हुने यसप्रकारका महिलाविरुद्धका हिंसा रोक्न राज्यले दह्रो नीति बनाउनुपर्ने र जेनेभा सन्धिको साझा धारा ३ ले औंल्याएका दिशामा दुबैपक्षले ध्यान दिनु जरुरी छ।

महिलाविरुद्ध हिंसाका घरेलु हिंसा, यौन दूर्व्यवहार, मानसिक यातनाजस्ता प्रकृतिका अपराधहरुमा प्रमाणहरुको अभाव हुने भएकाले अनुसन्धान गर्न कठिनाई हुने र यसका लागि छुट्टै कानुन नभएकाले अपराधीहरुलाई सजाय दिने आधारहरु नहुने कुरा अनुसन्धानमा संलग्न महिला प्रहरीहरु बताउँछन्। प्रमाण जुटाउनका लागि अनभिज्ञता, लापरवाही र व्यवहारिक समस्याले गर्दा पनि आवश्यक प्रमाण संकलन गर्न नसक्दा अपराधीहरु उम्कन सफल हुन्छन्। अपराध अनुसन्धानमा छिटो छरितोपना ल्याउन र गोप्य इजलासमा अपराधको छानबिन र बयानको व्यवस्था गर्नुपर्ने आवश्यकता प्रहरीहरुले समेत औंल्याएका छन्।

महिलाविरुद्धको हिंसाविरुद्ध १६ दिने अभियान (१६ नोभेम्बरदेखि डिसेम्बर १०)

महिलाविरुद्ध हिंसाविरुद्ध १६ दिने अभियान महिलाको मानवअधिकारका लागि गरिएको विश्वव्यापी अभियानको एक अंग हो।

सन् १९९१ मा ग्लोबल लिडरसिप इन्स्टिच्युटद्वारा शुरु गरिएको विश्वव्यापी अभियान हो। यो १६ दिन नै किन छानिएको हो भने, २५ नोभेम्बर १९६० मा ट्राजिलो शासनकालमा मीराबल दिदी-बहिनीहरुलाई बर्बरतापूर्वक हत्या गरिएको थियो। ६ डिसेम्बर १९८९ मा १४ जना किशोरीहरुलाई "तिमी महिलाहरु इन्जिनियर हुँदैछौ, तिमीहरु महिलावादी हौ" भनी छुरी र राइफल प्रयोग गरी विभत्स हत्या गरिएको थियो। यसैगरी मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको विशेष दिनलाई समेटेर सन् १९९१ देखि अन्तराष्ट्रियरुपमा नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म महिलाविरुद्धको हिंसाविरुद्ध १६ दिने अभियान सञ्चालन हुँदै आएको छ। मिराबल दिदी-बहिनीहरु राजनीतिक कार्यकर्ता थिए, उनीहरुलाई महिला भएर राजनीति गरेकै आधारमा विभिन्न शारीरिक तथा मानसिक यातना दिई बर्बरतापूर्वक हत्या गरिएको थियो। नेपालमा भने ३, ४ वर्षदेखि यो अभियान सञ्चालन भएको भएतापनि यसको प्रचार भर्खरै मात्र हुन थालेको छ। त्यसैले, अजमिरी खातुन, सीतादेवी परियार, रतीयादेवी पासवान, बसन्तीदेवी र पवित्रादेवी जस्ता घरेलु हिंसा, दाइजो नल्याएकोमा शारीरिक यातनाको पीडा भोगेका दिदी-बहिनीहरुलाई आज विश्वमा उनीहरुजस्तै हिंसामा परेकाहरुको पक्षमा आवाज घन्कँदैछ भन्ने कुरा थाहा छैन। शिक्षित र महिला अधिकारका क्षेत्रमा कार्यरत महिलाहरुलाई समेत यी महत्वपूर्ण दिन र यस अभियानको मूल मर्मबारे कमै मात्र जानकारी रहेको स्थिति छ।

यस अभियानलाई नेपाली समाजमा गम्भीररुपमा जरो गाडेका बोक्सीको नाममा गरिने यातना, दाइजो नल्याएका कारण गरिने घरेलु हिंसा, छाउपडी, महिला बेचबिखन तथा सशस्त्र द्वन्द्वमा महिलामाथि गरिने हिंसालगायत्का महिलामाथि हुने हिंसा उन्मूलनका लागि अभियान संचालनको रुपमा सबैले मनन गर्दै आजैदेखि यस अभियानमा संलग्न हुनुपर्ने टङ्कारो आवश्यकता छ।

नेपालमा भएका केही प्रयासहरु

यो अभियान नेपालमा विगत ३, ४ वर्षदेखि छिटफुटरुपमा मनाउन थालिएको छ। महिला अधिकारका क्षेत्रमा कार्यरत संस्था र सञ्जालहरुले यसलाई प्रचारात्मक ढंगले अगाडि बढाउन थालेको भएतापनि अझै महिलाविरुद्धको हिंसाविरुद्ध १६ दिने अभियानबारे ज्यादै नगण्य नेपालीहरुलाई मात्र जानकारी छ। गतवर्ष इन्सेकले महिलाविरुद्धको हिंसाविरुद्ध जनचेतना फैलाउन ऱ्यालीको आयोजना गरेको थियो। यस वर्ष पनि सञ्चारिका समूह, मानवअधिकार सञ्चार प्रतिष्ठान, महिला पुनर्स्थापना केन्द्र, दलित महिला संघ, सामाजिक उत्तरदायित्वका निमित्त चिकित्सक लगायत्का संस्थाहरुले पनि यो अभियानलाई केही व्यापकता दिने प्रयास गरे। सञ्चारिका समूहको अगुवाइमा इन्सेक, साथी, महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह (एट्वीन), प्रहरी महिला सेल सहित महिला अधिकार मानवअधिकारका लागि क्रियाशील संस्थाहरुको सहभागीतामा महिलाविरुद्ध हिंसासम्बन्धी ४ दिने पाठ्य, श्रव्य-दृश्य सामग्रीहरुको प्रदर्शनी, विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता तथा कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो।

यी कार्यक्रमहरुमा उपस्थित अतिथिहरुले महिलाविरुद्ध हिंसा अन्त्यका लागि कानूनीरुपमा नै दह्रो व्यवस्था गरिनुपर्ने, पाठ्यक्रममा महिला-पुरुष समविकासको अवधारणाका लागि प्राथमिक विद्यालयस्तरदेखि नै समावेश गर्दै लैजानुपर्ने, सञ्चारकर्मीहरुले पीडितको संरक्षण तथा पीडकलाई कारवाही र दूरुत्साहन गर्नेगरी समाचार सम्प्रेषण गर्नुपर्ने, सरकारले महिलामाथि कुनैपनि खाले हिंसा गर्नेलाई दण्डित गर्ने गरी कार्यान्वयन पक्षलाई सुदृढ बनाउनुपर्ने, महिलाको मानवअधिकार संरक्षण गर्ने महिला हिंसा उन्मूलनसम्बन्धी महासन्धि (सिड) तथा बेइजिङ घोषणापत्रलगायत्का अन्तर्राष्ट्रिय मानवअधिकार कानुनसँग बाझिने राष्ट्रिय कानुन तथा ऐनहरु तुरुन्त खारेज गर्नुपर्ने, गैरसरकारी संस्थाहरुले आपना कार्यक्रमहरु प्रचारात्मकरुपमा मात्र नभई हिंसा-पीडितहरुलाई दीर्घकालीन समाधान दिनेतर्फ केन्द्रित गर्नुपर्नेजस्ता सुझावहरु दिएका थिए। महिलाविरुद्ध हिंसा नेपालका लागि गम्भीर सवाल हो। बोक्सीका नाममा महिलालाई दिसा खुवाउने, शारीरिक तथा मानसिक यातना दिनेमात्र नभई हत्या गर्नेजस्ता घटनासमेत भइरहेका छन्। आजको वैज्ञानिक युगमा पनि महिनावारिका समयमा छाउपडीका नाममा महिलालाई पशुवत् व्यवहारहरु भइरहेका छन्। यसैगरी, चेलिबेटी बेचबिखनजस्तो घोर अमानवीय संगठित अपराधको चंगुलमा नेपाललगायत्का देशहरु फस्दै गइरहेका छन्। यस्तो परिवेशमा महिलाविरुद्ध हिंसा अन्त्यका लागि संगठितरुप्मा अभियान संचालन गर्न आगामी दिनमा यस्ता अभियानलाई महिला अधिकारवादीहरुले बढीभन्दा बढी उपयोग गर्नु जरुरी छ। सञ्चार माध्यमहरुले यी दिनको महत्वलाई आम नागरिकहरुले बुझ्ने गरी प्रचार गर्नु अति आवश्यक छ।

निष्कर्ष

घरेलु हिंसाका घटनाहरुको [illegible] अदालतमा बन्द इजलासको व्यवस्था हुनुपर्ने कुरामा महिला अधिकारवादीहरुले लामो समयदेखि आवाज उठाउँदै आएको भएता पनि हालसम्म यसमा कुनै सकारात्मक संकेत देखा परेको छैन। विघटित संसदमा घरेलु हिंसासम्बन्धी विधेयक प्रस्तुत भएता पनि उक्त विधेयक पारित भएर आउन सकेन। फलस्वरुप, अझै पनि महिलाहरुले घरेलु हिंसाका घटनामा कानुनी राहत पाउने स्थिति बनेको छैन। यसैगरी, बोक्सीको आरोपमा महिलाहरुमाथि गरिने हिंसाका लागि समेत नयाँ कानुनको आवश्यकता रहेकोतर्फ सबैको ध्यानाकर्षण भएको छ। दिनदिनै सार्वजनिक हुँदै आएका यस्ता गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनाको प्रभावकारी कानुनी उपचारका लागि सम्बन्धित निकायको ध्यान जानु जरुरी [illegible] साथै, महिलाविरुद्ध हिंसा अन्त्यका लागि व्यक्ति, परिवार, समुदाय र राज्य सबैले अन्तरहृदयदेखि वचनबद्ध भएर लाग्नुपर्छ तब मात्र यो समस्याको निदान हुनसक्छ।

सन्दर्भ सामग्री

१. वियोण्ड वेइजिङ कमिटी (१९९७) *वेइजिङ कार्यनीति*

२. सञ्चारिका समूह (१९९७) *वेइजिङ प्लस ५ निष्कर्ष दस्तावेजहरु*

३. World Organization Against Torture (1999) *Violence Against Women*

४. TATA Institute of Social Science (2001) *Journey from Violence to Crime*

बेपत्ता : नागरिक अधिकारको हनन

कामदेव खनाल

वि.सं. ०५२ मा माओवादी विद्रोहीहरुले सशस्त्र विद्रोह शुरु गर्नुभन्दा पहिले पनि दुरुह अवस्थाबाट गुज्रिरहेको नेपालको मानवअधिकार स्थिति त्यसपछिका दिन, वर्षहरुमा आएर अझ कारुणिक अवस्थामा झरिसकेको छ। विद्रोहलाई आत्मनिर्णयको अधिकारसँग जोडेर माओवादीहरुले 'क्रान्ति' वा 'सच्चा वा सही प्रजातन्त्र' को लागि गरेको हिंसात्मक बाटो ठीक वा बेठीक के हो भनेर विभिन्न मोर्चा, समय र स्तर, तहहरुमा एक वा अर्कोरुपमा चर्चाको विषय त बनिरहेको छ नै, हिंसा वा हिंसाजन्य क्रियाकलाप अनि हिंसा रोक्न सरकारले तय गरेको प्रतिहिंसाको बाटोले कलिलो प्रजातन्त्रभित्र पनि विस्तारै आफ्नो आकार एवम् आवाजको अस्तित्व खोजिरहेको मानवअधिकार र यसका प्रतिको अभियानमाथि बज्रपात भएको विषय पनि देशभित्र र बाहिर चासो, विवाद र बहसको विषय भएको छ।

आ-आफ्नो राजनीतिक स्वार्थको ढिपीले अन्धाप्राय: भएका द्वन्द्वका यी दुवै पक्षहरु समकालीन राजनीतिले अति नै जोड दिएर वकालत गरिरहेको प्रजातन्त्र र मानवअधिकार दुवै मोर्चामा प्रशस्त आलोच्य बनिसकेका छन्। मुलुकभित्रै पनि मानवअधिकारका विश्वव्यापी र आधारभूत सिद्धान्तहरु द्वन्द्वका पक्षधरहरुले परिपालन गर्न पूर्णत: चुकेको आरोप नागरिक समाजले लगाएको छ। संयुक्त राष्ट्रसंघलगायत् मानवअधिकारको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संस्थाहरुले पनि द्वन्द्वरत पक्षहरुले मानवअधिकारका सर्वमान्य सिद्धान्तहरु लगातार गम्भीररुपमा उल्लंघन गरिरहेको उल्लेख गरेका छन्।

मानवअधिकारको समग्र स्वरुपमा नै प्रहार भइरहेको जटिल अवस्थामा यसको कुनै एक पक्ष वा विषयमा केन्द्रित हुनु कम सान्दर्भिक हुनसक्ने सम्भावना रहँदा-रहँदै पनि बढ्ता आँच पुगेको एवम् बढी गम्भीररुपले उल्लंघन भइरहेको विषयमा केन्द्रित हुनु त्यति असान्दर्भिक पनि हुँदैन।

नेपाल कानुनले बेपत्ता पारिएको अवस्थालाई परिभाषित गरेको छैन। तर पनि बेपत्ता पार्ने काम राज्यका सुरक्षा निकाय, सुरक्षाकर्मीहरुबाट बढी नै सघन तथा व्यापकरुपमा भइरहेको छ। हुन त जबरजस्ती बेपत्ता पारिने प्रवृत्ति नेपालमा नयाँ भने होइन। हरेक राजनीतिक प्रणाली सर्वमान्य, सर्वग्राह्य नहुने हुँदा प्रतिरोधमा मानिसहरु लाग्ने गर्छन् र त्यसमा उथलपुथल ल्याउने प्रयास गर्दछन्। नेपालमा पनि हरेक स्थापित राजनीतिक व्यवस्थाविरुद्ध प्रतिरोध भएको छ। यस्ता हरेक राजनीतिक प्रतिरोधलाई नियन्त्रण गर्ने नाममा शासकहरुले विधिको शासनलाई तिलाञ्जली दिएर विपक्षीलाई क्रुरतापूर्वक दमन गर्ने एकखालको परिपाटीको नजानिदो 'विकास' हाम्रो मुलुकमा सनैसनै भइरहेको छ। यसको पहिलो प्रहार नागरिक तथा राजनीतिक अधिकारमा पर्दछ। वि.सं. १९९७ मा प्रजातन्त्र, स्वतन्त्रता तथा नागरिकको हक, अधिकारका खातिर लागिपरेका व्यक्तिहरुलाई सार्वजनिकरुपमै मृत्युदण्ड दिने तथा देश निकाला गर्ने, यातना तथा अमानवीय व्यवहार एवम् सजायको शिकार बनाउने र बेपत्ता पार्ने जस्ता कार्यहरुमा तत्कालीन शासकहरुले गरेका हुन्। वि.सं. ००७ सालमा एकदलीय राणा शासनको अवसान र प्रजातान्त्रिक नयाँ राजनीतिक प्रणालीको शुरु नभएसम्म यस्तो क्रम चलिरह्यो। आरोह-अवरोहका बीच गुज्रिरहेको यो व्यवस्थालाई समाप्त पार्न वि.स. ०१७ सालको राजाको कदमले पनि प्रजातन्त्र, स्वतन्त्रता र नागरिक हक, अधिकारलाई कुल्चिएकै हो। त्यसपछि शुरु भएको एकदलीय शासनको विपक्षमा लागेकाहरुलाई तह लगाउने नाममा कतिपयलाई गिरफ्तार गरिएको, कतिलाई बेपत्ता पारेको अनि कतिलाई मारेको यथार्थ हो।

राज्यपक्षबाट जबरजस्ती बेपत्ता पार्ने र माओवादीहरुबाट अपहरण गर्ने कार्य, जसले मानवअधिकारका कतिपय आधारभूत सिद्धान्तहरु, मान्यताहरुको ठाडो उल्लंघन गरेका छन्, अहिले रुपमा योजनाबद्ध प्रस्तुत भइरहेको अवस्था छ। अत: जबरजस्ती बेपत्ता बनाउने कार्यले कसरी नागरिकको अधिकारमाथि धावा बोलेको हुन्छ भन्ने बारेमा यहाँ छलफल गर्ने प्रयास गरिएको छ।

अन्तर्राष्ट्रिय कानुनले ती व्यक्तिहरुलाई 'बेपत्ता पारिएका' भनेको छ, जसलाई राज्य वा उसका निकायहरुले हिरासतमा लिएका हुन्छन्,

जसको स्थिति र अवस्था खुलाइँदैन र उनीहरुलाई हिरासतमा लिइएको छ भनेर अस्वीकार गरिन्छ।

वि.सं. ०४६ को पछि स्थापित राजनीतिक प्रणालीलाई समाप्त गरी अर्कै प्रकारको राजनीतिक व्यवस्था ल्याउन लागिपरेका माओवादी विद्रोहीहरुलाई नामेट पार्ने नाममा अहिले राज्यले नागरिकहरुलाई स्वेच्छाचारी तरिकाले हिरासतमा लिने र तीमध्ये कतिपयलाई बेपत्ता बनाउने गरेको छ र सयौं निर्दोषको हत्या समेत गरेको छ। तर, यसो भनेर ऐजन राजनीतिक प्रणाली विरुद्ध विद्रोहीहरुले मानवअधिकारप्रतिको प्रतिबद्धता र यसको व्यवहारिक मोर्चामा कार्यान्वयन गर्न, गराउन सफल रहे भन्न जरुर खोजिएको होइन। शासकको विरोधको नाममा सर्वसाधारणको हत्याको राजनीतिमा उनीहरु पनि नलागेका हैनन्। वि.सं. ००७ मा पनि सशस्त्र विद्रोह भएको हो, ०२८ सालमा सर्वसाधारणहरु काटिएका हुन् अझ वि.सं. ०५२ साल पछि त त्यस्तो विरोध सशस्त्र मात्र नभएर हदैसम्मको अराजक स्थितिबाट गुजिरहेको छ। पहिलेका हिंसात्मक प्रतिरोधमा उत्रिएको समूह, व्यक्तिहरुले त्यसलाई निरन्तरता दिएनन्, पछि आएर त्यो गलत बाटो थियो भनेर सार्वजनिकरुपमै आत्मालोचना गरे पनि। अहिले राजनीतिको एक वा अर्को नाम दिएर शुर भएको योजनाबद्ध मानव हत्या, मानवअधिकारको ठाडो उल्लंघन भएको आठ वर्ष पुग्न लागेको छ। माओवादीहरुले सयौं निर्दोष नागरिकहरुलाई मारिसकेका छन्, कतिलाई अपहरण गरेर बेखबर बनाएका छन्।

यदि विगतलाई पुरातनपन्थको परिभाषाभित्र राख्ने र आगत बढी उदार, सभ्य सभ्भिने हो भने वर्तमान हिंसा र प्रतिहिंसा सदियौं पुरानो बर्बर राजनीतिको पुनरागमन भन्दा भिन्न देखिन्न। विषय बेपत्ता बनाइएकाहरुको सरोकारको छ। यो सरोकार एक प्रकारको शासकीय व्यवस्थाको समर्थन वा विरोधसँग गाँसिएकोले पनि माथि हामीले यसमा केही चर्चा गर्‍यौं। भनिन्छ, जबरजस्ती बेपत्ता पार्ने क्रमलाई रोक्ने मानवअधिकारको कुनै अचुक प्रावधान छैन। तर मानवअधिकारका कतिपय प्रावधान, विषयहरुले यसलाई बर्जित गरेका छन्। संयुक्त राष्ट्र संघले सन् १९९२ मा जबरजस्ती बेपत्ता पारिएका व्यक्तिहरुको रक्षा सम्बन्धमा एक घोषणा पारित गरेको थियो।

व्यक्तिको जबरजस्ती बेपत्ता सम्बन्धी अन्तर-अमेरिकी अभिसन्धि

अमेरिकी राष्ट्रहरुको संगठनले सामाजिक न्याय, मानवअधिकार र मानवीय मर्यादाका खातिर नागरिकहरुलाई राज्य वा उसका निकायहरुले जबरजस्ती बेपत्ता बनाउने प्रवृत्तिविरुद्ध एक महासन्धि पास गरेको छ। त्यसो त राष्ट्रिय वा क्षेत्रीय वा अन्तर्राष्ट्रियरुपमा नै जबरजस्ती बेपत्तालाई निर्मूल पार्ने कुनै संयन्त्र छैन, अपितु मानवअधिकारप्रति बढी सजग राष्ट्र, क्षेत्रहरुले यसका विरुद्ध सामूहिक प्रयास भने गरेको पाइन्छ। उक्त अमेरिकी अभिसन्धि एउटा उदाहरण हो।

संयुक्त राष्ट्रसंघीय घोषणाले भनेजस्तै यस अभिसन्धिले पनि योजनाबद्धरुपमा देखापर्ने जबरजस्ती बेपत्ता पार्ने, प्रवृत्तिलाई मानवताविरुद्धको अपराधको रुपमा चित्रित गरेको छ। धारा २२ सम्म विभक्त सो अभिसन्धिको प्रस्तावनामा व्यक्तिहरुलाई जबरजस्ती बेपत्ता बनाउने कार्यले मानवअधिकारका कतिपय मूलभूत मान्यताहरुको मानवअधिकारको विश्वव्यापी घोषणा संयुक्त राष्ट्रसंघीय बडापत्रलगायत्का विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुमा उल्लेखित नागरिकहरुका 'अनुल्लंघनीय' अधिकारहरुको गम्भीर उल्लंघन हुने उल्लेख गरिएको छ।

सो अभिसन्धिको धारा १ मा अमेरिकी राष्ट्रहरुको संगठनका कुनै पनि सदस्यले बेपत्ता पार्ने जस्तो अत्यन्त गैरमानवीय कार्यलाई कुनै पनि परिस्थितिमा, यतिसम्म कि संकटकालीन अवस्था र व्यक्तिगत स्वतन्त्रताहरु निलम्बन गरिएको अवस्थामा पनि व्यवहारमा नल्याउने, यस्तो कार्यलाई अनुमति नदिने तथा नसहने बताइएको छ।

सो दस्तावेजको धारा ९ मा जबरजस्ती बेपत्ता पार्ने अपराधमा संलग्न व्यक्तिहरुलाई सामान्य कानुनअन्तर्गतको सक्षम न्यायिक क्षेत्राधिकारभित्र कार्वाही गरिनुपर्ने र अन्य कुनै पनि प्रकारका विशेष क्षेत्राधिकार भएका निकायहरु, विशेषत: सैनिक क्षेत्राधिकार भएका निकायहरुमा कार्वाही गरिनु नहुने उल्लेख छ। सोही धारामा अगाडि भनिएको छ- जबरजस्ती बेपत्ता पार्ने कार्यलाई सैनिक कर्तव्य पालना गर्नेक्रममा भएको मानेर छुट दिन मिल्दैन। धारा १० अनुसार युद्धको अवस्था, युद्ध उन्मुख धम्की वा राष्ट्रको आन्तरिक राजनीतिक अस्थिरता तथा कुनै पनि प्रकारको सार्वजनिक संकटकाबेला पनि जबरजस्ती बेपत्ता पारिने कार्यको औचित्य प्रमाणित हुन सक्दैन। यस धाराले सम्बन्धित न्यायिक प्राधिकारहरुलाई पीडितलाई राखिएको हुन सक्ने सैनिक लगायतका हिरासत वा थुनुवा केन्द्रहरुमा सजिलै पहुँच हुने भन्ने व्यवस्था पनि गरेको छ। हिरासतमा लिइएको व्यक्तिलाई यथाशक्य चाँडो सक्षम न्यायिक निकायमा उपस्थित गराउने तथा पीडितले कानुन व्यवसायी, आफन्तहरुसँग भेट गर्न दिइनु पर्ने र त्यस्ता व्यक्तिहरुको दर्तालगायत्का अन्य कार्वाहीको दुरुस्त लगत राख्नु पर्ने सो अभिसन्धिको धारा ११ मा व्यवस्था गरिएको छ।

संयुक्त राष्ट्रसंघ

जबरजस्ती बेपत्ता बनाउने कार्यले आरुनो तथा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज एवम् मान्यताहरुको प्रत्यक्ष अवज्ञा गर्ने तथा एक असल समाज, विश्वका खातिर आवश्यक मानव मर्यादा, स्वन्त्रता एवम् न्यायलाई गौण बनाउने हुँदा संयुक्त राष्ट्रसंघीय महासभाले १८ डिसेम्बर १९९२ मा जबरजस्ती बे[illegible] पारिनबाट मानिसहरुलाई जोगाउन एक घोषणा पारित गऱ्यो। त्यसो त संयुक्त राष्ट्रसंघका घोषणा एवम् प्रस्तावहरु यसका सदस्य राष्ट्रहरुलाई बाध्यकारी हुँदैनन् न त तिनीहरुमा उल्लेखित प्रावधानहरुलाई आधार बनाएर सरकारविरुद्ध अदालतमा नै जान सकिन्छ। यद्यपि, राष्ट्रसंघीय ती प्रस्ताव एवम् घोषणाहरुले उसका सदस्य राष्ट्रहरुका लागि ती दस्तावेजहरुमा रहेका प्रावधानहरुको पालना गर्न र कमसेकम तिनका अवज्ञा हुने कार्यमा संलग्न नहुन नैतिक दबाब सृजना गर्दछन्।

सरकारको प्रत्यक्ष, अप्रत्यक्ष सहमति, सहयोग एवम् समर्थनबाट कुनै व्यक्ति वा संगठित समूहले कसैलाई गिरफ्तार वा कैद वा अपहरण गर्ने वा कुनै तवरबाट पीडितलाई स्वतन्त्रताबाट वञ्चित गर्नुका साथै पीडितको अवस्थाबारे जानकारी नदिइने र निजलाई कुनै प्रकारको हिरासत, गिरफ्तारी वा नियन्त्रणमा लिइ[illegible] समेत अस्वीकार गरेको अवस्थालाई जबरजस्ती बेपत्ता पारिएको अवस्था भनेर सो विश्व संस्थाले व्याख्या गरेको छ। यस प्रकारको कार्य मानव मर्यादा र मानवअधिकारको चुरो मानवीय स्वतन्त्रता र कानुनको शासनको बर्खिलाप हुनेहुँदा यसप्रकारका कृत्यहरुको निरन्तरता, व्यापकता मानवताविरुद्धको अपराध ठहर्ने प्रष्ट छ, उक्त घोषणाको प्रस्तावनामा भनिएको छ।

जबरजस्ती बेपत्ता पारिने कार्य फौजदारी अपराधअन्तर्गत कार्वाहीको भागिदारी हुने (धारा ४) एवम् यस्तो कार्यको नागरिक प्रशासन, सैनिक आदेश वा कुनै आदेशले औचित्य व्याख्या गर्न सक्दैन (धारा ६) र युद्धको अवस्था, युद्धको धम्की वा आन्तरिक राजनीतिक अस्थिरताको समयमा पनि जबरजस्ती बेपत्ता बनाउने विरुद्धको अधिकार

कायम रहने (धारा ७) प्रावधान सो घोषणामा उल्लेख छ। यसको धारा १२ मा प्रत्येक सदस्य राष्ट्रले प्रशस्त कानुनी आधार बेगर कसैलाई उसको स्वतन्त्रताबाट वञ्चित गराउने, बेपत्ता पार्ने तथा हिरासत, कैदमा भए सोको जानकारी नदिनेलाई सजायको उचित व्यवस्था गर्ने छन् भनिएको छ र त्यस्तो गतिविधिमा संलग्न पाइएका दोषीहरुलाई कुनै पनि अवस्थामा माफी वा ती अपराधीहरुलाई फौजदारी कार्वाहीबाट टाढा राख्ने कुनै निर्णय, आदेश अमान्य हुनेछ (धारा १८)। पीडित हिरासत मुक्त भएपछि उचित क्षतिपूर्ति एवम् सही पुनर्स्थापनाको जिम्मा पनि सरकारको हुनेछ (धारा १९)।

त्यसो त जबरजस्ती बेपत्ता बनाउने काम मानवअधिकारको गम्भीर उल्लंघनको [illegible]लाई माथि पनि विभिन्न प्रकरणहरुमा उल्लेख गरिएको छ। यसले विशेषत: देहाय बमोजिमका अधिकारहरुको प्रचलनमा असर पुऱ्याएको हुन्छ :

बाँच्न पाउने अधिकार

गत १८ डिसेम्बरमा राज्यद्वारा बेपत्ता पारिएका तथा माओवादी विद्रोहीहरुबाट अपहरण गरिएका पीडितहरुका परिवारजन तथा आफन्तहरु समेतको सहभागितामा राजधानीमा एक धर्ना कार्यक्रमको आयोजना गरिएको थियो। उहाँहरुले आफ्ना बेपत्ता पारिएका वा अपहरण गरिएका प्रियजन र आफ्नो हालतका बारेमा एउटै पारामा, छोटोमा भन्नुभएको थियो- 'मरेको, बाँचेको पनि थाहा छैन, खोज्न कहाँ जाउँ, आफ्नै के हुने हो टुङ्गो छैन।' हाम्रै अनुभवले पनि बताएको छ कि राज्यका निकायहरुले विभिन्न [illegible]नामा आफ्नो नियन्त्रणमा लिएर बेपत्ता पारिएका कतिपय व्यक्तिहरु फर्किएका छैनन्, माओवादीहरुले पनि अपहरण गरेका धेरै मान्छेहरु बेखबर छन्। पत्रकार कृष्ण सेनको उदाहरण लिने हो भने पनि राज्यले उनको गिरफ्तारी, बन्दी जीवन र बन्दी अवस्थामा नै उनको हत्या बारेमा अझै पनि थाहा नभएको बताइरहेको छ। नेपाल संविधान र सबै प्रकारका कानुनी प्रावधानहरुले मृत्युदण्डको व्यवस्था खारेज गरिसकेको अवस्थामा हुने यस्ता अपारदर्शी र क्रुर क्रियाकलापले कानुनको शासन र मानवअधिकारको धज्जी उडाएको छ। अझ, राज्यबाट संचालित यस्ता व्यवहारले मानवअधिकारको विश्वव्यापी घोषणापत्र (धारा ३) र नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (धारा ६) मा उल्लिखित 'व्यक्तिको बाँच्न पाउने अधिकार' को निर्लज्ज उल्लंघन गरेको छ।

माओवादीहरुले पनि नागरिकको अधिकार, बाँच्न पाउने अधिकार प्रति व्यक्त गरेका तिनीहरुका तथाकथित 'प्रतिबद्धताहरु' लाई उनीहरुको आरुनै अपहरण गर्ने र निहत्था, निर्दोष व्यक्तिहरुलाई अन्धकारमा राख्ने वा मार्ने जस्ता व्यवहारबाट पानी माथिको धर्कामा मिलाइदिएको छ।

व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार

स्वतन्त्रताको अक्षुण्यता र त्यसको सुरक्षा मानव मर्यादाको चुरो हो र यसले नै मानिसलाई अरु प्राणीभन्दा पृथक राख्दछ। मानवीय सभ्यताको आदि समयदेखि अत्यन्त माया गरिएको र मानवअधिकारको सन्दर्भमा सर्वथा माथिल्लो क्रममा उल्लेख गरिने स्वतन्त्रता र यसको सुरक्षाको अधिकारलाई हाम्रो संविधानले पनि यस मुलुकका नागरिकका मौलिक हकहरुको प्रत्याभूति दिंदै यस अधिकारलाई प्राथमिकता दिएको छ। (धारा १२), यद्यपि मौलिक हकहरु परस्परमा सम्बन्धित र आफैंमा महत्वपूर्ण रहन्छन्।

संवैधानिकरुपमा हाम्रो स्वतन्त्रताको अधिकार अक्षुण रहे पनि व्यवहारमा त्यसको विपरीत अवस्था छ। नागरिकहरुलाई जबरजस्ती बेपत्ता बनाएर राज्य पक्षले संविधान प्रदत्त मौलिक हकबाट वञ्चित गराएको छ र प्रजातान्त्रिक मूल्य, मान्यताप्रति वफादार रहन असफल रहेको छ। यसबाट मानवअधिकारको विश्वव्यापी घोषणापत्र (धारा ३) र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (धारा ९) को ठाडो उल्लंघन भएको छ। नागरिकको सुरक्षा राज्यको दायित्व हो र राज्यबाट सुरक्षित हुन पाउनु नागरिकको अधिकार पनि हो। तर जब रक्षक नै भक्षक भएर देखा पर्छ, उसबाट सुरक्षाको अपेक्षा राख्नुसम्म पनि असम्भव प्राय: देखिन्छ।

स्वेच्छाचारी गिरफ्तारी विरुद्धको अधिकार

कानुनबमोजिम बाहेक कसैलाई गिरफ्तार नगर्ने सर्वमान्य न्यायिक विधि हो र यसलाई नेपालले आरुनो कानुनी प्रणालीमा र मानवअधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरुलाई अनुमोदन गरेर स्वीकार गरेको छ। आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ ले सुरक्षाकर्मीहरुको गिरफ्तारी गर्ने अधिकारलाई केही फराकिलो बनाए पनि बेरीतसँग त्यस्तो गर्न र सिर्फ शंकाको भरमा मात्र निर्दोषहरुलाई स्वेच्छाचारी ढंगबाट गिरफ्तार गर्न छुट दिएको छैन। तर लापर्वाही तवरबाट गिरफ्तार गर्ने र कतिपयलाई बेपत्ता बनाउनेसम्मको कार्य राज्यपक्षबाट भएका छन्।

निष्पक्ष पुर्पक्षको अधिकार

निष्पक्ष पुर्पक्ष न्याय निरुपणको आधार हो। विधिको शासनले निष्पक्ष पुर्पक्षपछि मात्र कसैलाई कसुर र सोही मुताबिकको सजाय दिनुपर्ने बताउँछ। कानुन, नियममा भने बमोजिम उचित प्रक्रिया पुऱ्याएर मात्र कसैलाई थुनामा राख्न सकिन्छ र कानुनको सीमा बाहिर गएर गरिने जबरजस्ती बेपत्ता पारिने कार्य नागरिकको निष्पक्ष पुर्पक्ष गरी पाउने अधिकारको विरुद्धमा छ। राज्यले एक वा अर्को बहानामा कैयौं नागरिकहरुलाई निष्पक्ष, पुर्पक्षको अधिकारबाट वञ्चित गराएको छ र यसबाट निर्दोषहरु पनि गैरकानुनी तवरबाट सजायको भागिदार भएको हुनसक्ने प्रशस्त सम्भावना छ। यसबाट नागरिकहरुको कानुनको समान संरक्षण पाउने अधिकार पनि प्रत्यक्ष उल्लंघन भएको छ। नेपाल संविधान, मुलुकी ऐनलगायत्का कानुनी प्रावधानहरुले निष्पक्ष पुर्पक्षको प्रावधानलाई राखेको भए पनि सरकारी व्यवहारको कारणबाट नागरिकहरुले सो अधिकारको उपयोग गर्न नपाएको यथार्थले विधिसम्मत काम गर्नु, गराउनु पर्ने राज्यपक्षीय दायित्व सहीरुपमा निर्वाह भएको देखिदैन। मानवअधिकारको विश्वव्यापी घोषणापत्र (धारा १०) र नागरिक तथा राजनीतिक अनुबन्ध सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (धारा ९) ले पनि निष्पक्ष पुर्पक्षको उल्लंघन हुनुले मानवअधिकारको गम्भीर उल्लंघन हुने उल्लेख गरेको छ।

मानवोचित बन्दी जीवन जिउन पाउने अधिकार

जबरजस्ती बेपत्ता बनाउने कार्यले बन्दी भएर मानवोचित जीवन जिउन पाउने अधिकारमाथि धावा बोलेको हुन्छ। प्रचलित कानुनले कसैलाई कसुरदार ठहऱ्याएमा तोकिएबमोजिम जेल वा अन्य सजाय भुक्तान गर्नु तथा अपराध तहकिकात, अनुसन्धानको क्रममा कसैलाई न्यायिक हिरासतमा राख्नु कानुनी प्रक्रिया भित्रै पर्दछ। तर यस्तो भनेर बन्दी जीवन बिताउनु पर्ने वा न्यायिक हिरासतमा रहनुपर्ने व्यक्ति मानव भएको आधारमा उपयोग गर्न पाउनुपर्ने अधिकारबाट भने वञ्चित गराइनु हुँदैन। आर्थिक तथा सामाजिक परिषद्ले १९५७ मा पारित गरेको संयुक्त राष्ट्रसंघीय कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि आचार संहिता तथा कैदीहरुलाई गरिनुपर्ने व्यवहारका आधारभूत न्यूनतम नियमहरुले कैदीहरुलाई आरुना आफन्त तथा साथीभाइहरुलाई भेट्न दिइनु पर्छ भनेको छ। संयुक्त राष्ट्रसंघले नै सन् १९९० मा पारित गरेको कैदीहरुका लागि गरिनुपर्ने

व्यवहारका आधारभूत सिद्धान्तहरुमा सम्पूर्ण कैदीहरुलाई उनीहरुमा निहित मानव मर्यादालाई सम्मान गर्दै उनीहरुलाई मानवोचित व्यवहार गर्नुपर्ने उल्लेख छ। हाम्रो संविधान (२०४७) ले आरुनो प्रस्तावनामा 'कानुनको शासन' र 'प्रत्येक नागरिकलाई आधारभूत मानवअधिकारको प्रत्याभूति' भनेर सबै नागरिकहरुको अधिकारको प्रत्याभूति गरेको छ। कैदीहरु अनागरिक, गैरनागरिक होइनन्। प्रहरी ऐन, नागरिक अधिकार ऐन तथा मुलुकी ऐनका कतिपय प्रावधानहरुले पनि बन्दीहरुको अधिकारको पक्षमा बोलेका छन्। तर, ती सबै प्रावधानहरुलाई वेवास्ता गर्दै बेपत्ता बनाउने काम जारी छ।

यातना तथा अमानवीय व्यवहार एवम् सजायविरुद्धको अधिकार

केही समयअघि संयुक्त राष्ट्रसंघले नेपालमा दर्जनौं व्यक्तिहरु गोप्यस्थलमा हिरासतमा राखिएको तथा तिनीहरुलाई यातना दिने समेत काम भएको हुनसक्ने भन्दै त्यस्तो कार्यको भर्त्सना गरेको थियो। यसबाट पनि प्रष्ट हुन्छ, जबरजस्ती बेपत्ता बनाउने र शंकाकै आधारमा हिरासतमा लिइएका व्यक्तिहरुलाई यातना तथा अन्य अमानवीय व्यवहार गर्ने तथा सजाय दिने गरिएको छ। राष्ट्रिय दैनिक नेपाल समाचारपत्रमा यही पुस २१ गते एउटा समाचार प्रकाशित भएको थियो। त्यसमा महोत्तरी जिल्ला जलेश्वर कारागारमा नजरबन्दमा राखिएका सोही जिल्लाको फुल्काहा गाविस-१ का किशोरी राय यादवले हिरासतमा रहँदा प्रहरीले दिएको यातनाबाट आरुनो मानसिक सन्तुलन गुमाएका छन्। नेकपा (एमाले) फुल्काहा गाविस सचिव रहेका यादवलाई गत कार्तिक २३ गते प्रहरीले नियन्त्रणमा लिएर मंसिर ७ गते मात्र जेलमा नजरबन्दको पूर्जी थमाइएको थियो। जेलमासँगै रहेका यादवकै गाउँले रामाशिष शाहका अनुसार, यादवलाई प्रहरीले टाउकोमा मुड्कीले पटक-पटक हानी तथा पैतालामा लठ्ठी प्रहार गरी यातना दिएपछि उनले मानसिक सन्तुलन गुमाएका हुन्।

मानवअधिकारप्रति आस्था राख्ने र राज्यपक्ष यसको पालना, संरक्षणमा खरो उत्रियोस् भन्नेहरुले यस्तो घटना सत्य नहोस् भन्ने चाहना राख्छन् तर वास्तविकता उक्त घटनाभन्दा टाढा नहुन सक्छ। यातनाकारीलाई सजाय तथा पीडितलाई क्षतिपूर्ति भराउन सकिने कानुनी व्यवस्था रहे पनि हिरासतमा रहँदा वा नजरबन्दमा रहँदा पुन: यातनाका डरले पीडितले नबताउने, समय बितेपछि यातनाको कारण भएका घाउखत तथा असरहरु हराउने हुनाले यातना, अमानवीय व्यवहार प्रमाणित गर्न गाह्रो हुने हुँदा पीडितले न्याय नपाउने र पीडक सजायको भागी हुनबाट जोगिने गरेको पाइन्छ।

यातना तथा अमानवीय व्यवहार एवम् सजायलाई नेपाल कानुनले बर्जित गरेको तथा यातनाविरुद्धको राष्ट्रसंघीय महासन्धिको एक पक्षराष्ट्र भएको नेपालले उसका निकायहरुबाट बारम्बार हुने यातनालाई नियन्त्रण गर्ने, घटाउने वा उन्मूलन नै गर्न भने व्यवहारिकरुपमा थोरै काम गरेको छ र त सुरक्षा निकाय, सुरक्षाकर्मीहरु यातना दिन अद्यापि तल्लीन छन्। बेपत्ता पारिएको व्यक्ति, जसको बारेमा सूचनासम्म दिइँदैन, उसले कति यातना वा अमानवीय व्यवहार एवम् सजायको शिकार हुनु पर्ला ? मानवअधिकारको नृशंस उल्लंघनको दारुण चित्र अगाडि आउँछ।

कानुनबाट संरक्षित हुन पाउने अधिकार

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ ले राज्य, प्रशासनले हिरासतमा लिइएको व्यक्तिलाई बाटाको म्यादबाहेक २४ घण्टाभित्र सक्षम न्यायिक निकायमा उपस्थित गराउनुपर्ने प्रावधान राखेको छ। आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनले पनि गिरफ्तारीको कारण यथाशक्य पीडितलाई दिनुपर्ने भनेको छ। सक्षम न्यायिक निकाय सक्षम उपस्थित गराउँदा पीडित निर्दोष प्रमाणित भएर छुट्न पनि सक्छ, कसुरदार ठहरेमा कानुन बमोजिम कार्वाहीको भागी हुन सक्छ। तर, बेपत्ता बनाउने र पीडितको कानुनबाट संरक्षित हुन पाउने अधिकारबाट वञ्चित गराउने कार्य कानुनको सामान्य सिद्धान्तविरुद्ध छ। प्रष्टत: यो मानवअधिकारको बर्खिलाप छ।

आँकडा डरलाग्दो छ

जबरजस्ती बेपत्ता बनाइँदा बाँच्न पाउने अधिकारसम्मको हनन हुने देखिएको छ। तर पनि बेपत्ता पारिएका वा अपहरण गरिएका व्यक्तिहरुको संख्यालाई हेर्दा राज्य र विद्रोही दुवै पक्ष यसप्रति अलिकति पनि गम्भीर बनेको देखिँदैन। इन्सेकको आँकडा अनुसार, माओवादी विद्रोहीहरुले वि.सं. ०५२ फागुन १ गतेदेखि थालेको सशस्त्र विद्रोहको क्रममा ०६० पुस ८ गतेसम्म दुई हजार सात सय एक जनालाई अपहरण गरेका छन् भने राज्य पक्षले सोही अवधिमा छ सय एकानब्बेलाई बेपत्ता पारेको छ। गत भदौ १० गते सरकार र माओवादी बीचको युद्धविराम भंग भएपछि राज्य पक्षले पुस ८ गतेसम्म १ सय ४४ जना बेपत्ता पारेको छ भने सोही अवधिमा माओवादीहरुले ३ सय ३१ व्यक्तिको अपहरण गरे। (तर कतिपय पीडितहरु छुटिसकेका वा मुक्त भइसकेको अवस्थामा के कति छुटे वा मुक्त भए भन्ने आँकडा हामीसँग नभए पनि माथि उल्लिखित संख्यामा पीडित भने भएको हो।)

यही पुस २२ गते राष्ट्रिय दैनिक राजधानीले प्रकाशित गरेको एक समाचार अनुसार, पुस १७ गते सुरक्षाकर्मीबाट गिरफ्तारीमा परी बेपत्ता बनाइएका बारा जिल्ला सिहासनी गाविस-४ का ४७ वर्षीय फिरत चौधरीको पुस २१ गते पीडितको शव घाँटी रेटेर हत्या गरिएको अवस्थामा सोही गाविस-३ मा भेटिएको थियो। जिल्ला प्रहरी कार्यालयले पीडित चौधरीलाई गिरफ्तार नगरिएको जनाए पनि उनले राज्यपक्षबाट नै ज्यान गुमाउनु परेको परिवारजन बताउँछन्। धेरै फिरतहरुले यस्तो प्र[illegible] भोगिसकेका छन् र अन्य कतिले यस्तो व्यहोर्नु गर्नुपर्ने हो कुनै टुङ्गो छैन। अझ पछिल्ला दिनहरुमा आएर माओवादीको अपहरणमा परेका व्यक्तिहरुको क्रुरतापूर्वक हत्या गरिएका सूचना, सामाचारहरु प्रशस्तै सार्वजनिक भएका छन्।

यसरी बाँच्न पाउने अधिकारसम्मको हनन हुने गरी बनाइने जबरजस्ती बेपत्ता वा गरिने अपहरण मानवअधिकार, कानुनको शासन र प्रजातान्त्रिक मूल्य, मान्यताको बर्खिलाप छ। स्वदेश र विदेशका यतिसम्मकि संयुक्त राष्ट्रसंघले पनि जबरजस्ती बेपत्ता पार्ने र यसको कारणबाट हुने मानवअधिकारको उल्लंघनको विरोध गर्दै सबैलाई यस्ता कार्य रोक्न दबाब दिइरहेका छन्। नागरिकहरुको सुरक्षा, उनीहरुको अधिकारको रक्षा र कानुन पालना गर्ने गराउने जिम्मेवारी भएको सरकारले नै यी कुराहरुको प्रष्ट उल्लंघन गर्ने भएबाट यस विषयमा उसले अरुलाई [illegible] कति दोष दिन सक्छ ? अथवा, अरुको कारणले मात्र यसो हुन गएको हो भनेर ऊ कति दिन मात्र पन्छिने धृष्टता गर्नसक्छ ? साथै, सरकारले गरेको ज्यादतिको रोष, प्रतिशोधको विकार बोकेका आफूलाई 'जनपक्षीय' भन्नेहरुले निर्दोष कति दिनसम्म मानिसहरु अपहरण, हत्याको क्रमलाई जारी राख्ने ? लगातार सोधिएका यी प्रश्नहरुको उत्तर कसैबाट पनि आएको छैन। बेपत्ता पारिएर छोडिएकाहरुलाई उचित पुनर्स्थापना र क्षतिपूर्तिको व्यवस्थाको कथा-व्यथा पनि उत्तिकै निराश लाग्दो, भयावह छ।

वार्ताद्वारा द्वन्द्वको शान्तिपूर्ण रुपान्तरण नै समस्याको सजिलो निकास हो। हरहालतमा शान्तिको मार्ग नै हाम्रो मार्ग हुनु पर्दछ।

●

बिग्रँदै गएको मानवअधिकार स्थिति र अन्तर्राष्ट्रिय चासो

"राज्य र माओवादी दुवै पक्षबाट भएका ज्यादतीहरू प्रति अन्तर्राष्ट्रिय क्षेत्रबाट पटक-पटक चिन्ता व्यक्त गर्ने गरिएको छ। तर, यस्ता चिन्ता र आग्रहप्रति सम्बन्धित पक्षहरू गम्भीर देखिँदैनन्। आफ्नो आग्रहको बेवास्ता बढ्दै गएको परिस्थितिमा बेलाबखत केही आक्रामक अभिव्यक्तिहरू पनि सार्वजनिक हुने गरेका छन्।"

१. पृष्ठभूमि

विगत आठ वर्षको सशस्त्र द्वन्द्वबाट सृजित समस्याले आम नेपालीलाई पिरोलिरहेको छ। यसबीच ८ हजार ६ सय ८७ जना नागरिकले ज्यान गुमाएका छन्। १२ हजार ८ सय ५० भन्दा बढी गिरफ्तार भएका छन्। हजारौं विस्थापित भएका छन् भने अर्बौंको सार्वजनिक सम्पत्ति नष्ट भएको छ। कुनै बेला थियो, जसबेला सुन्दर शान्त नेपालको परिचय दिन जो कोही नेपालीलाई हिच्किचाहट हुँदैनथ्यो। परिस्थितिले वर्तमान भयावहमा ल्याइपुऱ्याउँदा सुन्दर शान्त नेपाल कुरुप अशान्त रणभूमिमा परिणत हुन पुगेको छ। बढ्दो सैन्यकरण, दिनहुँका कहालीलाग्दा मृत्युका घटना, सामाजिक नैराश्यता र आर्थिक विपन्नताले दिनानुदिन संकट निम्त्याइरहेका छन्। सरकार-माओवादीबीच ०६० भदौ १० गते दोश्रो पटकको युद्धविराम भंग भएयता हत्या, अपहरण र बेपत्ताका घटनाहरुमा उल्लेख्य बृद्धि भएको छ। यस अवधिमा मारिनेहरुको संख्या प्रतिदिन १३ जना रहेको छ।

नेपालको आन्तरिक द्वन्द्वले अहिले पुनः अन्तर्राष्ट्रिय क्षेत्रको ध्यानाकर्षण भएको छ। विश्वव्यापीकरणको वर्तमान अवस्थामा विश्वको कुनै पनि राष्ट्र अछुतो हुनसक्ने अवस्था छैन। तर, अहिलेको ध्यानाकर्षण एक स्वाभाविक परिघटनाको रुपमा अगाडि अएको छ। स्थिति अझ दयनीय हुँदै जाने हो भने विदेशी हस्तक्षेपको संभावना बढ्ने कुरा पनि राजनीतिक वृत्तमा व्याप्त छ। यस्ता सवालमा खासगरी राज्यपक्ष गम्भीर हुनु जरुरी छ। विश्वव्यापीरुपमा मानवअधिकार र प्रजातन्त्रका लागि राज्य-सरकारहरुको चासो बढिरहेको अवस्थामा, नेपालमा सरकारी क्षेत्रबाट भएका मानवअधिकार विरोधी क्रियाकलापहरु र सरकार र माओवादीबीच बढ्दो द्वन्द्वले निम्त्याएको भयावह स्थितिले अन्तर्राष्ट्रिय ध्यानाकर्षण बढेको हो। नेपालको मानवअधिकार स्थितिबारे अन्तर्राष्ट्रिय क्षेत्रबाट व्यक्त चिन्ता र टिप्पणीका केही उदाहरणहरु यहाँ प्रस्तुत गरिएको छ।

२. मानवअधिकार हननप्रति गम्भीर चासो

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोग (युएनएचसीआर) ले नेपालको मानवअधिकार उल्लंघनको अवस्थाप्रति आलोचना गर्दै युद्धविराम भंग भएयता सरकार र माओवादी दुवै पक्ष मानवअधिकार उल्लंघनका लागि उत्तिकै जिम्मेवार भएको बताएको छ। ०६० कार्तिक २६ गते युएनएचसीआरका यातनासम्बन्धी विशेष समाधिक्षक भान वोभेन, विचार तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी विशेष समाधिक्षक एम्बेइ लिगाबो र स्वेच्छाचारी थुनामा राखिनेविरुद्ध कार्यरत समूहका समाधिक्षक तथा अध्यक्ष लेइला जेरोग्वीले संयुक्तरुपमा जारी गरेको विज्ञप्तिमा विना सूचना गिरफ्तार गर्ने, स्थिति सार्वजनिक नगर्ने, यातना दिने र थुनामा राखिएका व्यक्तिमाथि हुने थप गलत व्यवहारप्रति आलोचना गरिएको थियो। यसअघि नेपालका लागि संयुक्त राष्ट्रसंघका आवासीय संयोजक म्याथ्यु काहानेले नेपालमा बढ्दो सशस्त्र द्वन्द्वका परिणामहरुप्रति संयुक्त राष्ट्रसंघ, राष्ट्रसंघीय महासचिव र अन्तर्राष्ट्रिय समुदायको गम्भीर ध्यानाकर्षण भइरहेको जानकारी दिनु भएको थियो।

विधिशास्त्रीहरुको अन्तर्राष्ट्रिय आयोग (आईसीजे) ले ०६० असोज महिनामा श्री ५ समक्ष एक पत्र पठाई शाही नेपाली सेनालाई प्रभावकारी नागरिक सरकारको मातहत राख्ने उपाय अवलम्बन गर्न आग्रह गरेको थियो। आईसीजेले नेपालमा मानवअधिकार

उल्लंघनको मूल कारण नै दण्डहीनता भएको र मुलुकमा व्याप्त सशस्त्र संघर्षको अन्त्यका लागि आधारभूत मानवअधिकारका समग्र कुराहरुको सम्मान गर्नुपर्ने आवश्यकता औंल्याउँदै मानवअधिकारको संरक्षण गर्नु, उल्लंघन भएमा त्यसको अनुसन्धान गरी पीडकमाथि कारवाहीहरु गर्नु, पीडितलाई क्षतिपूर्ति दिनुजस्ता कार्य राज्यको दायित्व भएको उल्लेख गरेको थियो। साथै, राष्ट्रिय मानव अधिकार आयोगका विरुद्धमा सैनिक अधिकारीहरुले दिएका वक्तव्यको पनि आईसीजेले आलोचना गरेको थियो। तर, सरकारले यसप्रति ध्यान दिएको पाइएको छैन। बरु, प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा "मानवअधिकार प्रबर्द्धन केन्द्र" खडा गरिएको छ, जसको औचित्यतामाथि एमनेष्टी इन्टरनेशनल, राष्ट्रिय मानव अधिकार आयोग तथा विभिन्न मानवअधिकार संस्थाहरुले प्रश्न गरेका छन्।

देशमा बढ्दै गएको नृशंसता, मानवताविरोधी अपराध र सञ्चारकर्मीहरुमाथि भएका ज्यादतीका घटनाहरुप्रति एमनेष्टी इन्टरनेशनल, रिपोर्टर्स विदाउट बोर्डर्स् जस्ता संस्थाहरुले चिन्ता व्यक्त गर्दै राज्य र माओवादी दुवै पक्षलाई यस्ता क्रियाकलाप नदोहोऱ्याउन आग्रह गर्दै आएका छन्।

राज्य र माओवादी दुवै पक्षबाट भएका ज्यादतीहरुप्रति अन्तर्राष्ट्रिय क्षेत्रबाट पटक-पटक चिन्ता व्यक्त गर्ने गरिएको छ। तर, यस्ता चिन्ता र आग्रहप्रति सम्बन्धित पक्षहरु गम्भीर देखिँदैनन्। आफ्नो आग्रहको बेवास्ता बढ्दै गएको परिस्थितिमा बेलाबखत केही आक्रामक अभिव्यक्तिहरु पनि सार्वजनिक हुने गरेका छन्। सोही क्रममा नेपालस्थित बेलायती राजदूतावासका ड्याभिड वार्डले भनेका छन्- "संवैधानिक र प्रजातान्त्रिक सरकारप्रति र मानवअधिकारका बारेमा एउटै मान्यता राख्ने शक्ति एक भएर माओवादी सशस्त्र हिंसा परास्त गर्नुपर्छ" (कान्तिपुर दैनिक १४ मंसिर ०६०)। इन्टरनेशनल क्राइसिस ग्रुप (आईसीजी) ले संयुक्त राज्य अमेरिकाको संसदको मानवअधिकार समितिमा नेपालको मानवअधिकार स्थितिबारे एक प्रतिवेदन बुझाएको छ। आईसीजीका सभापतिका विशेष सल्लाहकार जोन नोरिस्का तर्फबाट

प्रेस विज्ञप्ति

नेपालमा बढ्दै गएको विनासूचना थुनामा राख्ने घटनाप्रति संयुक्त राष्ट्रसंघीय मानवअधिकारविज्ञहरुको गम्भीर चासो

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगका यातनासम्बन्धी विशेष समाधिक्षक भान बोभेन, विचार तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी विशेष समाधिक्षक एम्बेइ लिगावो र स्वेच्छाचारी थुनामा राखिने कार्यविरुद्ध कार्यरत समूहका समाधिक्षक र अध्यक्ष लेइला जेरोन्वी नेपालमा हुने गरेको दर्जनौं व्यक्तिहरुको विनासूचना थुनामा राखिएको भनी निकालिएको प्रतिवेदनउपर र त्यसरी थुनिएका व्यक्तिहरुउपर हुनसक्ने यातना र अन्य किसिमका अमानवीय व्यवहारको जोखिमप्रति आफ्नो चासो व्यक्त गर्दछन्।

गत दुई महिनाभित्रमात्र नेपालका विज्ञहरुले ३१ वटा जरुरी अपिलहरु विशेषत: संयुक्त रुपमा श्री ५ को सरकारलाई ५६ जना व्यक्तिहरुको अज्ञात स्थानमा थुनामा राखिएको भनी पठाइएका प्रतिवेदन रहेको छ।

प्राप्त जानकारी अनुसार २७ अगष्ट २००३ मा नेकपा (माओवादी) र सरकारबीच युद्धविराम भंग भएपछि द्वन्द्वरत दुवै पक्षहरुले मानवअधिकारको दुरुपयोग र उल्लंघन गरेका छन्। विशेष समाधिक्षकहरु र अध्यक्ष समाधिक्षकले नागरिकहरु, पत्रकारहरु, माओवादी भएको वा समर्थन गरेको शंकाको आधारमा सुरक्षाफौजले पक्राउ गरिएको भनी सूचनाहरु प्राप्त गरेका छन्। त्यसरी पक्राउमा परेकाहरु अज्ञात ठाउँमा नियोजित तवरबाट लामो अवधिसम्म थुनामा राखिएका छन्, जहाँ उनीहरु यातना र अन्य प्रकारको अमानवीय व्यवहारको अत्यधिक शिकार हुने जोखिममा रहन्छन्। केही पूर्व थुनामा रहेका व्यक्तिहरुले आफू हिरासतमा रहँदा पिटिएको कुरा बताएका छन्।

आयोगका विशेषज्ञहरु कुनै पनि हालतमा यातना तथा अन्य प्रकारका अमानवीय व्यवहारको प्रयोग गर्न नहुने अन्तर्राष्ट्रिय मानवअधिकारको मूल्य र मान्यतालाई अंगिकार गर्न अनुरोध गर्दछन्। आयोगको प्रस्ताव २००३/३२ अनुसार यो आयोग, नियोजितरुपमा विनासूचना थुनामा राख्नाले यातना दिनुलाई सहजीकरण गर्ने र यस्तो कार्य आफैंमा क्रूर, अमानवीय कार्य अन्तर्गत पर्दछ भन्दै व्यक्तिहरुको आत्मसम्मान, सुरक्षा र स्वतन्त्रताको रक्षा र सम्मान गर्न आग्रह गर्दै राज्यलाई पुनर्सूचित गर्दछन्।

विशेषज्ञहरु जेनेभा महासन्धिहरुको साझा धारा ३ को सम्झना गराउँदछन्, जुन द्वन्द्वका पक्षहरुलाई बाध्यात्मक हुन्छन् र प्रत्येक मानिसको जीवनको सुरक्षा र शारीरिक अक्षुणताको बारेमा व्यवस्थित छ। साथै, जस्तोसुकै परिस्थिति र समयमा हुने क्रूर व्यवहार र यातनाको विरोध गर्दछ। यसैगरी मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ ले पनि प्रत्येक व्यक्तिलाई अभिव्यक्ति तथा विचारको स्वतन्त्रताको अधिकार रहने, जसअन्तर्गत फरक मत राख्न पाउने र सञ्चार माध्यम वा कुनै पनि क्षेत्रबाट सूचना प्राप्त गर्नसक्ने अधिकार पर्दछ।

विशेषज्ञहरु प्रत्येक पक्षराष्ट्रलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका मूल्यहरुलाई कडाइका साथ आत्मसात गर्दै लागू गर्न अनुरोध गर्दछन्।

१२ नोभम्बर २००३

०६० मंसिर ५ गते प्रस्तुत गरिएको सो प्रतिवेदनमा मानवअधिकारमा सर्वनाशकारी प्रभावहरु पार्दै द्वन्द्व अझ विस्तारित र गम्भीर भएको खतराका चिन्हहरु देखिँदैछन् भनिएको छ। यसबाट अन्तर्राष्ट्रिय क्षेत्र दुवै पक्षबाट भएका क्रियाकलापहरुका कारण चिन्तित भएको प्रष्ट हुन्छ।

केही समयअघि नेपाल भ्रमणमा रहेकी दक्षिण एसियाली मामिलासम्बन्धी अमेरिकी सहायक विदेशमन्त्री क्रिस्टिना रक्काले नेपालमा बिग्रँदो मानवअधिकार स्थितिप्रति चिन्ता व्यक्त गर्दै त्यसप्रति संवेदनशील हुन सम्बन्धित पक्षहरुलाई आग्रह गरेकी थिइन्। आपसी सहयोगलाई निरन्तरता दिने विषयमा मानवअधिकार उल्लंघनका घटनाहरुको मूल्यांकन हुने रक्काले जनाउ दिएकी थिइन्।

३. बालसैन्य प्रयोगप्रति राष्ट्रसंघीय चिन्ता

संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानद्वारा ०६० कार्तिक २१ गते राष्ट्रसंघको महासभा र सुरक्षापरिषदमा प्रस्तुत प्रतिवेदनमा बालबालिकालाई सेनाको रुपमा प्रयोग गर्ने राष्ट्रको सूचीमा नेपाल पनि समाविष्ट छ। प्रतिवेदनका अनुसार, विश्वका १५ भन्दा बढी देशहरुमा बालबालिकालाई सेनाको रुपमा प्रयोग गरिएको छ। हिंसाको कारण कैयन् बालबालिकाको ज्यान गइरहेको, टुहुरा बनेका, अपहरण भइरहेको, स्वास्थ्य तथा शिक्षाको आधारभूत सेवाबाट समेत वञ्चित भएको, यौनशोषण भइरहेको भावनात्मकरुपमा बालबालिकाले आफूलाई एक्लो महसुस गरिरहेको अवस्था छ।

४. गाउँ सुरक्षा बल गठनप्रति तीव्र विरोध

शाही नेपाली सेनाले माओवादी प्रतिकारका लागि सर्वसाधारणलाई हतियार दिएर भिलेज डिफेन्स फोर्स (गाउँ सुरक्षा बल) गठन गर्न थालेको छ। यसक्रममा नमूनाका रुपमा इलाम जिल्लाको बाँजो गाविसस्थित लारुम्बामा सेनाकै अगुवाईमा यस्तो बल गठन भइसकेको छ। त्यसमा संलग्न ३० युवालाई हतियार दिएर सुरक्षा तालिम दिन थालेको बताइएको छ। सरकारले आवश्यकता अनुसार अधिराज्यका सबै गाउँ र टोलमा यस्तो बल गठन गर्ने कुरा सार्वजनिक गरिसकेको छ। यसअघि प्रधानमन्त्री सूर्यबहादुर थापाले ०६० कार्तिक १८ गते सरकारको भावी लक्ष्य, रणनीति तथा कार्ययोजना सार्वजनिक गर्ने क्रममा "ग्रामीण स्वयंसेवक सुरक्षा समूह एवम् शान्ति सुव्यवस्था समिति" गठनको घोषणा गर्नुभएको थियो। त्यसैगरी श्री ५ को सरकारका प्रवक्ता रहनु भएका स्थानीय विकास एवम् सञ्चारमन्त्री कमल थापाले ०६० कार्तिक ७ गते कपिलवस्तु जिल्लाको धन्कौली गाविस-२ को मलवा गाउँमा आयोजित एक कार्यक्रममा माओवादीको प्रतिकार गर्ने जनतालाई सरकारले आवश्यक हतियार, तालिम र संरक्षण दिने बताउनु भएको थियो।

तर, के यसले समस्याको समाधान हुन सक्छ? के यो उपयुक्त तरिका हो? वास्तवमा यस्तो कार्यले सामाजिक हिंसा बढाउने र मानवअधिकारको हननलाई संस्थागत बनाउने सिवाय अन्य उपलब्धी हासिल हुन सक्दैन। अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एमनेष्टी इन्टरनेशनलले यस्तो घोषणाबाट सर्वसाधारणलाई गम्भीर खतरामा पार्ने टिप्पणी गर्दै "सर्वसाधारणलाई द्वन्द्वमा होम्ने सरकारी योजना" भनी तीव्र आपत्ति प्रकट गरिसकेको छ। एमनेष्टीले यस्तो समूह मानवअधिकार उल्लंघन र दण्डहीनताको स्थितिको कारक बन्न सक्ने खतरा औंल्याउँदै राज्यले सधैं नागरिक र लडाकूलाई अलग राख्नुपर्ने जेनेभा महासन्धिको मर्म र भावनाको सम्मान गर्न आग्रह गरेको छ। ग्वाटेमालामा गठन गरिएका यस्तै प्रकृतिका समूहहरु सन् १९८० को दशकमा "नागरिक सुरक्षा गस्ती" को नाममा देखिएको र तिनीहरु व्यापक मानवअधिकार उल्लंघनका कारक बनेको उदाहरण पनि एमनेष्टीले दिएको छ। ०६० कार्तिक २५ गते नेपालका प्रधानमन्त्रीलाई लेखेको पत्रमा एमनेष्टीले भनेको छ- "यस किसिमका समूहहरुको गठनले द्वन्द्वका बेला राज्यले सधैं नागरिक र लडाकुलाई अलग राख्नुपर्ने सन् १९४९ को जेनेभा सन्धिको मर्म र भावनाअनुसारको दायित्वलाई असर पार्नेछ।"

एसियाली मानवअधिकार केन्द्र (एसीएचआर) ले गाउँ सुरक्षा बलको गठनप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै यस्तो सुरक्षा बल विघटन गर्न र

"यस्तो सुरक्षा बलको गठन ल्याटिन अमेरिकाको चरम मानवअधिकार उल्लंघनको इतिहासको नेपाली संस्करणमा पुनर्लेखन गर्ने प्रयत्न सिवाय अरु केही होइन। कोलम्बिया र ग्वाटेमालामा गठन गरिएका यस्तैखाले बलहरु विद्रोहको प्रतिकार गर्न असफल भएको र व्यापक मानवअधिकार उल्लंघनका लागि जिम्मेवार भएको उदाहरण प्रस्तुत गर्दै विज्ञप्तिमा भनिएको छ- यस्तो बल गठन देशलाई गृहयुद्धमा धकेल्ने ठोस कदम हो।"

समस्याको राजनीतिक समाधान खोज्न आग्रह गरेको छ। केन्द्रद्वारा ०६० मंसिर १७ गते जारी विज्ञप्तिमा भनिएको छ- "यस्तो सुरक्षा बलको गठन ल्याटिन अमेरिकाको चरम मानवअधिकार उल्लंघनको इतिहासको नेपाली संस्करणमा पुनर्लेखन गर्ने प्रयत्न सिवाय अरु केही होइन।" कोलम्बिया र ग्वाटेमालामा गठन गरिएका यस्तैखाले बलहरु विद्रोहको प्रतिकार गर्न असफल भएको र व्यापक मानवअधिकार उल्लंघनका लागि जिम्मेवार भएको उदाहरण प्रस्तुत गर्दै विज्ञप्तिमा भनिएको छ- "यस्तो बल गठन देशलाई गृहयुद्धमा धकेल्ने ठोस कदम हो।" त्यसैगरी आईसीजेका कानुनी सल्लाहकार इएन सेइडरम्यानले यस्तो कार्यले मानवअधिकारमाथि डरलाग्दो घातक प्रभाव पार्ने बताएका छन्। इन्टरनेशनल क्राइसिस ग्रुप (आईसीजी) ले पनि गाउँ सुरक्षा बल गठनप्रति टिप्पणी गर्दै यस्ता समितिले "विपत्ति" निम्त्याउने ठहर गरेको छ।

५. आर्थिक सहयोगमाथि प्रश्न

नेपालको एक प्रमुख दातृ संस्था, एसियाली विकास बैंक (एडीबी) ले युद्धविराम भंग भएयता मुलुकको सुरक्षा स्थिति खल्बलिएको र यसले विकास निर्माण गतिविधि शिथिल भई आर्थिक विकास प्रभावित हुनपुगेको उल्लेख गरेको छ। विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सुरक्षाको प्रत्याभूति हुनुपर्नेमा एडीबीले जोड दिएको छ।

अर्कातर्फ, नेपालको विकास कार्यक्रममा लामो समयदेखि सहयोग गर्दै आएका प्रमुख दाताहरुले नेपालको प्रजातान्त्रिक शून्यता, संवैधानिक संकट र मानवअधिकारको दयनीय अवस्थाप्रति चासो देखाउँदै सहयोगका लागि विभिन्न शर्तहरु अगाडि सारेका छन्। जर्मनी, नर्वे, बेलायत, डेनमार्क, फ्रान्स, स्वीट्जरल्याण्ड, नेदरल्याण्ड र क्यानाडाले नेपालमा प्रजातान्त्रिक पद्धतिको पुनर्स्थापनामा जोड दिँदै विद्यमान अवस्थामा सुधारको अवसर दिई ऋण सहयोग अनुमोदन गरेका छन्। यस्तो अवसरको अवधिमा राज्य पक्षले आफूमा सुधार ल्याउनु जरुरी छ र मानवअधिकार, प्रजातन्त्र र सुशासनको प्रत्याभूति दिनु पर्दछ। अर्कातर्फ, माओवादी पक्षले संरचना ध्वस्त पार्ने र निर्दोषहरुलाई शिकार बनाउनेजस्तो गैरजिम्मेवार प्रवृत्ति अन्त्य गर्नु पर्दछ। अन्यथा, नेपालको विकास कार्यक्रमहरुको असफलताको श्रृंखलामा विदेशी सहयोग ठप्प हुँदा कस्तो भयावह सृजना होला र विकासविनाको विनासले मुलुकलाई कुन खण्डहरसम्म धकेल्ला ? अनुमान गर्न सकिन्छ।

६. मानवअधिकार स्थितिको अन्तर्राष्ट्रिय अनुगमनमा जोड

देशमा बढ्दै गइरहेको मानवअधिकार उल्लंघनको स्थितिप्रति विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरुले चासो देखाउँदै यहाँको मानवअधिकार स्थितिबारे अन्तर्राष्ट्रिय अनुगमन गरिनुपर्ने कुरामा जोड दिएका छन्। यसरी जोड दिने संस्थाहरुमा एमनेष्टी इन्टरनेशनल, एशोसिएसन फर दी प्रिभेन्सन अफ टर्चर, ह्युमन राइट्स वाच, इन्टरनेशनल कमिसन अफ जुरिस्ट्स (आईसीजे), इन्टरनेशनल फेडरेसन अफ ह्युमन राइट्स, वर्ल्ड अर्गनाइजेशन अगेन्स्ट टर्चर र इन्टरनेशनल सर्भिस फर ह्युमन राइट्स छन्। ती संस्थाहरुले ०६० मंसिर ८ गते एक संयुक्त प्रेस विज्ञप्ति जारी गरी नेपालको राष्ट्रिय मानव अधिकार आयोग र दाता राष्ट्रका नेपालस्थित राजदुतावासहरुद्वारा मानवअधिकार अन्तर्राष्ट्रिय अनुगमनका लागि गरिएको आग्रहलाई समर्थन गरेका छन्। विज्ञप्तिमा सरकार-माओवादीबीच युद्धविराम भंग भएयता गैरकानुनी हत्या, यातना, अपहरण जस्ता घटनाहरुमा उल्लेख्य बृद्धि भएको र सैनिक अधिकारीहरु सर्वोच्च अदालतको आदेशसमेत बुझ्न नमानिरहेको उल्लेख गर्दै नागरिकहरुलाई सैनिक ब्यारेकहरुमा थुनिएको जनाइएको छ।

यसअघि, ०६० मंसिर २ गते विभिन्न अन्तर्राष्ट्रिय दातृ संस्था तथा विभिन्न देशका काठमाडौंस्थित राजदुतावासहरुले सरकार र माओवादी दुवै पक्षले मानवअधिकार सम्झौतामा हस्ताक्षर गर्नुपर्ने आग्रह गर्दै देशको गिर्दो मानवअधिकार अवस्थाबारे चिन्ता प्रकट गरेका थिए। त्यसरी चिन्ता प्रकट गर्नेहरुमा काठमाडौंस्थित क्यानडेली, फ्रान्सेली, डेनिस, बेलायती र नर्वेली राजदुतावास तथा जर्मन प्रविधि सहयोग संस्था (जीटीजेड), बेलायती सहयोग नियोग (डीएफआईडी), नेदरल्याण्ड विकास संस्था (एसएनभी) र विकास र सहयोगका लागि स्वीस नियोग थिए।

दुवै पक्षबाट भएका मानवअधिकार हननको स्थितिको अवलोकन गर्न संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगका विशेषज्ञहरु आमन्त्रण गर्न एमनेष्टी इन्टरनेशनलले नेपाल सरकारलाई आग्रह गरेको छ। एमनेष्टीले ०६० मंसिर ४ गते जारी गरेको प्रेस विज्ञप्तिमा नेपालमा युद्धविराम भंग र सरकार-माओवादीबीच भीडन्तको निरन्तरता भएयता स्वेच्छाचारी गिरफ्तारी, थुनुवा र बेपत्ताका घटनाहरुमा उल्लेख्य बृद्धि भएकोमा एमनेष्टीले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। राष्ट्रसंघीय मानवअधिकार आयोगका विशेषज्ञहरु प्रतिवेदकहरु बोलाई जबर्जस्ती बेपत्ता पारिएका घटनाहरुको छानबिन गर्न सो संस्थाले नेपाल सरकारसँग आफ्नो माग दोहोऱ्याएको कुरा उक्त विज्ञप्तिमा उल्लेख गरिएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले राख्दै आएको राष्ट्रसंघीय विशेषज्ञहरु बोलाउनुपर्ने मागप्रति एमनेष्टीले समर्थन जनाउँदै त्यसका लागि जोड दिएको छ। एमनेष्टीले हालैका दिनमा स्वेच्छाचारी गिरफ्तारी र बेपत्ता पारिएका घटनाहरुका सम्बन्धमा दिनहुँजसो "अर्जेन्ट एक्सन" जारी गर्दै आएको छ। यसबाट पनि बिग्रँदो मानवअधिकार स्थिति आँकलन गर्न सकिन्छ।

७. निष्कर्ष

अन्तर्राष्ट्रिय क्षेत्रबाट विभिन्न सवालमा सरोकार देखाइँदा राज्य संचालनको प्रमुख जिम्मेवारी सम्हालेको सरकार गम्भीर हुनुपर्ने हो। तर, सरकार यसतर्फ अग्रसर भएको देखिँदैन। बरु, मानवअधिकार र नागरिक शासनविरोधी कदमहरुलाई निरन्तरता दिइएको छ। युनिफाइड कमाण्डको घोषणा, गाउँ सुरक्षा बल गठन, गैरन्यायिक हत्या, स्वेच्छाचारी गिरफ्तारी, थुना र बेपत्ता पार्ने श्रृंखला जस्ता गतिविधिहरुले समस्याको शान्तिपूर्ण निकासमा तगाराको काम गरेका छन्।

● *प्रकाश ज्ञवाली*

मुक्त कमैया पुन: कमैया बस्न वाध्य

बाँके/सरकारले ०५७ साउन २ गते कमैया मुक्तिको घोषणा गरेता पनि उनीहरु पुन: कमैया नै बस्न वाध्य भएका छन्। कमैया मुक्तिको साढे तीन वर्ष बितिसक्दा पनि मुक्त कमैयाका समस्या जटिल हुँदै गएका छन्। श्री ५ को सरकारले पनि मुक्त कमैयाहरुलाई ५ कठ्ठा जग्गा दिने घोषणा गरेता समेत अधिकांश मुक्त कमैयाहरुको पहिचान पनि हुन नसकेको र जग्गा पनि [illegible]एको स्थिति छ। मुक्त कमैयाहरुको पहिचान पनि हुन नसकेको र पहिचान भए पनि जग्गा नपाएको अधिकांश मुक्त कमैयाहरुको गुनासो छ।

"मुक्तिको घोषणा भए पनि फेरि कमैया बस्न वाध्य छु किनभने मेरो एक कठ्ठा पनि जग्गा छैन। बस्ने घर पनि छैन। जंहान-परिवार पाल्नको लागि कुनै रोजगारी पनि छैन।" शम्शेरगञ्ज गाविसका कमैया हरिराम चौधरी भन्छन्। मंजदुरी गर्नका लागि पनि दिनदिनै काम नपाइने, काम खोज्न आफ्नो परिवारलाई छोडेर गाउँदेखि टाढा-टाढासम्म जानुपर्ने तर किसानको घरमा कमैया बसेपछि जहान-परिवारसँग सँगै खान-बस्न पाइने कुरा हरेराम बताउँछन्। यदि श्री ५ को सरकारले जग्गा दिएमा कमैया बस्नुहुन्छ कि हुँदैन भन्ने प्रश्नको जवाफमा उनी भन्छन्- "आफ्नो जग्गा भएमा कमैया बस्दिनँ। कमैया बस्दा धेरै दुःख हुन्छ। बिरामी हुँदा, चाडपर्व मनाउँदा पनि छुट्टि पाइँदैन। आफ्नो जग्गा भएमा त आफ्नो इच्छाअनुसार काम गर्न पाइन्छ।" कमैया बस्नु रहर नभई वाध्यता भएको कुरा कमैयाहरु बलिराम थारु, लौटन थारु र राममिलन थारु बताउँछन्। उनीहरु संयुक्तरुपमा भन्छन्- "यदि सरकारले हामीलाई जग्गा दिएन भने पुन: जमिन्दारको खुट्टा ढोगेर कमैया राख्नुहोस् भन्नुपर्ने अवस्था छ।"

● *सरस्वती मल्ल*

लोप हुँदैछ सखिया नाच

कैलाली/मौलिक लोक संस्कृतिको धनी थारु जातिका विभिन्न लोक नाचअन्तर्गतको प्रमुख सखिया नाचमा क्रमश: कमी आउन थालेको छ। केही वर्ष पहिले थारु बसोबास भएका क्षेत्रमा प्राय: सबै गाउँमा नाचिने यो नाच अहिले आएर एक-दुई गाउँमा मात्र नाचिने गरेपछि थारु संस्कृति र परम्पराको प्रतीक तथा थारु जातिको प्रमुख मानिने यो नाच लोप हुन थालेको छ।

विस्तारै शिक्षातर्फ तानिन थालेको थारु समाजमा छोरीलाई पनि पढाउनुपर्छ भन्ने धारणाको विकासले गर्दा र स्कूल जाने केटीहरुले नाच्नु हुँदैन भन्ने भन्ने धारणाले गर्दा पनि यो नाचमा [illegible] आएको हो। शोषित, अपहेलित थारु समाजका युवतीहरु नाचिरहेको अवस्थामा अन्य समुदायका युवाहरु आई जिस्काउने जस्ता कार्यले पनि यो नाचको कमीका लागि भूमिका खेलेको पाइन्छ। अर्कोतिर, यही समाजका केही पढे-लेखेका भनाउँदाहरुले पनि साँस्कृतिक विकासमा नलागे अरु जातिको पिछलग्गु भई नाचमा बाधा पुऱ्याउने काम गरेको पाइन्छ। ०५२ फागुन १ गतेदेखि शुरु भएको माओवादी "जनयुद्ध" र यसको नियन्त्रणका नाममा राज्य पक्षबाट भएको क्रियाकलापका कारण उत्पन्न स्थितिले गर्दा यो नाचमा निकै असर परेको छ। शिक्षा तथा आधुनिकताको दृष्टिले थारु जाति पिछडिएको भए पनि मौलिक रितिरिवाज, रहनसहन र परम्परागत लोकगीत र नृत्यमा धनी छ। तर, विद्यमान द्वन्द्वका कारण थारुहरुले साँस्कृतिक र सामाजिक अधिकारबाट वञ्चित हुनुपरेको छ।

● *फिरुलाल चौधरी*

डर

- सुधीर यादव

"ए, आमै म ठूलो भएपछि काम गर्न कतै जान्न है।"

"हुन्छ बा हुन्छ" आमाले अस्ताउँदै गरेको घामतिर हेरेर अघिल्लो दिनदेखि सुकाउन थालेको विस्कुन उठाउँदै, जवाफ दिइन्।

आमाले आफ्नो कुरालाई वास्ता नगरेको देखेर छोराले भन्यो, "साँच्ची भन्या, म ठूलो भएपछि काम गर्न जान्न। घरै बस्छु।"

"तँ जिम्वालको छोरा नाति। किन काम गर्नू?" आमा झर्किई, "दूध भात घर बसि-बसि खान पाइहाल्छस् नि।"

आमा किन रिसाइन् ? उसले बुझेन। आमा नजिकै गएर भन्यो, "साँच्ची आमा म काम गर्न जान्न। तिमी सँगै घरमै बस्छु है।"

"नकरा जा। काम न काजको के फतफत गरेको होला।"

चूपचाप एकछिन आमाको अनुहारतिर हेरेर उ आँगनसँगै जोडिएको बाटोको किनारमा उभिएर हेर्न थाल्यो। केही बेर उभिएर फर्कियो। र, आमालाई सोध्यो, "बाउ आउने बेला भएन आमा?"

"खै, तेरै बाउलाई था'होला।" आमा अँगेनामा आगो बाल्ने सुरसार गर्न थाली।

अँगेनाको छेउमा बसेर उ आमालाई नियालेर बस्यो। आमाले ताप्केमा पानी हालेर बसाई। तीन-चारवटा स-साना गोलभेँडा भुंग्रोमा हालेर छोरोतिर हेरी। छोराको टाउको सुमसुम्याउँदै सोधी, "के भयो बाबु? अघि त फतफताउँदै थिइस्। अहिले बोली समेत फुटेन।"

"ठूला मान्छे काम गर्न किन गा'का होलान्?" आमाको काखमा टाउको राख्दै उसले भन्यो, "चन्द्रेको बाउ काम गर्न नगा'को भए मर्दैन थियो हगि आमा।"

लामो सास फेरेर छोरालाई एउटा हातले अँगालो मार्दै जवाफ दिई, "काम नगरे खान पाइँदैन। खै हट् पानी उम्लियो!"

आमाले ताप्केमा अलि-अलि गरेर एउटा हातले पिठो हाल्दै अर्को हातमा पन्यू समाती।

"तिमीलाई था छ आमा? चन्द्रेको बाउ दुई थरिको चेपुवामा परेर जीउभरि गोली लागेर मरेको रै'छ। तिमीले बन्दूक देखेको छ? बन्दूकले हानेपछि जे पनि मर्छ, बाघ भालु सप्पै थोक।"

"के चाहिया-नचाहिया कुरा गर्छ यो केटो !" आमाले निभ्न लागेको भुंग्रोमाथि ताप्के राखी। ढुंग्रोले गोलभेँडा निकाल्दै भनी "तँलाई स्कूलमा पढ्न पठाउन पर्‍यो अब। पाँच वर्ष पुग्न लागिहालिस् त!"

"रेडियोले भनेको रे स्कूलमा पनि गोली हान्दा रै'छन्।" उ आमाको काखमा पल्टियो। आमाले कपाल सुमसुम्याँदा-सुमसुम्याँदै उ निदायो।

लोग्ने आएपछि उसले भनी, "अलि चाँडो घर आउनु नि। समय काल ठिक छैन।"

केही जवाफ नपाएपछि उसले छोरालाई उठाई , "ए बाबु, खान उठ्।" दुई-तीनपल्ट घचघच्याएपछि मात्र छोरो उठ्यो। लोलाएको आँखाले बाउलाई देखेर उ बाउसँग लपक्क टाँसियो र आँखा चिम्म गर्‍यो।

आमाले फेरि बोलाई, "बाबु उठ न उठ्। खान पर्छ।"

बाउलाई दुवै हातले बेस्सरी च्यापेर सानो स्वरमा उसले जवाफ दियो, "आमा मलाई भोक लागेको छैन।"

हिमानी

- बालकृष्ण कट्टेल

जिन्दावादको तुलमा
पोतिएको नाराबाट
चोरियो एउटा विश्वास
र, बेचिएछ तल्सीङ्गलाई
युद्ध जित्ने महान् आशमा !

बुनको अभावमा
अलिनिएका रोल्पालीहरू
हेलिकप्टरको आवाज सुन्दा
आफूमाथिको आकाश हेर्छन्
मुगुको डाँडापारी
बमको आवाज सुन्दा
डोल्पेलीहरू जिन्दगीको बाँकी दिन गन्छन्
युद्धको समाप्तिपछि
गालामा अलिकति खुन चढ्ने सपना बुन्छन्
तर, विश्वास हिजोआज टिमुरेकाँडा बनेको छ।

छपीयाकी छली
अधिकारको नारा लेख्दा मारिइन् रे
भकुण्डेको वृद्ध किसान
तल्सीङ्गसँग कुरा नमिल्दा
गाउँबाट नै निकालिए रे
गाईंगुईं हल्ला छ नि गाउँभरि
छेउघरको सुब्बा भाइ र
माझघरकी कुमाल बहिनीको पिरति विर्‍
गाउँ भलाद्मीले अस्वीकार गरे रे
तिमीले सुन्यौ कि, हिमानी !
भोकले आत्मसमर्पण गरेको कथा ?
प्रस्तुत भयो कि गोष्ठीमा
अधिकार हरणको कार्यपत्र ?
या, पास भयो कि महासभामा
अधिकारबन्धको अनुबन्ध ?

तिमीले भेट्यौ भने भाँत्रीकी बालाई
भिमसेनपाती ठीक छ भन्दिनु है,
जम्काभेट भए फेदङ्वासँग
गजो ठीक छ भन्दिनु है !

आउने दिनमा त्यस्ता कमजोरी देख्नु पर्दैनहोला



नेपाली काँग्रेसका नेता नरहरि आचार्य राजनीतिक क्षेत्रमा बौद्धिक व्यक्तित्वका रुपमा परिचित हुनुहुन्छ । सो पार्टीको प्रवक्ता समेत रहिसक्नु भएका आचार्यसँग मानवअधिकार सम्बन्धी विभिन्न सवालहरुमा प्रकाश ज्ञवालीद्वारा गरिएको कुराकानीको संक्षेप प्रस्तुत छ ।

सशस्त्र द्वन्द्वका कारण मानवअधिकार हननका घटनाहरु बढिरहेका छन् । यसलाई आन्दोलनरत् पाँच राजनीतिक पार्टीले उठाएको मानवअधिकारको सवालले कत्तिको सम्बोधन गरेको छ ?

यसले आधारभूतरुपमा नै सम्बोधन गर्न उत्सुक छ। मानवको बाँच्न पाउने मूल अधिकार कुण्ठित नहोस् भनेर नै माओवादीहरुले उठाएका अन्य मुद्दालाई सम्बोधन गरेर भए पनि यो हत्या, हिंसा र आतंकको श्रृंखलालाई रोक्नुपर्छ भन्ने दृष्टिकोणमा राजनीतिक पार्टीहरु पुगिराखेका छन्। माओवादी गतिविधिलाई नियन्त्रण गर्ने नाममा राज्यका तर्फबाट जनताको करबाट संचालित र संगठित सुरक्षाकर्मीहरुले पनि मानवअधिकार हनन, खासगरी बाँच्न पाउने अधिकारको हनन गर्ने प्रकृयाहरु भएको छन्, त्यस कुरामा पनि पार्टीहरु बढी गम्भीर र सतर्क भएको देखिन्छ। यो मुद्दा स्वाभाविकरुपले प्राथमिकतामा परेको छ। यस्ता किसिमका समस्याहरुलाई आधारभूतरुपले नै समाप्त गर्ने र खासगरी यस्तो अवस्था उत्पन्न हुने परिस्थितिलाई नै राजनीतिकरुपले सम्बोधन गरेर यस्तो समस्या आउन नसक्ने अवस्था बनाउनु पनि अहिले राजनीतिक पार्टीहरुको मुख्य कार्य भएको हुनाले बाँच्न पाउने अधिकारका सन्दर्भमा त स्वाभाविकरुपले पार्टीहरु सबैभन्दा बढी संवेदनशील छन्। हरेक नेपाली मरिरहेको घटना नै एउटा दुःखपूर्ण छ। व्यावहारिक वा प्राविधिक रुपले भन्ने हो भने, यो द्वन्द्वले पार्टीका कार्यकर्ताहरु, राजनीतिकर्मीहरुमाथि पनि उत्तिकै तीब्ररुपमा प्रहार भइरहेको अवस्था छ। त्यसैले, यो समस्या राजनीतिक पार्टीहरुको आफ्नो आन्तरिक समस्या पनि बनिरहेको छ।

हामी आक्रमणको केन्द्रमा परेका छौं भन्ने आधारमा प्रतिशोधको रुपमा भन्दा पनि यसलाई आधारभूतरुपमा कसरी समाधान गर्न सकिन्छ भनेर माओवादीले उठाएका मुद्दाहरुलाई राष्ट्रले सम्बोधन गर्नुपर्दछ, र त्यो सम्बोधन गर्नका लागि अग्रसर हुनुपर्दछ भनेर नै पार्टीहरुले आफ्नो आन्दोलनको १८ बुँदे एजेण्डामा माओवादीले उठाएका विषयहरुलाई पनि सम्बोधन गर्न प्रयत्न गरेका छन्। यसको मुख्य चुरो भनेको राजनीतिक उद्देश्य हासिल गर्नका लागि हुने आन्दोलन र लडाइँमा व्यक्तिको बाँच्न पाउने अधिकार कुण्ठित नहोस् भन्ने हो।

विगतमा यी कुराहरु गरेको भए अहिलेको अवस्था आउने थिएन कि भन्नेतर्फ राजनीतिक पार्टीहरुले फर्केर हेरेका छन् कि छैनन् ?

राजनीतिक पार्टीहरुले विगतका आफ्ना क्रियाकलापहरुको समीक्षा गर्नुपर्दछ, हामी गर्छौं र गरेका छौं भन्ने निष्कर्षमा आएका छन्। खासगरी नेपाली काँग्रेसको कुरा गर्ने हो भने, यसले ०६० असार ८ र ९ गते जुन १४ बुँदे कार्यक्रम पास गरेको छ, त्यसमा विगतका कमीकमजोरीहरुको पनि गम्भीर ढंगले समीक्षा गरिएको छ। कुन-कुन कुराहरुले गर्दा हामी अहिलेको कठिनाई अगाडि आइपुग्यौं भन्ने कुराहरुको लामो समीक्षा त्यसमा भएको छ। त्यस दृष्टिबाट हेर्दा, विगतमा आफ्नो तर्फबाट भएका कमीकमजोरीहरुको समीक्षा गर्ने र त्यस आधारमा आफूलाई सच्याउँदै अगाडि बढाउने कुरामा नेपाली काँग्रेसले आफ्नो प्रकृया प्रारम्भ गरिसकेको छ भन्ने लाग्छ। त्यसैले अहिलेका निमित्त हामीले कुनै कुरा अगाडि सार्दा विगतमा भएका कमजोरीहरु हाम्रो समीक्षा र पृष्ठभूमिका रुपमा गम्भीरतापूर्वक मूल्यांकन गर्नुपर्छ भन्ने मात्रै होइन कि गर्ने प्रकृया पनि प्रारम्भ गरेका छौं।

प्रजातन्त्र पुनर्स्थापनापछि लामो समयसम्म नेपाली काँग्रेसले नेपालको सत्ता संचालन गऱ्यो । त्यतिबेला पनि राज्यपक्षबाट मानवअधिकार उल्लंघनका घटनाहरु व्यापकरुपमा भएका थिए । पार्टीले विगतमा आफूले गरेका गल्ती कत्तिको महसूस गरेको छ ?

शाही घोषणाअघिको चरणलाई मूलतः दुईवटा सन्दर्भमा हेर्नुपर्दछ। एउटा, संकटकाल घोषणा गर्नुभन्दा अगाडिको चरण र अर्को संकटकालको चरण। संकटकाल घोषणा गर्नुभन्दा अगाडिको चरण त्यस्तो हो, जुनबेला सरकारको नीतिका कारण र सरकारको निर्णयका कारण मान्छेको बाँच्न पाउने अधिकार हनन हुने अवस्था भन्दा पनि व्यक्ति, पदाधिकारीका कमजोरीका कारण र कतिपय मानवअधिकारका पक्षमा राम्रोसँग संवेदनशील बन्न नसकेको राज्य संयन्त्रका कारण घटना भएका छन्। यी कुराहरुलाई इन्कार गर्न मिल्दैन। तर, संकटकालमा राज्यका तर्फबाट पनि केही बढी संख्यामा नै घटनाहरु भए भन्ने कुरा हाम्रा अध्ययन प्रतिवेदनहरुले देखाइरहेका छन्। नेपाली काँग्रेसले यो कुरालाई गम्भीरतापूर्वक हृदयंगम गरेपछि अब हामी संकटकालको पक्षमा बस्न सक्दैनौं र यसलाई निरन्तरता दिनुहुँदैन, राष्ट्रमा जतिसुकै कठिनाई आइपरेपनि, जतिसुकै माओवादीको सशस्त्र गतिविधिले चुनौति सृजना गरे पनि राज्यले संकटकाल घोषणा गरेर सम्पूर्ण नागरिकलाई नै अप्ठ्यारोमा पार्ने काम अब बन्द गर्नुपर्छ र यो हाम्रो मूल्यांकनबाट उपयुक्त भएन भन्ने निष्कर्षमा हामी पुगेका हौं। संकटकाल लगाउँदाखेरी संसदका एकाध पार्टीले छोडेर, प्रायः सबै प्रमुख पार्टीहरुले समर्थन गरेका थिए भने अब संकटकाल लगाउनु हुँदैन भन्ने निर्णय सबैभन्दा अगाडि गर्ने पार्टी नेपाली काँग्रेस नै थियो। हामीले पार्टीको विभाजन व्यहोर्न तयार भयौं तर संकटकाललाई निरन्तरता दिन तयार भएनौं। त्यसैले काँग्रेसले आफ्ना विगतका कमजोरीहरुलाई स्वीकार गरेन अथवा त्यसको

मूल्यांकन गरेन, त्यसप्रति एकदमै आँखा चिम्लेर अगाडि बढ्यो भन्न मिल्दैन। विगतमा गल्तीकमजोरीहरु भएहोलान्। शासनमा बसेको पार्टीले सरकारले गरेका गल्तीकमजोरीहरुको नैतिक जिम्मेवारी लिनु पनि पर्दछ। त्यस्तो जिम्मेवारी लिएकै कारण हामीले आफ्नो मूल्यांकन गर्यौं, सँगसँगै त्यसलाई सच्याउने र सुधार गर्ने ठाउँमा पनि आफूलाई पुऱ्यायौं, उभ्यायौं।

त्यो भए, काँग्रेसका तर्फबाट विगतमा भएकाजस्ता कमजोरीहरु अब देख्नु पर्दैन ?

हामी ती कमजोरीहरु फेरि नदोहोरिने गरेर आफूलाई सुधार्न तयार छौं र मलाई के विश्वास छ भने, आउने दिनमा त्यस्ता कमजोरीहरु हामीलाई देख्नु पर्दैनहोला।

राजनीतिक पार्टीहरुले आफूलाई अप्ठ्यारो परेको बेलामा मानवअधिकारको कुरा गर्दछन्, सत्तामा बसेको बेला भने आफैले यसको उल्लंघन गर्दछन् भन्ने आरोप छ । यसलाई कसरी हेर्नुभएको छ ?

राजनीतिक पार्टीहरुले होइन। सरकार भनेको मानवअधिकारलाई सीमित गर्न चाहने खालको संस्था हो। पूर्ण मानवअधिकारको प्रत्याभूति सरकार नभएको ठाउँमा मात्रै हुन्छ। आधुनिक संसारमा सरकार नभएको ठाउँको हामी कल्पना गर्न सक्दैनौं। त्यसैले, सरकार भनेको स्वाभाविकरुपले एउटा रुढीवादी संस्था हो। त्यसमा पुग्दाखेरी मान्छेका सोचाईहरु केही मात्रामा रुढीवादी भइनै हाल्छन्। जस्तोसुकै प्रगतिशील संगठनका मान्छेहरु सरकारमा पुगे भने पनि ती रुढीवादी हुन थाल्छन्। तर, त्यसलाई न्यून पार्न र उनीहरुलाई त्यस्तो दिशामा बढेको-बढ्यै गर्न नदिन लोकतान्त्रिक पद्धतिमा नियन्त्रण र सन्तुलनको व्यवस्था हुन्छ। सरकारमा पुगेका मान्छेहरु रुढीवादी होलान्, मानवअधिकारलाई सीमित गराउने कतिपय निर्णयहरु गर्लान्, त्यस्तो अवस्थामा त आवाज उठाउनुपर्छ। राजनीतिक अधिकार सँगसँगै चाहिन्छ भनेको कारण नै त्यही हो। सरकारलाई औंला ठड्याउन पाउने, त्यसलाई तुरुन्त निहुऱ्याउन पाउने नागरिकको अधिकार निर्वाध हुनुपर्छ। त्यसपछि सरकारले केही त्यस्तो गरिहाल्यो भने त्यसमाथि नियन्त्रण गर्न सजिलो हुन्छ। त्यसैले हामी न्यायपालिकाको कुरा गर्छौं, व्यवस्थापिकाको कुरा गर्छौं। अहिले आएर ती प्रकृयाहरु पनि अलि लामो हुने भए, न्यायपालिकाको प्रकृया पनि लामो भयो भनेर मानवअधिकार आयोगजस्ता आयोगहरु, अरु निकायहरु बनाउनुपर्ने कारण पनि त्यो हो।

वर्तमान द्वन्द्वको अध्ययन गर्न विभिन्न पार्टीगत र सरकारी तवरमा आयोगहरु गठन भएका थिए । तिनले दिएका सुझावहरु र कार्यान्वयन पक्षलाई कसरी मूल्यांकन गर्नुभएको छ ?

आयोगहरुले दिएका प्रतिवेदनहरुलाई सरकारले राम्रोसँग कार्यान्वयन गरेनजस्तो लाग्छ। प्रतिवेदनहरु राम्रैसँग आएका थिए। जस्तो शुरुमा धामी आयोगले दिएको प्रतिवेदन पनि राम्रो थियो, मैले त्यसको पनि राम्रैसँग अध्ययन गरेको छु। त्यसबेला माओवादीहरुको सशस्त्र विद्रोह प्रारम्भिक चरणमै थियो। उक्त प्रतिवेदन राम्रोसँग प्रयोग भएन। त्यसपछि नेपाली काँग्रेसले आफ्नो तर्फबाट पनि प्रतिवेदन बनाएर तत्कालीन सरकारसमक्ष र सरकारले बनाएको आयोगसमक्ष पार्टीको तर्फबाट संक्षिप्त प्रतिवेदन र मूल्यांकन गरेका थियौं। त्यसमा पनि सुधार गर्नुपर्ने, सच्याउनुपर्ने विषयहरु अगाडि सारिएको थियो। ती सबै कुराहरुकै आधारमा नेपाली काँग्रेसकै सरकार रहँदा शेरबहादुरजीको नेतृत्वमा अर्को आयोग बनेर प्रतिवेदन बन्यो। त्यो आयोगले स्थलगतरुपले अध्ययन नगरेता पनि दिएका सुझावहरु राजनीतिक ढंगबाट महत्वपूर्ण नै थिए। त्यसपछि ती सुझावहरु लागू गर्नुपर्ने सन्दर्भमा स्वयम् शेरबहादुरजी प्रधानमन्त्री भइसकेपछि वार्ताको प्रारम्भ पनि भएको थियो। तर, पछि त्यो वार्ता खण्डित भयो र मुलुकले संकटकाल, सैनिक माध्यमबाट समाधान गर्ने बाटो समात्यो। यसका निमित्त त्यसबेलाको सरकारमात्रै भन्दा पनि माओवादीको अधैर्य र वार्ताप्रति उनीहरुमा रहेको इमान्दारिताको कमी पनि एउटा मुख्य कारण बनेको थियो।

अहिले राजनीतिक, समय र कालले पनि परिस्थिति अलि अगाडि बढिसकेको छ। त्यसैले समस्याको समाधानमा माओवादीहरुले पनि आफ्ना प्राथमिकताहरु र जोडहरु अलि भिन्दै ढंगबाट अगाडि सारिरहेको अवस्था छ। तसर्थ, समस्यालाई मुख्यतया दुईवटा सन्दर्भमा हेर्नुपर्दछ। एउटा, मानवअधिकार उल्लंघनका घटनालाई सबैले तत्काल रोक्नुपर्छ। जसको हातमा हतियार छैन, जो हतियार लिएर अगाडि सरेका छैनन्, ती मानिसहरु द्वन्द्वको निशाना नबनुन्, कुनै पनि बहानामा उनीहरुमाथि कसैले हतियार प्रयोग नगरोस् भन्ने सबैभन्दा पहिलो प्राथमिकता हुनुपर्छ। त्यसैगरी राजनीतिकरुपले यसको समाधान कसरी गर्ने भन्ने विषयमा राजनीतिक मुद्दालाई राम्ररी केलाएर त्यसखालको बाटो समात्नुपर्छ। मानवअधिकारलाई केन्द्रमा राखेर अहिलेको समस्यालाई हेर्नुपर्छ। अहिलेको समस्या दीर्घकालीनरुपमा टुङ्ग्याउन राजनीतिक समाधान खोज्नैपर्छ। र, राजनीतिक समाधान खोज्नका लागि नेपाली जनताको निर्णय र अभिरुचीलाई केन्द्र बनाउनै पर्दछ।

यसका लागि संयन्त्र के होला त ?

विषयगतरुपले त धेरै कुराहरु छन् तर प्रकृयागत कुराहरुले हामीसँग साढै धेरै विकल्पहरु छैनन्। एउटा विकल्प हो- राजनीतिक, संवैधानिक सुधारका निमित्त संसदले अग्रसरता लिने। तर, दूर्भाग्यवश हाम्रो अगाडि अहिले संसद छैन। यसको तात्पर्य जनताका प्रतिनिधिहरुमार्फत् समस्यालाई टुङ्ग्याउने भन्ने हो। टुङ्ग्याउनका लागि संवैधानिक विकास र सुधारका निमित्त सबैको सहमति हुन्छ र निर्विघ्नतापूर्वक जनताको स्वविवेकको निर्णयद्वारा निष्कर्षमा पुऱ्याउने वातावरण बनाउनेतर्फ हामी सफल हुन्छौं भने, अबको संवैधानिक विकासमा जनताले प्रत्यक्षरुपले सहभागी हुन पाउनुपर्छ। त्यसका निमित्त संविधान सभा एउटा विकल्प छ। उ[illegible] खालको, कम खतरायुक्त अरु विकल्प आउँछ भने त्यसमा विचार गर्न नसकिने भन्ने होइन। त्यस्तो विकल्प नआएको खण्डमा संविधान सभाको विकल्पलाई उपयोगी र खतराशून्य बनाउन अर्थात् खासगरी जनताको आकांक्षा राम्रोसँग प्रतिविम्बित हुने प्रकृयाका रुपमा विकसित गर्नका लागि के-के पूर्वाधारहरु तयार गर्नुपर्छ? ती पूर्वाधारहरुमा छलफल गरेर एउटा निष्कर्षमा पुग्नुपर्छ। त्यसनिमित्त संभवत: अब जनताको शासनलाई संगठित ढंगबाट स्थापित गर्न संविधान सभाबाहेक अरु विकल्प मैलेचाहिँ देखिरहेको छैन। यो भन्दा उपयुक्त र कम खतरापूर्ण विकल्पहरु आउँछन् भने त्यसका लागि पनि दिमाग खुला राख्नुपर्छ भन्ने मान्दछु र आफू पनि त्यसका निमित्त खुला छु। तर, मेरो प्राथमिकता संविधान सभापट्टि छ।

संविधानमा जनताका राजनीतिक अधिकारका साथै सामाजिक, आ[illegible] साँस्कृतिक अधिकारहरुको पनि स्पष्ट व्यवस्था गर्न कत्तिको आवश्यक देख्नु भएको छ ?

मुख्य कुरा के छ भने, सहीरुपमा र राम्रोसँग अभ्यास गर्न सकिने गरेर राजनीतिक अधिकार संविधानमा स्थापित भयो भने अरु अधिकारहरु हासिल गर्न कठिनाई हुँदैन। ०४७ को संविधानमा सबै राजनीतिक अधिकारहरु पनि राम्रोसँग स्थापित गर्न सकेनौं। त्यसले ग[illegible] समस्या भएको हो। वास्तवमा राजनीति[illegible] अधिकार र अरु साँस्कृतिक, सामाजि[illegible] अधिकारहरु अलग-अलग स्थापित गर्ने भन्ने कुरै होइन। र, सही ढंगबाट राजनीतिक, संवैधानिक अधिकार स्थापित भयो भने ती सबै अधिकारहरु प्राप्त गर्न कुनै कठिनाई नै हुँदैन।

●

दहेज परथा के समापत् करू !
बेटीकs पढालिखाकs अपने पैर पर खडा कराऊ !

दाइजो प्रथाको अन्त्य गरौं !
छोरीलाई शिक्षा दिई आत्मनिर्भर बनाऔं !

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्यूचाटार
पोष्ट बक्स नं. २७२६, काठमाण्डौ, फोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१
e-mail : insec@insec.org.np. Web-site : www.insec.org.np

सहयोग
The Asia Foundation

का. जि. का. द. न. २१/४९/५०

के तपाई
मानवअधिकारप्रति रुची राख्नुहुन्छ ?

मानवअधिकारका विविध सवालहरु समेटेर
तयार पारिएको
मानवअधिकार शिक्षा कार्यक्रम

हरेक शनिबार बिहान ८:३५ बजे
रेडियो नेपालबाट प्रशारण गरिन्छ ।

सुन्न नभुलौं ।

यो कार्यक्रम इन्टरनेट मार्फत् पनि
सुन्न सक्नुहुने छ ।

हाम्रो ठेगाना :
www.insec.org.np

BY AIRMAIL